
# पूर्णिमा

७ पूर्णाङ्क

संशोधनमण्डल

* इतिहास–प्रधान
* त्रैमासिक पत्रिका



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—*बापूदेव शास्त्री*

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

२ वर्ष

३ अङ्क

[ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]


*सम्पादक—*
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

*प्रकाशक–*
भोलानाथ पौडेल
( संशोधन—मण्डलद्वारा )

*प्रबन्धक–*
धनवज्र वज्राचार्य

*सहयोगीहरू—*
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय | —नयराज पन्त | १–७ |
| २. | साँगाको अंशुवर्माको शिलालेख | —गौतमवज्र वज्राचार्य | ७–११ |
| ३. | शक्तिशाली भारदार रामवर्द्धनहरू र तात्कालिक नेपाल | —धनवज्र वज्राचार्य | १२–३६ |
| ४. | यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू | —शङ्करमान राजवंशी | ३६–४३ |
| ५. | स्नेहमण्डप | —भोलानाथ पौडेल | ४४–५० |
| ६. | पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ५०–६१ |
| ७. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे | —दिनेशराज पन्त | ६१–७४ |
| ८. | नेपाल–अंग्रेज–युद्धको दोस्रो चरण | —महेशराज पन्त | ७४–८० |


## (गणितविषयक निबन्ध)


| | | | |
|---|---|---|---|
| ९. | त्रिकोणमिति (ज्योत्पत्ति) | —नयराज पन्त | ८१–९१ |
| | हाम्रो वक्तव्य | | ९५–९८ |

# लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय

—नयराज पन्त

पूर्णिमाको चारौं अङ्कमा हामीले लिच्छविकालका केही अङ्कलाई चिनेका थियौं । लिच्छविकालका अभिलेखका श्लोकका समाप्तिमा दिइएका चिह्न तथा संख्यालाई बुझाउने चिह्न र पद पनि भएका अभिलेखबाट हामीले त्यहाँ काम लिएका थियौं । (पूर्णिमाको ४ अङ्कको ६–१७ पृष्ठ हेर्नुहोस्) हामीले त्यहाँ चिनेका अङ्कमध्येका ५० सम्मका अङ्क तल लेखिएबमोजिमका छन् ★ ।

 एक  चाँगुको मानदेवको अभिलेखबाट

 दुइ  ”

★लिच्छवि राजाका आश्रयमा बसेका विद्वान् तथा लेखनदासहरूले लेखेका वा सारेका पुस्तक हामीले अहिलेसम्म देखेका छैनौं । लिच्छविकालका अक्षरसंग प्रायः मिल्ने अक्षर भएका ताडपत्रमा लेखिएका केही पुस्तक वीरपुस्तकालय राष्ट्रियपुस्तकालयहरूमा छन् । ती पुस्तकमध्ये केही पुस्तकमा पत्रको संख्या बुझाउन दिइएका चिह्न लिच्छविकालका अङ्कसंग प्रायः मिल्छन् । गनेर हेर्दा पत्रसंख्या थाहा पाइन्छ । ती पत्रमा लेखिएका अङ्कलाई अक्षराङ्क भन्दछन् । अक्षराङ्कलाई केही मानिसहरू पत्राङ्क पनि भन्दछन् ।

लिच्छविकालभन्दा पछिका राजाहरूका आश्रयमा बसेका केही विद्वान् तथा लेखनदासहरूले सारेका ताडपत्रका पुस्तकहरू वीरपुस्तकालय राष्ट्रियपुस्तकालयहरूमा छन् । तिनमा पत्रको संख्या बुझाउन दिइएका चिह्नहरू लिच्छविकालका अङ्कसंग प्रायः मिल्दछन् । कुनै कुनै पुस्तकमा त लिच्छविकालका ढङ्गका अङ्क र वर्तमान ढङ्गका अङ्क पनि एकै पत्रमा दिइएका छन् ।

यी दुइ प्रकारका पुस्तकबाट लिच्छविकालका अङ्क चिन्न सहायता हुन्छ । ती पुस्तकबाट पनि यहाँ ठाउँ ठाउँमा सहायता लिइएको छ ।



तीन चाँगुको मानदेवको अभिलेखबाट



चार सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेखबाट



पाँच "



छ "



सात चाँगुको मानदेवको अभिलेखबाट



आठ "




नौ "


दश  चाँगुको मानदेवको अभिलेखबाट


प॰  ”


सोह्र  ”


सत्र  ”


तीस  देउपाटनको प्रभुसङ्घको अभिलेखबाट



चालीस  ”


पचास ×  ”

---

× पाटन चपटोलको मृगिनीको अभिलेखमा भने  पचास यस्तो छ ।

बुङ्मतीको अंशुवर्माको अभिलेखमा

संवत्  ज्येष्ठशुक्लदशम्याम्

यहाँ दायाँतिरको अङ्क नौ हो भन्ने कुरो माथि दिइएको अङ्कको प्रतिलिपिबाट स्पष्ट हुन्छ। बायाँतिरको अङ्कचाहिं बीस हो*। यस कारण

---

* ताडपत्रमा लेखिएका पुस्तकमा बीसको अङ्क  यस्तो छ।

(१) वीरपुस्तकालयको पहिला नं १६४७ मा रहेको लङ्कावतारनामक ताडपत्रको पुस्तकमा बीसौं पत्रको चिह्न यस्तै छ।

यो पुस्तकका पत्रका दुवैतिर अक्षर लेखिएका छन्। प्रत्येक पत्रको एकातिर पत्रसंख्या लेखिएको छ। गनेर हेर्दा पत्रसंख्या थाहा पाइन्छ। यस ग्रन्थमा जम्मा २४ पत्र छन्। यस कारण यस ग्रन्थबाट २४ सम्मका अङ्क चिनिन्छन्। यहाँ उद्धरण गरिएको चिह्न बीसौं पत्रको हो। सो पुस्तकको अन्तिम वाक्य यस्तो छ–

"सम्वत् २८ कार्तिककृष्णदिवाष्टम्याम्॥ सर्वेषु तन्त्रेषु मुद्धृतं सारं लङ्कावतारपुस्तकमिति ॥"

[ने. सं. (?) २८ (वि. सं. ९६४?) कार्तिक कृष्ण अष्टमीको दिन सबै तन्त्रबाट सार झिकी बनाइएको लङ्कावतार पुस्तक सारी सिद्धियो।]

(२) वीरपुस्तकालयको तेस्रा नं. ३५९ मा रहेको उष्णीषविजयनामधारणीनामक ताडपत्रको पुस्तकमा पनि बीसौं पत्रको चिह्न यस्तै छ। यस ग्रन्थमा ५६ पत्र छन्। सो पुस्तकको अन्तिम वाक्य यस्तो छ–

"सर्वगतिपरिसोधनी उष्णीषविजयो नाम धारणी समाप्ताः॥

... ... ... सम्वत् ८८ वैशाखशुक्लपञ्चम्यां लिखितमिति ॥"

[सर्वगतिपरिशोधनी उष्णीषविजयनामधारणी पुस्तक सिद्धियो। ने. सं. (?) ८८ (वि. सं. १०२५?) वैशाख शुक्ल पञ्चमीमा सारी सिद्धियो।]

(३) वीरपुस्तकालयको चौथा नं. ३१८ मा रहेको क्रियासंग्रहनामक ताडपत्रको पुस्तकमा पनि बीसौं पत्रको चिह्न यस्तै छ। यस ग्रन्थमा १४६ पत्र छन्। सो पुस्तकको अन्तिम वाक्य यस्तो छ–

"इति महापण्डित निःसंगाचार्यः श्रीकुलदत्तविरचिता क्रियासङ्ग्रहनाम पञ्जिका ऽष्टमप्रकरणं समाप्तः। सम्वत् ३३७ ज्येष्ठशुक्लपूर्णमास्यां सोमदिने। श्रीराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमत्अभयमल्लदेवस्य विजयराज्ये लिखितमिति"

यो संवत्को अङ्क नवविंशति = २९ हो+ भन्ने स्पष्ट छ ।

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा

संवत्  ज्येष्ठशुक्लषष्ठचाम् यो संवत्को अङ्क त्रिंशत् ३० हो ।

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा

सवत्  आषाढशुक्लत्रयोदश्याम् यहाँ दायाँतिरको अङ्क दुइ, बायाँतिरको अङ्क तीस हो । यस कारण यो संवत्को अङ्क द्वात्रिंशत् = ३२ हो ।

साँगाको अंशुवर्माको अभिलेखमा

संवत्  भाद्रपदशुक्लदिवा  यहाँ संवत्को अङ्क द्वात्रिंशत् = ३२ हो । तिथिको अङ्क एक हो अर्थात् प्रतिपदा तिथि हो ।

---

[महापण्डित निःसङ्गाचार्य श्रीकुलदत्तले बनाएको क्रियासङ्ग्रहनामक पञ्जिकाको आठौं प्रकरण सिद्धियो । ने. सं. ३३७ (वि. सं. १२७४) ज्येष्ठ शुक्ल पूर्णिमा सोमवार । महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीअभयमल्लदेवको विजयराज्यमा यो सारिएको हो।]

यहाँ लेखिएका तिथि वार गणना गरी हेर्दा मिल्छन् । सो गणना यस प्रकारको छ–

ने. सं. ३३७ (वि. सं. १२७४) ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २८ | सोम | १५ | ३३ । | ३६ |

+ यो संवत्को अङ्क ३४ हो भनी भगवानलालले पढेका छन् । "ट्वेनटिथ्री इन्स्क्रिप्शन्स् फ्रम् नेपाल" (नेपालबाट ल्याइएका २३ वटा अभिलेख)को ८ पृष्ठ हेर्नुहोस् । नोलीको पुस्तकमा पनि यसलाई ३४ नै पढिएको छ । "नेपालीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारेक्टर्स्" (नेपालका गुप्ताक्षरी अभिलेखहरू) को ५४ पृष्ठ हेर्नुहोस् । परन्तु मूल शिलालेखको प्रतिलिपि तथा यी प्रमाणबाट यो सवत्को अङ्क २९ नै ठहर्दछ ।

पाटन सुनधाराको अभिलेखमा

संवत्  प्रथमपौषशुक्लद्वितीयायाम्

यहाँ दायाँतिरको अङ्क चार □ हो । बायाँतिरको अङ्क तीस हो । यस कारण यो संवत्को अङ्क चतुस्त्रिशत् = ३४ हो ।

देउपाटन गणेशस्थानको अंशुवर्माको अभिलेखमा

संवत्  वैशाखशुक्लदिवादशम्याम्


यहाँ दायाँतिरको अङ्क नौ हो । बायाँतिरको अङ्क तीस हो । यस कारण यो संवत्को अङ्क नवत्रिशत्=३९ हो।

पाटन छिन्नमस्ताको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेखमा

संवत्  कार्तिकशुक्ल 

यहाँ संवत्को दायाँतिरको अङ्क आठ हो। बायाँतिरको अङ्क चालीस हो। यस कारण यो संवत्को अङ्क अष्टचत्वारिंशत् = ४८ हो । तिथिको अङ्क दुइ हो अर्थात् द्वितीया तिथि हो ।

मालटारको ध्रुवदेव र·········को अभिलेखमा

संवत्  (मा) घकृष्णदशम्याम्

यहाँ दायाँतिरको अङ्क नौ हो । बायाँतिरको अङ्क चालीस हो । यस कारण यो संवत्को अङ्क नवचत्वारिंशत् = ४९ हो ।

---

□ माथि चर्चा गरिएको (१) लङ्कावतारनामक पुस्तकको पत्राङ्कमा चारको अङ्क यस्तो छ । 

बलम्बु महालक्ष्मीपीठको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा

संवत्  आश्वयुजशुक्लपञ्चम्याम्

यहाँ दायाँतिरको अङ्क पाँच हो।* बायाँतिरको अङ्क पचास* हो । यस कारण यो संवत्को अङ्क पञ्चपञ्चाशत् =५५ हो ।

[मेरो साथ रही मेरो इच्छा र विचारअनुसार यस निबन्धलाई तयार गर्ने काममा सहायता गर्ने नानी शङ्करमान राजवंशी धन्यवादका पात्र छन् ।]

# साँगाको अंशुवर्माको शिलालेख

*—गौतमवज्र वज्राचार्य*



आफ्ना कृति चिरस्थायी होऊन्, आफूले बनाएका नियम कानून धेरै कालसम्म चलिरहून् भन्ने मानिसको स्वाभाविक इच्छा हुन्छ । यस कारण धेरै पहिलेदेखि मानिसले ढुङ्गामा आफ्ना कुरा कुँदाएर गएका उदाहरण संसारका अनेक भागमा पाइन्छन् ।

नेपालमा पाइएका यस्ता शिलालेखमा लुम्बिनी र कपिलवास्तुका अशोकका स्तम्भलेख पहिला हुन् । नेपाल–उपत्यका र त्यसको वरपरचाहिं लिच्छविकालदेखिका मात्र शिलालेख पाइएका छन् । लिच्छविहरूको शासन धेरै शताब्दीसम्म यहाँ चलेको र उनीहरूको शासन व्यवस्थित पनि हुँदा यसताकाका शिलालेख निकै पाइएका छन् तथा पाइंदै छन् । पूर्वमा पलाञ्चोक, दक्षिणमा लेले, पश्चिममा गोरखा, उत्तरमा धर्मस्थलीसम्मका प्रदेशमा लिच्छविकालका शिलालेख अहिलेसम्म पाइएका छन् । यसभन्दा परपर पनि लिच्छविकालका शिलालेख पाइने सम्भावना छ ।

लिच्छवि कालको नेपालको इतिहास तयार गर्नाका लागि यिनै शिलालेख मुख्य साधन छन् । यस कारण यी शिलालेखहरूको राम्ररी अध्ययन हुनु आवश्यक छ ।

हाम्रो यहाँ प्राचीन लिपिको अध्ययन परम्परा केही अंशमा चली नै रहेर आएको छ । यस कारण भारतमा जस्तो हाम्रो यहाँ प्राचीन लिपि त्यति दुर्बोध हुन गएको थिएन । तैपनि लिच्छविहरूले के बोलेर गएथे, के के गरेर गएथे भन्ने कुरा लिच्छविहरूको शासन समाप्त भएको केही शताब्दी-पछि हाम्रा यहाँका मानिसले बिर्सन लागेका थिए । पशुपति मन्दिर र त्यसका आसपासका क्षेत्रमा

---

* माथि चर्चा गरिएको (२) उष्णीष विजयनामधारणी नामक पुस्तकको पत्राङ्कमा पाँचको अङ्क  यस्तो छ, पचासको अङ्क  यस्तो छ ।

मात्र पनि लिच्छविहरूका धेरै शिलालेखहरू रहेका छन् । परन्तु हाम्रा वंशावलीकारसम्मले पनि लिच्छविका ती अभिलेख पढी तिनीहरूको कुरा बुझ्ने कष्ट नगरेको देखिन्छ । यसो हुँदा हाम्रा वंशावलीमा केही राजाका नामोल्लेखबाहेक लिच्छविकालका कुरा ज्यादै कम पाइन्छन् । चलतीका भाषावंशावलीकारले कति लिच्छवि राजाको नामोल्लेख गरेर पनि यिनीहरू लिच्छवि हुन् भन्नेसम्म पनि पत्तो पाएको देखिंदैन ।

यस कारण लिच्छविकालका शिलालेख पढी त्यसताकाका कुरा बुझ्ने कोशिश गरेको पहिलो समय वि. सं. १९३७ लाई मान्नुपरेको छ । यो वर्ष गुजराती पण्डित भगवानलाल इन्द्रजीले यताबाट लगी २३ वटा शिलालेख प्रकाशित गराएका थिए। यिनमा १५ वटा शिलालेख लिच्छविकालका छन् । यसको ६ वर्षपछि वि. सं. १९४३ मा विलायतका प्राध्यापक सेसिल वेण्डालले अरू चार शिलालेख प्रकाशित गराए । यसको २२ वर्षपछि वि. सं. १९६५ मा फ्रान्सका प्राध्यापक सिलभेन लेभीले २१ वटा लिच्छविकालका शिलालेख प्रकाश गराए । वीरपुस्तकालय आदिमा शिलालेखका प्रतिलिपि संग्रह गर्ने काम केही पहिलेदेखि नै भएको थियो तापनि नेपालीहरूद्वारा शिलालेखको प्रकाशन शुरू भएको वि. सं. २०१० देखि मात्र हो। संस्कृत–सन्देश, इतिहास–प्रकाश, इतिहास–संशोधन, हिमवत्संस्कृतिहरूमा १८ वटा लिच्छविकालका अभिलेख प्रकाशित भए। यसै बीच वि. सं. २०१३ मा इटालीका डा. रेनिइरो नोलीद्वारा जम्मा ९२ वटा लिच्छविकालका शिलालेख–संग्रह प्रकाश भयो । यसमा अप्रकाशित शिलालेख ४० वटा थिए[१] । वि. सं. २०१५ मा अमेरिकाका टामस ओ. ब्यालिन्जरद्वारा ५ वटा शिलालेखका चित्र प्रकाशित भए ।

वि. सं. २०१८ देखि संशोधन–मण्डलले ' अभिलेख–संग्रह ' प्रकाशित गऱ्यो । १,५,९, यी तीन भाग अभिलेख–संग्रहमा गरी ३० वटा लिच्छविकालका अभिलेख हामीले प्रकाशित गरेका छौं । ' पूर्णिमा ' ५ अङ्कमा पनि तीनवटा लिच्छविकालका शिलालेख प्रकाशित गरेका छौं ।

यसरी वि. सं. १९३७ देखि शुरू भएको यो कार्यलाई अघि बढाउँदै लैजानुपरेको छ । नयाँ नयाँ शिलालेखको खोजीका साथसाथै पहिले प्रकाशमा आइसकेका शिलालेखमा पनि दृष्टि दिनु आवश्यक हुन्छ। धेरै पुराना हुनाले र सुरक्षाको प्रबन्ध नहुनाले लिच्छविकालका शिलालेख प्रायः खिइएका अवस्थामा पाइन्छन् । कति त फुटेका हुन्छन् । फुटेका ठाउँको पाठ पढ्नु त असम्भव छ। तर खिइएका भाग बढी परिश्रम गर्दा अझ बढी पढ्न सकिने हुन्छ । फेरि कति ठाउँमा स्पष्ट भागमा भ्रमवश एक थोकको अर्को थोक पाठ पढिएको हुन्छ। पढ्न सकिने ठाउँमा पनि अशक्तिवश त्यसै छोडिएको हुन्छ। यस कारण परिश्रमसाथ मूलबाटै पढी यस्ता कमजोरी सकभर हटाउनुपरेको छ । यसबाट हामी बढी कुरा बुझ्न सक्ने हुन्छौं ।

काठमाडौंबाट ५ कोशजति, भादगाउँबाट दुइ कोशजति पर पूर्व दक्षिणतिर साँगामा अंशुवर्माको एउटा शिलालेख छ। साँगाको बजारभन्दा पूर्वतिर अलिकता पर खेतमा, कोदारी राजमार्गको वायाँपट्टि छेवैमा सो शिलालेख रहेको छ ।

---

१ विशेष विवरणको लागि अभिलेख–संग्रह पहिलो भागको 'वक्तव्य' हेर्नुहोस् ।

साँगाको अंशुवर्माको सो शिलालेख सबभन्दा पहिले लेभीद्वारा १५ संख्याको रूपमा प्रकाशित भएको थियो। त्यसमा अलिकता सच्याएर नोलीद्वारा फेरि त्यो शिलालेख ३७ संख्याको रूपमा प्रकाशित भयो। तैपनि त्यसको पढन सकिने जम्मै भाग पढिएको छैन। त्यस शिलालेखमा उठानमा महादेवको वर्णन गरी एक श्लोक कुँदिएको छ। छेउमा ज्यादै खिइएका दुइचार अक्षर-बाहेक सो जम्मै पढ्न सकिने छ। लिच्छविकालको संस्कृत साहित्यको उत्कृष्ट पद्यको नमूनाको रूपमा लिन सकिने सो छ। परन्तु लेभी र नोली दुवैले त्यो पढ्न सकेका थिएनन्। अहिले सो दुइचार अक्षरबाहेक जम्मै पढ्न सकिएको छ꙳। यस कारण साँगाको सो अभिलेख फेरि प्रकाश गर्नु आवश्यक संझेको छ।

## मूलपाठ

(१) कर्णालङ्काररौद्रश्वस◎दहिपवनव्यस्तपर्यस्त(के)शं+
(२) प्रत्य↘ग्रच्छेदतापा(न्वि)तरुधिरशिरोमालभा*----(।)
(३) उच्चैर्मुक्ताट्टहासम्परिविगलद¦सृङ्नागचर्मोत्तरी(यं)
(४) पायात्तद्रूपमैशं‡ हिमगिरितनयाभीतभीतेक्षितं वः× (।।)
(५) स्वस्ति क्षितितलतिलकभूतात्कुतूहलिजनतानिमेष-
(६) नयनावलोक्यमानात्कैलासकूटभवनात्प्रजाहित-
(७) समाधानतत्परो भगवत्पशुपतिभट्टारकपादा-
(८) नुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्मा
(९) कुशली शङ्खाग्रामनिवासिनः कुटुम्बिनः प्रधानपु-
(१०) रस्सरान् कुशलमाभाष्य समाज्ञापयति विदितम्भव-
(११) तु भवतामस्माभिः हाम्हुं वस्तु÷ द्वादश तैलघटाः कूम्हुं∈

---

꙳ संशोधनमण्डलका सबै सदस्य मिली यो पाठ ठम्याइएको हो। वीरपुस्तकालयमा रहेको यस शिलालेखको प्रतिलिपिबाट पनि पाठ ठम्याउन मदत मिलेको छ।

◎लेभीः क्-- लङ्कार -- द्रेश्वर --। नोलीः -- लङ्काररौद्रेश्वर --

+लेभी, नोलीः- ----। ↘ लेभीः प्रत्य- ------। नोलीः प्रत्याश्रम् - -----

* लेभीः रुचिरोमौलभा- ी --- । नोलीः रुचिरशिरोमौलभा- ---

¦ लेभीः मुक्ताङ्कहा -- ----। नोलीः मुक्ताट्टहासा - ----

‡ लेभीः तद्रूपमे- । नोलीः तद्रूपमेषा

× लेभीः-तिता । नोलीः -तिते- --

÷ लेभीः- ---। नोलीः द्राम्हुं (वस्तु)

∈ लेभीः कूह्वम्

(१२) वस्तु¹ च पञ्च भवताम्पीडाकरमित्यवगम्य युष्मत्पी–
(१३) डापनोदार्थमद्याग्रेण प्रतिमुक्तास्तदेवमवसाय
(१४) नातः परेणैतद्वस्तु तैलञ्चस्यचिद् देयं भविष्यद्भिरपि
(१५) भूपतिभिः पूर्वराजकृतप्रसादानुवर्त्तिभिरेव भवि–
(१६) तव्यमिति स्वयमाज्ञा दूतकश्चात्र सर्वदण्डनायको
(१७) राजपुत्रविक्रमसेनः संवत् ३२ भाद्रपदशुक्लदिवा१
(१८) तैल्यशालासु करणीयं – – – – – धिकरणविर्वाज–
(१९) तानि ² ।।

## अनुवाद

[कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छयास्त्र-ब्यास्त्र भएको, भरखरै काटिएको तातातातो रगत चुहिरहेको मुण्डमाला (घाँटीमा) लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई डराईकन हेरिएको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस् ।

कल्याण होस् । पृथ्वीतलको टीका जस्तो भएको, कुरिकुरि लागेका दुनियाँहरूले आँखा झिम नगरेर हेरिएको कैलासकूट भवन (दरबार) बाट दुनियाँको हित हुने काममा लागेका भगवान् पशुपतिका पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका श्रीमहासामन्त अंशुवर्माबाट शङ्गा (साँगा) गाउँमा बस्ने गृहस्थीहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा भएको छ। तिमीहरूको दुःख बुझेर हाह्यं (?) भन्ने चीज, तेलका बाह्र घडा, कुह्यं (?) भन्ने चीज पाँच (?) तिमीहरूको सुबिधाको लागि आजदेखि छोडिदिएका छौं भन्ने कुरा तिमीहरूलाई थाहा होस् । यो कुरा बुझेर अबदेखि यी चीज र तेल कसैलाई बुझाउनुपर्दैन । पछिका राजाहरूले पनि पहिलेका राजाहरूले गरेर गएको निगाहाको ख्याल राख्नुपर्दछ । यो मेरो आफ्नै आज्ञा हो । मार्फत सर्वदण्डनायक (पुलीस विभागका उच्च अधिकारी) राजकुमार विक्रमसेन । संवत् ३२ भाद्र शुक्ल प्रतिपदा । तैल्यशाला (कोल) मा गर्नुपर्ने काम ··· ··· ··· ··· अड्डाबाट छुटाइएका छन् ।]

यस शिलालेखको उठानमा मङ्गलाचरणको रूपमा सर्पको कुण्डल तथा मुण्डमाला आदि लाएका महादेवको रौद्र रूपको 'वर्णन परेको छ। यो शिलालेख रहेको ठाउँभन्दा अलिकता

१ नोलीः च्यस्तु

२ अन्त्यका दुइ पंक्तिमा लेभीले पढेको–(१८) तस्य गण्डश्च करणीयं ।। इह शङ्गाधिकरणविजि (१९) तानि । नोलीले पढेको (१८)– – शाला सुकरणीयम्–इह–अधिकरणविभा (१९) जितानि

पर महादेवको मन्दिर छ। मन्दिरभित्र जलहरीसहितको शिवलिङ्ग छ। सो शिवलिङ्ग विकटेश्वर भनी प्रसिद्ध छ। शिवलिङ्गको आकार प्रकार हेर्दा प्राचीन मूर्ति जस्तो देखिदैन तापनि यस शिलालेखमा रौद्ररूपको महादेवको वर्णन परेको र यो ठाउँ विकटेश्वर महादेवको स्थान भनी अहिलेसम्म पनि प्रसिद्ध भएको हुँदा यहाँ लिच्छविकालमा पनि यस शिलालेखको आसपासमा यहाँ-बताएअनुसारको महादेवको मूर्ति थियो कि त भन्ने अनुमान हुन्छ।

अंशुवर्माले यो सनद शिलालेख नयाँ राजदरबार कैलासकूट भवनबाट गरिदिइएको हो। भव्य ढङ्गले बनाइएको सो राजदरबारको शोभा देखेर मानिसहरू छक्क पर्दथे। भरखरै तयार भएको हुनाले राजदरबार हेर्ने कुतूहल जनतामा अझ पनि थियो भन्ने कुरा शिलालेखमा उल्लिखित 'कुतूहलिजनतानिमेषनयनावलोक्यमान' भन्ने कैलासकूट दरबारको विशेषणबाट थाहा हुन्छ।

अंशुवर्मा पशुपतिका उपासक थिए। उनका विभिन्न अरू शिलालेखमा जस्तै यहाँ पनि उनले आफूलाई 'भगवत्पशुपतिभट्टारकपादानुध्यात:' भनी भनेका छन्।

अंशुवर्मा सोझै राज्यका हकदार पुरुष थिएनन्। आफ्नो बुद्धि चातुर्यद्वारा उनले आफ्नो अधिकार क्रमशः बढाउँदै लगेका थिए। उनका उठानका अभिलेखबाट राजा शिवदेवको साथसाथै अंशुवर्मा पनि शासकका रूपमा देखिन्छन्। तर केही समयपछि शिवदेवलाई पूर्णतया हटाएर अंशुवर्मा राज्यका सर्वाधिकारी भए। यस शिलालेखबाट पनि अंशुवर्माले आफ्नो महासामन्त भन्ने विशेषणलाई कायमै राखे तापनि राज्यको सारा अधिकार उनकै हातमा थियो भन्ने कुरा स्पष्ट झल्कन्छ।

अंशुवर्माले धेरैजसो आफ्ना अभिलेखमा दुनियाँको हित गर्नु नै शासकको मुख्य कर्तव्य हो भन्ने भावको कुरा लेखेर गएका छन्। यहां पनि उनले आफ्नो प्रशस्तिमा 'प्रजाहितसमाधानतत्पर' भन्ने विशेषण पारेका छन्। यताबाट अंशुवर्माको उच्च आदर्शको परिचय पाइन्छ।

यस शिलालेखको मुख्य विषय साँगा गाउँका बाँसिन्दाहरूले सरकारलाई बुझाउनुपर्ने तेल र अरू केही पदार्थ अबदेखि बुझाउनुपर्दैन भनी अंशुवर्माले बाँधिदिएको व्यवस्था हो। तैल्यशाला अर्थात् कोलको उल्लेख पनि यहाँ भएको छ। यताबाट लिच्छविकालमा साँगातिर तेलको व्यवसाय राम्रोसँग चलेको थियो भन्ने कुरा देखिन्छ।

लिच्छविकालका यस किसिमका सनद शिलालेखहरूमा प्रामाणिकताको लागि मुख्य शासकका भरपर्दा व्यक्ति दूतक (मार्फत) का रूपमा रहने चलन थियो। यहाँ पनि सर्वदण्डनायक अर्थात पुलीस विभागका एक जना उच्च अधिकारी राजकुमार विक्रमसेन दूतक भएर रहेका छन्। अरू अभिलेखमा पनि विक्रमसेनको उल्लेख परेको छ ‡। यी राजकुमार विक्रमसेन को हुन् भन्ने विषयमा खोजी हुन बाँकी नै छ।

यसै गरी यहाँ प्रयोग भएका हाह्यु कुह्यु आदि तात्कालिक भाषाका शब्दको अर्थ पनि विचारणीय छ।

*...*

‡ ह्युगल जैसीदेवलको अभिलेख हेर्नुहोस्।

# शक्तिशाली भारदार रामवर्द्धनहरू
# र
# तात्कालिक नेपाल

—धनवज्र वज्राचार्य

स्थितिमल्लको उदयपछि नेपाल–उपत्यकाको मध्यकालको इतिहासले नयाँ मोड लिन्छ । यस कारण नेपाल–उपत्यकाको इतिहासमा स्थितिमल्लको उदयको महत्त्वपूर्ण स्थान रहेको छ ।

स्थितिमल्लको ठूलो सफलता नेपाल–उपत्यकाको मूल (केन्द्र) को शासनलाई मजबूत पार्न सक्नु थियो । स्थितिमल्ल आउनुभन्दा पहिले नेपाल–उपत्यकाको मूल (केन्द्र) को शासन कमजोर थियो । यसो हुँदा ठाउँ ठाउँका सामन्त, क्वाठनायक (दुर्गपाल) आदि भारदारहरू आफ्नो अधिकार बढाउन दाउपेच गरिरहन्थे । बराबर आफुस आफुसमा लडाइँ–भिडाइँ पनि चलिरहन्थ्यो । भित्र कमजोरी भएको हुँदा बाहिरबाट पनि आक्रमण भइरहन्थे । स्थितिमल्लले विस्तारै धेरैजसो यी सामन्त भारदारहरूलाई कज्याए । यसैले वि. सं. १४४२ मा लेखिएको एउटा पुस्तकमा ÷ स्थितिमल्लको वर्णन यसरी गरिएको पाइन्छ—

" यस्मिन् नृपेशः स्थितिराजमल्ल :
समस्तसामन्तभुवं भुनक्ति ।"

(यस बेला राजा स्थितिराजमल्ल सारा सामन्तहरूको राज्यमा रजाइँ गरी रहनुभएको छ ।)

स्थितिमल्लले यसरी सामन्त भारादारहरूलाई कज्याएका थिए तापनि एकथरी भारादारचाहिं शक्तिशाली रूपमै कायम रहेका थिए । ती हुन् बनेपाली भारादार रामवर्द्धनहरू । स्थितिमल्लको उदय हुनुभन्दा पहिले र स्थितिमल्लको उदयपछि पनि नेपाल–उपत्यकाको राजकाजमा यी रामवर्द्धनहरूको उल्लेखनीय स्थान रह्यो । यस कारण तात्कालिक इतिहास बुझ्न यो रामवर्द्धन-परिवारप्रति दृष्टि दिनु आवश्यक छ ।

---

÷ वीरपुस्तकालयमा रहेको 'महालक्ष्मीमाहात्म्यसमुच्चय' नामको प. १६४५ संख्याको पुस्तक-बाट । यो पुस्तकको रचनाकालको उल्लेख त्यहाँ यसरी गरिएको छ—

"सम्वत्सरे भूतखपञ्चशेषे मासे शिते श्रावणजीववारे ।
पूर्व्वाधिषाढे···कामतिथौ दिनेषु सम्पूर्णमिदं शास्त्रम् "

[ने. सं. ५०५ (वि. सं. १४४२) श्रावण शुक्ल त्रयोदशी बृहस्पतिवार पूर्वाषाढानक्षत्र··· यस दिन यो शास्त्र सारिसिद्धियो ।]

(श्रीहरप्रसाद शास्त्री तथा श्रीलुशिएनो पेटेकद्वारा माथि उद्धृत यो भाग प्रकाशित भएको छ ।)

रामवर्द्धनपरिवारसम्बन्धी कुरालाई प्रकट गर्ने केही शिलालेख, हस्तलिखित पुस्तकहरू पाइएका छन् तथा गोपालराजवंशावलीमा पनि यिनीहरूका निकै कुरा परेका छन् । चीनिया वृत्तान्तमा पनि यिनीहरूको उल्लेख पाइन्छ । यी सामानको आधारमा हामी रामवर्द्धनपरिवारको विषयमा केही कुरा बुझ्न सक्छौं ।

काठमाडौं इटुंबहालको मदनरामको वि. सं. १४३९ को शिलालेख † र जयसिंहरामले लेखाएको महाभारत गदापर्व* शल्यपर्वबाट यी रामवर्द्धनहरूको वंशक्रम पत्ता लाउन निकै मद्दत पाइन्छ । तिनको आधारमा अहिले थाहा पाइएको यिनीहरूको वंशक्रम यस प्रकारको छ—

जैत्रराम
|
ज्योतिराम
|
अनेकराम + गोधनलक्ष्मी
|
जयसिंहराम — मदनराम + जैत्रलक्ष्मी
|
शक्तिसिंहराम

यी रामवर्द्धनहरू बनेपाली थिए, यिनीहरूको कुल वैश्यकुल थियो, बनेपाली राजकुलका महामन्त्रीका रूपमा यिनीहरू थिए भन्ने कुरा उपर्युक्त शिलालेखहरूबाट थाहा पाइन्छ ।

जैत्ररामबारेमा अहिले केही कुरा थाहा पाइएको छैन । ज्योतिरामचाहिं महाथ (महामन्त्री) थिए । वि. सं. १३८० मा महाथ ज्योतिरामले राजदेवसंग मिली बनेपाको किल्ला कब्जा गरेको र तिपुर (भक्तपुरको राजधानी ) मनिगल (ललितपुरको राजधानी) फर्पिङ मिली बनेपामा आक्रमण गरेको उल्लेख गोपालराजवंशावलीमा परेको छ ‡ ।

---

† सम्पूर्ण यो शिलालेख यस निबन्धको अन्त्यभागमा परिशिष्टको रूपमा दिइएको छ ।

* गदापर्व शल्यपर्वमा परेको ऐतिहासिक भाग तल आउँदैछ ।

‡ "स ४४३ भाद्रपद शुद्धि ५ व्यनेपाक्वाठ श्रीजयराजदेवस लकस जोतिराम महाथ भास्यं कायास ङावु चाल्व फनपीम्मनिगल तिपुर..."

(गो. रा. वं. ४४ पत्रबाट)

[ ने. सं. ४४३ (वि. सं. १३८०) भाद्र शुक्ल पञ्चमी श्रीजयराजदेव र लकसका ज्योतिराम महाथ भारादारले बनेपाकिल्ला कब्जा गरेकोमा फर्पिङ मनिगल तिपुरले खुलाए ( फेरि कब्जा गरे ) । ]

रुद्रमल्लको मृत्युपछि अधिकारको लागि भारादारहरूमा जुन हानथाप चल्यो, त्यस अवसरबाट रामवर्द्धनपरिवारको विशेष बल बढ्यो । त्यस वेला महाथ अनेकराम चलतापुर्जा भई निस्के । यस कारण यो विषय राम्ररी बुझ्न रुद्रमल्लको मृत्युपछि घटेका घटना केलाएर हेर्नुपरेको छ ।

युवक रुद्रमल्लले आफ्ना नातेदार अरिमल्ललाई गद्दीमा राखी सारा अधिकार आफ्नो हातमा लिई नुवाकोटसम्मका प्रदेशलाई कब्जाई शासन गरेका थिए। वि. सं. १३८३ मा तीस वर्षको उमेरमा रुद्रमल्लको मृत्यु भयो + । यसपछि नेपाल–उपत्यकाको मूल शासन फेरि कमजोर भयो । गद्दीनशीन राजा अरिमल्लले भारादारहरूलाई अंठ्याउन सकेनन् ।

यस वेला रुद्रमल्लका कुनै छोरा जीवित थिएनन् । यसैले रुद्रमल्लकी छोरी नायकदेवी उनकी उत्तराधिकारीको रूपमा थिइन् । नायकदेवीकी आमा रुद्रमल्लसंग सती गएकी हुनाले नायकदेवीको हेरचाहको काम बज्यै पदुमलदेवीले गर्न लागिन् । यस काममा देवलदेवीले पदुमलदेवीलाई सघाइदिइन् + ।

यी देवलदेवी कर्णाटवंशज तिरहुते जगत्सिंह कुमरकी आमा हुन् । यसभन्दा अगाडि देवलदेवीहरूको उल्लेख गोपालराजवंशावलीमा तथा अन्त कतै आएको थिएन । अहिले एक्कासी रुद्रमल्लको दरबार (युथनिमं–दरबार ÷)मा देवलदेवीहरूको उपस्थिति कसरी भयो भन्ने कुरा बडो विचारणीय छ । यस सम्बन्धमा विचार गर्ने सानो बाटो भेट्टाइन्छ । सिमरावन (सिम्रौन)-गढ छोडेर हरसिंहदेव पहाडतिर लाग्दा उनका साथमा उनका जहान छोराहरू मन्त्री भारदार आदि पनि थिए। दोलखातिर आउँदा तीनपाटनमा वि. सं. १३८२ माघमा हरसिंहदेवको मृत्यु भयो । उनका जहान छोराहरू मन्त्री भारादारहरू समातिए र पछि उनीहरूले शरण मागे भन्ने उल्लेख गोपालवंशावलीमा पाइन्छ ‡ । यसै प्रसङ्गमा तिरहुते देवलदेवी जगत्सिंह कुमरहरूले शरणा-

---

+ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को २३४–३५ पृष्ठ हेर्नुहोस् ।

÷ गोपालवंशावलीमा धेरै ठाउँमा यसको उल्लेख आएको छ । ५८ पत्रमा 'यिथनिमम् राजकुल ''थिती हायका = यिथनिमं राजदरबारमा धारा बनाइयो' भन्ने उल्लेख भएको छ। ४६ पत्रमा 'नायकदेवीको निमित्त दुलाहा नपाइएको' भन्नालाई 'युथनिमंस ठाकुर मदो निमित्तिन' भनिएको छ । रुद्रमल्लका बाबु तुङ्गमल्लको परिचय दिंदा ४० पत्रमा युथनिमंका भनी लेखिएको छ । जस्तै- ''स ४१७ माघ शुक्ल द्वितीया युथनिमं श्रीजयतुङ्गमलदेवस वो भोंत जयशक्ति प्वहस वो तोसन स्वंखा हाथार चलरपका वन = ने. सं. ४१७ (वि. सं. १३५३) माघ शुक्ल द्वितीया युथनिमंका श्रीजयतुङ्गमल्लदेव र बनेपाली जयशक्तिदेव स्वंखामा लड्न गए । " इत्यादि प्रमाणबाट रुद्रमल्लहरूको दरबार 'युथनिमं' भनी कहलाएको थियो भन्ने बुझिन्छ ।

‡ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को २३३-३४ पृष्ठ हेर्नुहोस् । त्यहाँ अन्तिम वाक्य ''टिंपाटस राजा हरशिहद्यो शिक्व, थ्वस कायन महाथन उभय बंधि यङा कुलनं जोङ बि फंग्व'' को अर्थ ''टिंपाटमा (तीनपाटनमा) राजा हरसिंहदेवको मृत्यु भयो । यिनका छोरा मन्त्री दुवै कैद गरिए, परिवार पनि समातियो…'' यति मात्र दिइएको छ । 'बि फंग्व' को अर्थ नलागेर त्यसै छोडिएको थियो । 'बि फंग्व' को अर्थ 'शरण मागे' भन्ने रहेछ ।

थीका रूपमा रुद्रमल्लको दरबारमा प्रवेश पाएको आभास यताबाट पर्छ। यस विषयमा निश्चित रूपमा बोल्न बढी खोजीको आवश्यकता छ।

वि. सं. १३८६ मा नायकदेवीको विवाहको लागि वरको खोजी हुन लाग्यो। यसै प्रसङ्गमा काशीको राजवंशका कुमार हरिचन्द र गोपालचन्द दुलाहाका रूपमा यहाँ ल्याइए र यसै साल माघमा हरिचन्दको नायकदेवीसंग र गोपालचन्दको कामादेवी भन्नेसंग विवाह सम्पन्न भयो+।

नायकदेवी रुद्रमल्लकी हकवाला भएकी हुनाले नायकदेवीका पतिका हैसियतले हरिचन्दको प्रभाव बढ्नु स्वाभाविक थियो। यो कुरा केही भारादारहरूलाई मन परेन। यो कुरा थाहा पाएर नायकदेवीको बज्यै पद्मुमलदेवीलाई चिन्ता पर्न थाल्यो। यस वेला उनी ६६ वर्षकी बूढी भइसकेकी थिइन्। यसैले वि. सं. १३८८ फाल्गुनमा पद्मुमलदेवीले आफ्नी नातिनी ज्वाइँको रक्षाको लागि केही भारदारसंग सहायता मागिन्×। हरिचन्दले पनि आफ्ना अनुयायीको सहायताले विरोधीहरूलाई दमन गर्ने चेष्टा गर्न लागे। वि. सं. १३८९ आषाढमा हरिचन्दले बुगन्नराजदरबारमा बळैले पसेर आफ्नो विरोधमा लागेका दुइ भारादारलाई मारिदिए। एक जना प्रसिद्ध भारादार थयितलाई निकालिदिए÷। यो घटनाले उनीउपरको विरोध झन् बढ्यो।

---

+ "अत्रान्तरे काशेस्वर वंस्सज श्रीहरिचन्ददेवस मानवेनः विवाहङ्करोति श्रीनायकदेवी"
(गोपालराजवंशावली २७ पत्रबाट)

[यसपछि काशीका राजाको वंशमा जन्मेका, मानव गोत्रका श्रीहरिचन्ददेवसंग श्रीनायकदेवीको विवाह भयो।]

"स ४५० पौश वदि १३ युथनिमंस ठाकुर मदो निमित्तिन कोवने गाहरपं हा कुमरटो नेह्म वुन्तारो चनिगल...हरिचन्ददेवस गोपालदेवस व्याह कामादेविस॥"
(गो. रा. वं. ४६ पत्रबाट)

[ने. सं. ४५० (वि. सं. १३८६) पौष कृष्ण त्रयोदशीको दिन युथनिमंको निमित्त ठाकुर (दुलाहा) नपाइएका हुनाले विदेश पसी दुइजना राजकुमार भित्र्याइए...(नायकदेवीसंग) हरिचन्ददेवको र कामादेवीसंग गोपालचन्ददेवको विवाह भयो।]

× "सं. ४५२ फाल्गुण शुद्धि ३ वम्बी गोछें जातन भास, क्वाछे राजेन्द्रपाल भास चोछे ञंपुटि भास श्रीपद्मुमलदेवी ठकुरिणिजुसन छ्य जीरिस लागरपम् पुंलिया दिन:॥"
(गो. रा. वं. ४९ पत्रबाट)

[ने. सं. ४५२ (वि. स. १३८८) फाल्गुन शुक्ल तृतीयाको दिन वम्बी गोछेंका भारादार जातन, क्वाछेंका भारादार राजेन्द्रपाल, चोछेंका भारादार ञंपुटिलाई श्रीपद्मुमलदेवी ठकुरिनीले (आफ्ना) नातिनी ज्वाइँको रक्षाको काममा लाइदिइन्।]

÷ "सं. ४५२ आषाढ वदि ५ हरिचन्ददेवस चा २ वस्यस् वुगन्नराजकुलस कुल्न दुम्बीया दुश्यङ्ग कस्त भाटोम् केसराम दलवथिटोम्. मडिकटोम् श्व सन्तिभेस्य मधराम भाटों देशपतिटों उभे क्याङा थयित भाटो पील्लीया॥"
(गो. रा. वं. ४७ पत्रबाट)

वि. सं. १३८९ आश्विनमा पदुमलदेवीको मृत्यु भयो + । यसबाट हरिचन्दको पक्ष अलि कमजोर भयो । उनलाई आफ्ना ससुराको दरबार युथनिमंमा पनि टिक्न गाह्रो भयो । वि. सं. १३९० वैशाखमा भारादार थयितले उनीसंग बदला लिन सबैलाई एक गठ पारी हरिचन्दको विरोधमा हतियार उठाए । हरिचन्द त्यहाँ टिक्न नसकी कान्तिपुरमा शरण पर्न आए★ । यसको दुइ वर्षपछि वि. सं. १३९२ ज्येष्ठमा भारादारहरूले विषप्रयोग गरेको हुँदा हरिचन्दको मृत्यु भयो * ।

यसपछि टुहुरी नायकदेवी देवलदेवीको देखरेखमा रहन लागिन् । एकै घरमा रहेका हुँदा जगत्सिंह र नायकदेवीको नजीकको सम्पर्क रहन लाग्यो र यसले पछि विवाहको रूप लियो । यसरी नायकदेवीको जगत्सिंहसंग दोस्रो विवाह भयो । परन्तु यस विवाहलाई गोपालवंशावलीकारले

---

[ने. सं. ४५२ (वि. सं. १३८९) आषाढ कृष्ण पञ्चमीको दिन राति हरिचन्ददेव आई भारादार दुश्यङ्‌ख कस्त, केसराम दलवयि, मडिकसहित बळैले बुगन्न राजदरबारमा पसे । यसको भोलिपल्ट भारादार मधराम र देशपति दुवैलाई मारे । भारादार थयितलाई निकालिदिए । ]

+ "सं. ४५८ अश्विनि सुद्धि २ श्रीश्रीपदुमलदेवीस अस्तः, भोगवर्ष ६७ मा २ ॥"

(गो. रा. वं. ४७ पत्रबाट)

[ने. सं. ४५२ (वि. सं. १३८९) आश्विन शुक्ल द्वितीयाको दिन ६७ वर्ष २ महीनाको उमेरमा श्रीश्रीपदुमलदेवीको मृत्यु भयो ।]

★ "सं. ४५३ वैशाष वदि ३ तिपुर हरिचन्द कुमरस युथुनिमं स्वडन दुंबिव । थयित भासन खण्ड लोठे टङास एकसर समस्तन, कोलाक्व याङ···थ्व लिव कुमरस ब्यसनवङा यम्बुस बिज्याक्वटोम् ॥"

(गो. रा. वं. ४७ पत्रबाट)

[ने. स. ४५३ (वि. सं. १३९०) वैशाख कृष्ण तृतीयाको दिन हरिचन्द कुमर···तिपुर यिथुनिमंमा पसे । भारादार थयितले हतियार उठाई सारालाई एक गठ पारे ।···यसपछि (हरिचन्द) कुमर भागी कान्तिपुरमा जानुभयो ।]

* "कतिपयवर्षान्तरेण शिष्टेन विषभक्षयतेन मृत्यु ॥"

(गो. रा. वं. २७ पत्रबाट)

[केही वर्षपछि श्रेष्ठ (भारदार) ले विष खुवाइएका हुनाले (हरिचन्द कुमरको) मृत्यु भयो ।]

"सं. ४५५ ज्येष्ठ शुद्धि ६ श्रीहरिचन्ददेवस बलन मृत्यु दिन ॥"

(गो. रा. वं. ४७ पत्रबाट)

[ने. सं. ४५५ (वि. सं. १३९२) ज्येष्ठ शुक्ल षष्ठी, श्रीहरिचन्द देवको बलजफती मृत्यु भयो ।]

विधिपूर्वकको विवाहमा गनेका छैनन् । जगत्सिंह कुमरले नायकदेवीलाई संगृहिणी भार्या (ल्याइते स्वास्नी) बनाए भनी वंशावलीकारले बोलेका छन्★ ।

उता दाजु हरिचन्द मारिएपछि उनका भाइ गोपालचन्द अघि सरी राजकाजमा उत्रन खोजे । यसो हुँदा जगत्सिंह कुमरसंग गोपालचन्दको टक्कर पर्‍यो । भक्तपुरमा टिकन नसकी गोपालचन्द भक्तपुर छोडी ललितपुरमा गई रहन लागे÷ ।

जगत्सिंहकी आमा देवलदेवी जवामर्द तथा चतुर व्यक्ति थिइन् । त्यस वेलाका बलिया भारदार महाथ अनेकराम, अभयराम, थयितलाई उनले आफ्नो पक्षमा मिलाइन् । यसरी देवलदेवीले आफ्नो स्थिति मजबूत पारिन्* ।

यति भएपछि वि. सं. १३९४ ज्येष्ठमा जगत्सिंह कुमरले अभयराम, थयितसाथ ललितपुर मनिगलमा पुगी गोपालचन्दलाई त्यहाँबाट धपाइदिए‡ । यसपछि गोपालचन्द यताउति भागी रहन लागे ।

---

★ "कर्णाटवंशज श्रीजगत्सिंहदेव समाहित संगृह्य कृतं नायकदेवी ॥"

(गो. रा. वं. २८ पत्रबाट)

[कर्णाटवंशज श्रीजगत्सिंहदेवले विस्तारै नायकदेवीलाई ल्याइते पत्नी बनाए ।]

÷ "तदनन्तर तस्य देवस्य भ्रात श्रीगोपालदेवमुपस्थितं,...तत दृष्टांतरेण स गोपालदेव श्रीभक्तापुरी त्यक्त्वा ललितापुरी गम्यताः । "

(गो. रा. वं. २७-२८ पत्रबाट)

[ त्यसपछि ती (हरिचन्द) देवका भाइ श्रीगोपालदेव आइपुगे । त्यसपछि गडबडी देखेर ती गोपालदेव भक्तपुर छोडी ललितपुरमा गए । ]

* " सं ४५७ थिसला गाक्व पाडो कोन्हु अभेराम मूलमीटोम् युथुनिमंस सेवा ववटों, दिन खुलिव यंटाक्वाठ ठोङा, दिन ८ लिव श्रीदेवलदेविसके सेवा लाक्वटो अभेराम मुलमीसन, दिन ८ लिव वंटापीठिस सवद जुव. भ्वंत अनेखराम महाथ भास अभेराम मुलमीस थयित भास दिनस सवद जुरोम् ॥ "

(गो. रा. वं. ४८–४९ पत्रबाट)

[ने. सं. ४५७ (वि. सं. १३९३) मार्ग कृष्ण प्रतिपदाको दिन अभयराम मुलमी युथनिमंमा सेवा गर्न पुगे । ६ दिनपछि यंटाकिल्ला भत्काइयो । आठ दिनपछि अभयराम मूलमीले देवलदेवीको सेवा गरे । आठ दिनपछि वंटापीठमा शपथ खाइयो । बनेपाली भारादार अनेकराम महाथ, अभयराम मूलमी, थयित भाले दिउँसो शपथ खाए ।]

‡ " ४५७ ज्येष्ठ कृष्ण अमावास्या कोन्हु तिरहुतिया जगतशिंह कुमरस मनिगलस दुन्ताटोम्. सती गोपालचन्द कुमारटों पिलुया.थ्व चयन्त याक्व अभेराम मूलमीस थयीत भास उभे ।"

(गो. रा. वं. ४९ पत्रबाट)

वि. सं. १३९४ पौषमा अनेकराम, अभयराम, थयित यी भारादारहरूसंग मिली देवलदेवीले केही प्रदेशमा आफ्नो अधिकार जमाइन्★ ।

वि. सं. १३९६ पौषमा जोगराम मूलमीसंग मिली गोपालचन्दले टोखाकिल्लामा पसी त्यहाँका मानिसको सहायताले विद्रोह गरे । यो कुरा थाहा पाई भोलिपल्टै जगत्सिहको पक्षले तिपुरबाट टोखामा हमला गऱ्यो । किल्लाभित्र पसी भित्र बसेका सबैलाई कैद गरे । गोपालचन्द काटिए । जोगरामचाहिं भाग्न खोजेका थिए । तर उनी पनि समातिए‡ । एक जना ठूला शत्रु सखाप गरिएको हुनाले यसबाट जगत्सिहहरूको बल बढ्यो । यसपछि पनि जगत्सिह देवलदेवीहरूले आफ्नो बल बढाउँदै गए ।

---

[ने. सं. ४५७ (वि. सं. १३९४) ज्येष्ठ कृष्ण अमावास्याको दिन तिरहुते जगत्सिंह कुमर मनिगलमा पसे । भोलिपल्ट गोपालचन्द कुमरलाई निकाले । यसको बन्दोवस्त गरिदिने अभयराम मूलमी र थयित भा थिए ।]

★ "सं. ४५८ पौष्य वदि ७ श्रीदेवलदेवी ठकुरिणीजुसन थव स्यष्ट अ(भे)राम मूलमीस, थयित भाटो…थ्व पनिसन थ्यको राज थमु विज्याङ काया…थ्व न्यंत यावव अनेखराम महाथस ।।"

(गो. रा. वं. ४९–५० पत्रबाट)

[ने. सं. ४५८ (वि. सं. १३९४) पौष कृष्ण सप्तमीको दिन श्रीदेवलदेवी ठकुरिनीले आफ्ना भारादार अभयराम मूलमी थयितहरूसाथ आफैं जानुभई प्यको राज (?) लिनुभयो । महाथ अनेकरामले यसको बन्दोवस्त गरेका थिए ।]

‡ "विहारकोटस्थित जोगराम मुलमी जोङा विहारपात्र एकीभुतेन टोंखाकोट प्रविसतिः । ततो प्रवेशान्तरे द्वितीयरात्रे जोगरामेन, श्रीगोपालदेव त्यक्त्वा पलायं गता ।। पश्चात कोटाभृत्य मेकाकी स्थित । श्रीजगतसिंहकुह्मारस्य परिजने शिर छेत्वा श्रीगोपालदेव मृत्यु ।"

(गो. रा. वं. २८ पत्रबाट)

[ (गोपालदेव) विहार किल्लामा बसेका जोगराम मूलमीलाई साथ लिई विहारकिल्लाका भारादारलाई एक गठ पारी टोखा किल्लामा पसे । त्यसको भोलिपल्ट राति श्रीगोपालदेवलाई छोडी जोगराम भागे । पछि किल्लामा एकलै परेका गोपालदेवलाई श्रीजगत्सिंह कुमरका मानिसले टाउको काटी मारे ।]

"सं. ४६० पौष्य वदि ८…खुन्हुलिव जोग्राम मुलमीस श्रीगोपालचन्ददेवस वंङ टोखा कुलन काया. सन्ती तिपुर हाथार वङ, लिकाया दुन्दङ चोङ्ग्व स्मस्त लाङा. अफह्र सङ्ख्र २० श्रीगोपाल-देवस म्वण्ड डेंङा जोग्राम मुलमीटां ज्वङहा ।।"

( गो. रा. वं. ५० पत्रबाट )

[ने. सं. ४६० (वि. सं. १३९६) पौष कृष्ण अष्टमी…यसको आठ दिनपछि जोगराम मूलमी र श्रीगोपालचन्ददेव (टोखामा) गए । टोखाले विद्रोह गऱ्यो । भोलिपल्ट तिपुर लड्न हिंड्यो । (टोखा) फिर्ता गराइयो । भित्र बसेका सारा समातिए ।…२० घोडा थिए (?) । श्रीगोपालदेव काटिए । जोगराम पनि समातिए ।]

वि. सं. १४०१ आश्विनमा ठूलो भूकम्प भयो। यसको भोलिपल्ट गद्दीनशीन राजा अरिमल्लको देउपाटनमा मृत्यु भयो। अरिमल्ल कमजोर प्रकृतिका पुरुष थिए। रुद्रमल्लको पालामा पनि यिनी स्थापनाका राजा थिए। पछि पनि आफ्नो राज्यमा यत्रो हानथाप, गडबडी भइरहंदा यिनले तसबीर जस्तै भई टुलु टुलु हेरिरहे। यसरी २४ वर्षसम्म लामो काल गद्दीमा बसे तापनि यिनले गद्दीको शोभा बढाउनुसिवाय कुनै उल्लेखनीय काम गर्न सकेनन् + ।

अरिमल्लको मृत्युपछि ३ वर्षसम्म मूल राजगद्दी खाली रह्यो। यसमा भित्र भित्रको कलह कारण बनेको थियो। आखिर वि. सं. १४०४ श्रावणमा आनन्ददेवका मठ्याहा छोरा राजदेव सबैको सम्मतिले गद्दीमा राखिए× ।

यसैबीच पशुपतिमल्लले गद्दीको दावा गरेको देखिन्छ। परन्तु उनी कैद गरिए। वि. सं. १४०५ मार्गमा कैदमै उनको मृत्यु भयो ÷ ।

---

+ 'इतिहास–संशोधनको प्रमाणमेय' को २३५ पृष्ठ हेर्नुहोस्।

× 'इतिहास–संशोधनको प्रमाणप्रमेय' २३५–३६ पृष्ठ हेर्नुहोस्।

÷ " अत्रांतरे श्रीपशुपतिमल्लदेव बंद्धनम् करोति"

(गो. रा. वं. २८ पत्रबाट)

[ यस बीचमा श्रीपशुपतिमल्लदेव कैद गरिए। ]

" सं. ४६४ चैत्र शुदि ३ जोग्राम मुलमीस सहज मुलमी थ्वते उभे जासन पशुपतिमलस ज्वंङन कपनक्वाठन तोपे पोल्यकम् तिपुरस दोह याङा ॥

(गो. रा.. वं. ५१ पत्रबाट)

[ने. सं. ४६४ (वि. सं. १४०१) चैत्र शुक्ल तृतीयाको दिन जोगराम मूलमी र सहज मूलमी मिली पशुपतिमल्ल साथ लगी कपनकिल्लाबाट...तिपुरमा दोह (विद्रोह ?) गरे। ]

" पशुपतिमल टोखा चोस्यं...स ४६६ अशिनि शुदि १ आदीतवार । "

(गो. रा. वं. को अतिरिक्त पत्रबाट)

[ने. सं. ४६६ (वि. सं. १४०३) आश्विन शुक्ल प्रतिपदा आदित्यवारको दिन पशुपतिमल्ल टोखामा बसे । ]

"स ४६८ जेष्ठ वद्धि ८ पशुपतिमलटो यह्ल लु पिकास्यं जोङहसन भुङ्गुलछे क्वाठस थताटो मामोस नपम् ॥ "

(गो. रा. वं. ५२ पत्रबाट)

[ने. सं. ४६८ (वि. सं, १४०५) ज्येष्ठ कृष्ण अष्टमी पशुपतिमल्ललाई ललितपुरबाट निकाली समातेर ल्याई आमासहित भुङ्गुलछें किल्लामा राखियो। ]

"स ४६९ मार्गशिर शुद्धि १२ श्रीपशुपतिमलस वंद्धनसवु अस्तम दिन ॥"

(गो. रा. वं. ५२ पत्रबाट)

[ने. सं. ४६९ ( वि. सं. १४०५ ) मार्ग शुक्ल द्वादशीको दिन कैदमै श्रीपशुपतिमल्लको मृत्यु भयो। ]

नयाँ समर्थ राजा राजदेव गद्दीमा बसे तापनि राजकाजमा स्थिरता आएन, गडबडी कायम रह्यो। राजदेवसंग देवलदेवीको पक्षको मेळै रहेको देखिन्छ। यसपछि पनि महाथ अनेकरामसंग मिली देवलदेवीले स्वयं लड्न गई अनेक ठाउँमा आफ्नो अधिकार जमाइन् ‡। यसरी देवलदेवीको प्रभुत्व कायमै रह्यो + ।

वि. सं. १४०३ पौषमा नायकदेवीतर्फबाट जगत्सिंहकी छोरी राजल्लदेवीको जन्म भयो। यसको दश दिनपछि नायकदेवीको मृत्यु भयो। देवलदेवीले नातिनी राजल्लदेवीलाई बडो जतनसंग हेरचाह गरी बचाइन् ❀।

---

‡ 'इतिहास-संशोधनको प्रमाण प्रमेय' को २३६ पृष्ठ हेर्नुहोस्।

+ यस वेला देवलदेवीको प्रभुत्व जमेको हुनाले एउटा हस्तलिखित पुस्तकमा देवलदेवीलाई राजोचित विशेषण लाइएको पाइन्छ। सो यस प्रकारको छ—

"श्रेयोस्तु सम्वत् ४७३ अशुनिशुक्लत्रयोदस्यायां तिथौ भारगवदिने श्रीश्रीराजाधिराज परमेश्वर-परमभट्टारकराजाभिधावतिश्रीदेवलदेव्या विजयराज्ये"

(वीरपुस्तकालयमा रहेको प. १३६१ संख्याको नित्याह्निकतिलकबाट। 'बृहत्सूची' चौथो भागको २१९ पृष्ठमा यो छापिएको छ।)

[ने. सं. ४७३ (वि. सं. १४१०) आश्विन शुक्ल त्रयोदशी शुक्रवारको दिन, श्रीश्रीराजाधिराज परमेश्वर परमभट्टारक भन्ने राजप्रशस्ति पाएकी श्रीदेवलदेवीको विजयराज्यमा ]

❀ "तदनन्तरे कतिपयदिवसे श्रीजगतसिंह कुमरेण राजभुंजितम्। पश्चात्त कुह्मरबंधनं भवेत्। तस्य पुत्री श्रीराजलदेवीनामः॥ जातेन दश दिवसान्ते मातुश्च मृत्यु। पितामही श्रीदेवलदेवीना अतिकष्टेन प्रतिपालितम्॥"

(गो. रा. वं. २८ पत्रबाट)

[त्यसपछि केही काल श्रीजगत्सिंह कुमरले रजाइँ गरे। पछि कुमर कैद गरिए। उनकी छोरी श्रीराजल्लदेवी हुन्। जन्मेको दश दिनपछि आमा (नायकदेवी)को मृत्यु भयो। बज्यै श्रीदेवलदेवीले ज्यादै दुःखले पालिन्। ]

"स ४६७ पौष्य कृष्ण दशमी अनुराध श्रीनायकदेविस पुत्री राजलदेविस जात दिन १० लिव माम नायकदेविस अस्त॥"

(गो. रा. वं. ५१ पत्रबाट)

[ने. सं. ४६७ (वि. सं. १४०३) पौष कृष्ण दशमी अनुराधा नक्षत्रको दिन श्रीनायकदेवीकी छोरी राजल्लदेवीको जन्म भयो। दश दिनपछि आमा नायकदेवीको मृत्यु भयो। ]

यहाँ गोपालवंशावलीको संस्कृतभागमा जगत्सिंह कुमर कैद गरिएको उल्लेख परेको छ। नेवारी भागमा यसको उल्लेख पाइँदैन। यो घटना कसरी, कुन वेला भयो, थाहा पाउन सकिएको छैन।

वि. सं. १४११ मा राजल्लदेवी आठ वर्षकी भइन् । त्यस वेलाको धारणाअनुसार उनको विवाह गरिदिने अवस्था आइपुगेको संझिन लाग्यो र बज्यै देवलदेवीको प्रयत्नले वि. सं. १४११ आश्विनमा स्थितिमल्ल वरका रूपमा बाहिरबाट ल्याई भक्तपुर भित्र्याइए । यसको पाँच महीनापछि राजल्लदेवीसंग स्थितिमल्लको विवाह भयो । यस घटनाबाट नेपाल–उपत्यकाको राजकाजमा एक दृढ व्यक्तिले हात हाल्ने अवसर पाए□ ।

अब अगाडि बढ्नुभन्दा पहिले एकचोटि पछाडि फर्की विचार गर्नु उचित छ । रुद्रमल्लको मृत्युपछिका ३० वर्षभित्र घटेका घटनामा महाथ अनेकरामको पनि निकै हात रहेको थियो । ठाउँ ठाउँका भारादारहरूले विद्रोह गर्दा अनेकरामले अनेक पटक हतियार उठाई ती विद्रोहलाई दबाएका थिए* । यी अनेकरामले देवलदेवीलाई साथ नदिएका भए नेपाल–उपत्यकाको उपर्युक्त अवस्थाले अर्कै रूप लिनु पनि सम्भव थियो । यस कारण उनलाई आफ्नो पक्षमा मिलाउन सक्नु

---

□ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ३३ पृष्ठ हेर्नुहोस् ।

* यस विषयको केही उल्लेख प्रसङ्गवश माथि परिसकेको छ । केही उद्धरण यहाँ दिइन्छन्—

"सं. ४५२ श्रावण शुदि ९ भोन्त श्रीराजदेवस चोङा ब्यनप्पा क्वाठ महाथ अनेकराम भारोस बो एकश्र समुचयसवोछि पन्त याङ क्वाठ पुङ थ्वस येथे अपनाह याङास टोलन, तिपुर अभेराम मूलमीसन कपनक्वाथ काया ॥"

(गो. रा. वं. ४७ पत्रबाट)

[ने. सं. ४५२ (वि. सं. १३८९) श्रावण शुक्ल नवमी बनेपाली श्रीराजदेव बसेको बनेपा किल्लामा महाथ अनेकराम र अरू सबै मिली घेरा हालियो । यसमा परस्परमा कुरा मिलाई मेल गरियो । तिपुरका अभयराम मूलमीले कपन किल्ला कब्जा गरे ।]

"सं. ४५२ अशुणि कृष्ण प्रदीपदा सोमवार कोन्हु संकोस अभङ्गपतिराजटों किज सखू मुलमी थ्वस नेह्मम् स्वंङा ब्राह्मनस आभारण चाल्लम् ब्राह्मणसन वङन पिल्लीसन अनेकराम महाथसन स्याचका ॥"

(गो. रा. वं. ४७ पत्रबाट)

[ने. सं. ४५२ (वि. सं. १३८९) आश्विन कृष्ण प्रतिपदा सोमवारको दिन साँखुका अभङ्ग-पतिराज उनका भाइ सखू मूलमी दुवै मिली ब्राह्मणको गहना खोस्न खोजेका हुँदा ब्राह्मण त्यहाँबाट निस्की (उनले) महाथ अनेकरामद्वारा (तिनीहरूलाई) मार्न लाए ।]

"सं. ४५४ माघ कृष्ण त्रयोदशी बोद्यंदेश मे चोचका अनेखराम महाथ भास्यं भ्वन्त कस्तटो युमु वङ, सनन्भास्यं शिवव···मेसह्यम् ४६ भह्लीह्नि सा बासान ११६ चलस फशि ५८ बा खिचा बह्लखुनि बह्लखुनि आदिपम् शिववः ॥"

(गो. रा. वं. ४८ पत्रबाट)

देवलदेवीको ठूलो राजनीतिज्ञता थियो । राजदेव गद्दीमा बसेपछि अनेकराम उनका विश्वासपात्र महामन्त्रीका रूपमा रहन लागे तथा अनेकरामका छोरा जयसिंहराम राजदेवका छोरा युवराज अर्जुनमल्लका हजुरियाका रूपमा रहन लागे + । यसरी रामवर्द्धन परिवारको बल मजबूत भएको थियो ।

---

[ने. सं. ४५४ (वि. सं. १३९०) माघ कृष्ण त्रयोदशीको दिन बोडे देशमा आगो लाइयो । महाथ अनेकराम र बनेपाली कस्त आफैं गएका थिए । खानै नपाएर मरे ।…४६ रांगा,…११६ गाई बाच्छा, ५८ भेडा बाख्रा, कुखुरा, कुकुर, भङेरा, परेवाहरूसमेत मरे ।]

"सं. ४५७ कार्तिक शुदि ८ अभेराम मूलमीस वो अनेखराम महाथस वो गोकर्णास डोसन. दिन ४ लिव यम्बु यथोवहारक्वाठ पुङा त्रिपुरया दिन गुन्हु कोन्हु चाल्व. दिन ८ लिव युचिनिम क्वाठ पुङा दिन खुन्हु लिव चाल्व, दिन ४ लिव नन्दलक्वाठ पुङा मचाल्व."

(गो. रा. वं. ४८ पत्रबाट)

[ने. सं. ४५७ (वि. सं. १३९३) कार्तिक शुक्ल अष्टमीको दिन अभयराम मूलमी र महाथ अनेकराम गोकर्णमा गए (?) । चार दिनपछि कान्तिपुरको यथोबहार किल्लामा घेरा हालियो ।… नवौं दिनमा किल्ला खुल्यो । आठ दिनपछि युचिनिम किल्लामा घेरा हालियो । ६ दिनपछि खुल्यो । चार दिनपछि नन्दल किल्लामा घेरा हालियो, खुलेन ।]

"सं. ४६६ माघ शुदि ५ अमवर्म्म कस भाटों कांसानक्वाठ ल्ह्वाया दिन, थ्व दिनलन्ति कोन्हुनलिस भोंतया संकष्ट…गामस देशस दिन प्रति…महासंकष्ट, भोंत दामन वाके त्यवछि कायमदो । नाल ब्वनाप्वा पुनन्ती समस्त गाम जीवसंदेह…के पंङा निरोढ ह्निनं चानो, थ्वतेस…अनेखराम महाथ भास्यं कंध हस्तरप विस्वासन कपनथंता ।"

(गो. रा. वं. को अतिरिक्त पत्रबाट)

[ने. सं. ४६६ (वि. सं. १४०२) माघ शुक्ल पञ्चमी अमवर्म्म, कस भाले कसानकिल्ला दखल गरे । यसको भोलिपल्टदेखि बनेपालाई कष्ट भयो ।…गाउँमा शहरमा प्रतिदिन ठूलो कष्ट भयो । बनेपामा १ दामको चामल चार माना पनि नपाइने भयो । नाला बनेपा पनौती सारा गाउँमा बाँच्नै गाह्रो भयो । रात दिन घेरा हाली अन्न पस्न दिइएन । यसो भएकोमा महाथ अनेकरामले… हात हाली बिश्वास दिलाएर घेरा उठाउन लाए (?) ]

+ अर्जुनमल्ल युवराज बनाइंदा खेलिएको 'मदालसाजातिस्मरण' भन्ने नाटकमा यसको वर्णन परेको छ—

" श्रीमानरीन् जयति नित्यमनेकराममन्त्रावलम्बिजयराजनराधिराजः ।
नेपालचक्रविलसज्जयसिंहरामषाड्गुण्यवर्त्तियुवराजजयार्जुनश्च ॥

आर्ये आदिष्टोस्मि… युवराजश्रीजयार्ज्जुनदेवेन ॥ यथास्मद्दिनकरकुलक्रमानुरूपयौवराज्यपद–प्रतिलम्भप्रमोदप्रवृत्तयात्राप्रसङ्गेन नानादिग्देशागतक्षत्रियपात्रकुलप्रचुरसामाजिकसेविनामस्माक–

वि. सं. १४१३ आषाढमा महाथ अनेकरामको मृत्यु भयो‡ । यसपछि महाथको पद जयसिंह-रामले पाए । महाथ जयसिंहरामको पहिलो उल्लेखनीय काम वि. सं. १४१७ वैशाखमा पशुपति-नाथको नयाँ मूर्तिको स्थापना थियो । बङ्गालका सुलतान शमसुद्दीनको सैन्यले ११ वर्ष पहिले पशुपतिनाथको मूर्ति तीनटुक्रा पारिदिएको थियो । राजकाजको अस्थिरताले गर्दा अहिलेसम्म नयाँ मूर्तिको स्थापना हुन सकेको थिएन । यो साल जयसिंहरामले विधिपूर्वक यो काम पूरा गरे* ।

यसैताका उतातिर राजल्लदेवीका पतिका हैसियतले स्थितिमल्लले अगाडि बढ्न शुरू गरे । देवलदेवीको वरद हस्त स्थितिमल्लउपर हुँदा उनलाई अगाडि बढ्न सजिलो भयो ।

वि. सं. १४२३ वैशाखमा देवलदेवीको मृत्यु भयो । गोपालवंशावलीकारले यहाँनिर पुगेर देवलदेवीलाई 'महादेवी' भन्ने विशेषण लाएका छन्★ । हुन पनि ४० वर्षदेखि भने जस्तै देवलदेवीको व्यक्तित्वले नेपाल–उपत्यकाको राजकाजलाई ढाकिराखेको थियो ।

देवलदेवीको मृत्युपछि उनले तयार गरेर गएको बाटोबाट स्थितिमल्ल अगाडि बढे । यसो हुँदा यहाँनिर पुगेर दुइ महत्त्वाकाङ्क्षी पुरुष स्थितिमल्ल र जयसिंहरामको टक्कर हुन थाल्यो ।

---

म्विनोदाय... लक्ष्मीदाससूनोः श्रीमतः कवेरार्यरामदासस्य कृतिरभिनवम् मदालसाजातिस्मरणन्नाम नाटकन्नाटयितव्यमिति ॥"

( यो नाटक राष्ट्रिय–पुस्तकालयमा छ । नयनाथ पौडेलद्वारा यो उद्धरण प्राप्त भएको हो । )

[ सधैं अनेकरामको सल्लाहअनुसार काम गर्ने राजा श्रीजयराजदेव शत्रुहरूलाई जितीकन रहनुभएको छ तथा जयसिंहरामको षाड्गुण्य ( राजकाजको दाउपेच ) अनुसार चल्ने युवराज जयार्जुनदेव नेपालमण्डलमा सुहाइरहनुभएको छ ।

हे नटी,...युवराज श्रीजयार्जुनदेवले "हाम्रो सूर्यवंशीहरूको कुलपरम्पराअनुसार हामीलाई युवराजपद दिइएको खुशियालीमा भएको उत्सवको अवसरमा अनेक ठाउँबाट आएका क्षत्रिय, पात्रकुलका प्रशस्त सामाजिक (उत्सव, नाच हेर्न आएका मानिस)हरूको र हाम्रो मन बहलाउनाका लागि...लक्ष्मीदासका छोरा श्रीरामदास कविको नयाँ कृति मदालसाजातिस्मरण भन्ने नाटक नचाउन् " भनी मलाई अह्राउनुभएको छ । ]

‡ "स ४७६ दिराषाढवदि ११ अनेखराम महाथस (अस)ता दिवस"

(गो रा. वं. ५३ पत्र बाट)

[ने. सं. ४७६ (वि. सं. १४१३) द्वितीय आषाढ कृष्ण एकादशीको दिन महाथ अनेकरामको मृत्यु भयो । ]

* 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ९५-९६ पृष्ठ हेर्नुहोस् ।

★ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ३५ पृष्ठ हेर्नुहोस् ।

यसरी अहिलेसम्म रहेर आएको अवस्थाले कोल्टो फेर्न शुरू गऱ्यो । महाथ जयसिंहरामले अर्जुनमल्लको पक्ष लिई भित्र भित्रबाट स्थितिमल्लको विरोधमा लाग्न शुरू गरे + ।

यस बेला भक्तपुरको तिपुर राजधानीपछि ललितपुर मनिगलको उपत्यकामा दोस्रो मुख्य स्थान थियो । ललितपुरका एकथरी महापात्रहरू अर्जुनमल्लको बूढो मामाली खलक पर्दथे❀ । यसैले ललितपुरमा स्थितिमल्लको प्रभाव केही कम थियो । यस कारण स्थितिमल्लले ललितपुरमा आफ्नो प्रभाव फैलाउन ललितपुरका प्रसिद्ध पुरुष जयत मूलमी आदि भारदारलाई हात लिए । जयत मूलमीले ललितपुरमा स्थितिमल्लको भव्य स्वागत गर्ने प्रबन्ध मिलाइदिए । यसो हुँदा वि. सं. १४२७ वैशाखमा ललितपुरमा स्थितिमल्लको ठूलो स्वागत भयो । सुनको तोरण हाली ढोका बनाई, बाटामा कपडा बिछ्याई. सुन राखी अर्घ्य दिई स्थितिमल्ललाई मनिगलमा भित्र्याइयो ÷ ।

---

+ यसको लगत्तै स्थितिमल्लको विरुद्ध जयसिंहरामले विद्रोह गरेको घटनाले यस कुराको पुष्टि हुन्छ । वि. सं. १४२५ कार्तिकमा जयसिंहराम र अर्जुनमल्ल मिली तिपुरमा पसेको घटनाबाट पनि स्थितिमल्लसंग उनीहरूको विरोध पर्न शुरू भएको थाहा पाइन्छ। सो यस प्रकारको छ—

"स ४८९ कार्त्तिक शुद्धि १० थ्व कोन्हु श्रीजयाज्र्जुनदेवस वो जयसिंह्राम महाथस वो अपनाह याङ ङवा चालकं तिपुर दुम्बिया दिन ॥ "

(गो. रा. वं. ५४ पत्रबाट)

[ने. सं. ४८९ (वि. सं. १४२५) कार्तिक शुक्ल दशमीको दिन श्रीजयार्जुनदेव र जयसिंहराम महाथ एक गठ भई...खोली तिपुरमा पसे । ]

❀ अर्जुनमल्लका बाबु राजदेवकी आमा ललितपुरका पात्र राजेन्द्रपालकी छोरी थिइन् । यो कुरा केसरपुस्तकालयमा रहेको गोपालवंशावलीकै अर्को प्रति जस्तो वंशावलीबाट थाहा पाइन्छ—

" श्रीजयराजदेव राजा...तस्य पिता श्रीजया(नन्द)देव माता ललितग्रामे उत्तरविहार राजेन्द्रपालपात्रस्य पुत्री ॥ "

[ राजा श्रीजयराजदेवका बाबु श्रीजयानन्ददेव थिए, आमा ललितपुर उत्तरविहारका पात्र राजेन्द्रपालकी छोरी थिइन् । ]

÷ " स ४९० वैशाष शुद्धि ३ श्रीश्रीजयस्थितिराजमलदेवस, यह्नं मनिगल स्मस्तसन यात्रा बिज्याचकाटोम् लु तोरणवृन्दन माल खास्यं, वंशाह्न लास्यं, दुंबिज्याचकम् मनिगलस, तव तव मीस प्रमुख नायकसनं लेचास्यं लुंन अर्घ याङा, स्येष्ठ प्रमुख जयत मुलमीस ॥ "

(गो. रा. वं. ५६ पत्रबाट)

[ने सं. ४९० (वि. सं. १४२७) वैशाख शुक्ल तृतीयाको दिन श्रीश्रीजयस्थितिराजमल्लदेव ललितपुर मनिगलमा (मछिन्द्रनाथको) जात्रामा जानुभयो । सुनको तोरण हालीकन, बाटामा कपडा बिछ्याईकन मनिगलमा भित्र्याइयो । ठूला ठूला मानिस, मुख्य मुख्य नाइकेहरूले खुशीसाथ सुनको अर्घ्य दिइयो । भारदारहरूमा मुख्य जयत मूलमी थिए । ]

जयत मूलमीले यस्तै काम गरेका हुनाले पछि उनी महाथ (महामन्त्री) बनाइएका हुन् ।

यसको लगत्तै एउटा अर्को घटना पनि भएको छ । त्यसको पनि यहाँ उल्लेख गर्नु आवश्यक संझन्छु । यस वेला पशुपतिनाथको भण्डारमा चोरी भयो । स्थितिमल्लले ललितपुरका ठूलठूला चोरहरूलाई समाती ल्याई काट्न लाए । यति गरी पशुपतिलाई फेरि भण्डार चढाइयो ★ ।

वि. सं. १४२९ वैशाखमा महाथ जयसिंहरामले स्थितिमल्लको विरुद्ध विद्रोह गर्ने चेष्टा गरे । यसको सुइंको पाई स्थितिमल्लले जयसिंहरामलाई पक्री नेल ठोके । यस घटनाले ललितपुरका भारादारहरूमा असन्तोष फैलियो । यसैले यसको दुइ महीना जति पछि आषाढमा ललितपुरका भारादार प्रजाहरूले विद्रोह गरे र स्थितिमल्लको विरुद्ध लड्न ठिमीसम्म आइपुगे । स्थितिमल्ल स्वयं अघि सरी लड्न गए । ठिमीमा लडाइँ जोरियो । स्थितिमल्लको जित भयो । महापात्र आदि ५३ जना ललितपुरेहरू यस युद्धमा परे ÷ ।

यसरी ठिमीयुद्धमा सफलता पाएको हुनाले स्थितिमल्ल अत्यन्त प्रसन्न भए । यसको संकेत स्थितिमल्लले यस युद्धको साइत हेर्ने ज्योतिषीलाई बकस दिएको कुराबाट पाइन्छ * । हुन पनि यस ठिमीयुद्धमा विजय भएपछि स्थितिमल्लको शक्ति झन् बढ्यो । यसपछि स्थितिमल्ल उपराजको हैसियतले शासन गर्न लागे । यो कुरा सिम्भूको शिलालेखबाट थाहा पाइन्छ ‡ ।

वि. सं. १४२९ श्रावणमा जयसिंहराम कैदबाट छुटे × । यसरी तीन महीनापछि नै जयसिंहराम कैदबाट छुटेको देखिनाले उनले अब फेरि स्थितिमल्लको विरुद्ध नचल्ने वचन स्थितिमल्ललाई दिएको अनुमान हुन्छ । परन्तु यसको दुइ वर्षपछि एकचोटि फेरि महाथ जयसिंहरामले विद्रोह गरे । फपिङ आदिका भारदारको सहायताले उनले ललितपुरमा आफ्नो ठाना हाले । यस पाला

---

"★ थोलवु ग्वलम्भण्डार खुया श्रीश्रीजयस्थितिराजमलदेवसन यह्लया प्रधान, प्रधान खुं ज्वोंजकं हस्यम् बाह्लंपीण्टो खोशीस स्याचकम् भण्डार श्रीपशुपतिस डोहरपाटोम् ॥"

(गो. रा. वं. ५६ पत्रबाट)

[यसै वेला देउपाटनको भण्डारमा चोरी भएको हुँदा श्रीश्रीजयस्थितिराजमल्लदेवले ललितपुरका ठूल–ठूला चोर पक्रन लगाई बाह्लं पिण्टो खोलामा काट्न लाए । भण्डार श्रीपशुपतिलाई चढाइयो ।]

÷ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ३५–३६ पृष्ठ हेर्नुहोस् ।

* "पींपाले मुहूर्त सोवव येछु गोमीन्द भाटो, थ्व मुहूर्तन आमोद जुयाव, श्रीश्रीजयस्थितिमल्लदेवसन गोमींद भाटों···अङ्काल त्रिस्यं मान याङ, राजकुल यूदिशिटो खङाव रूसरपं वया ॥"

(गो. रा. वं. ५५ पत्रबाट)

[लडाइँको साइत येछुका गोविन्द भाले हेरेका थिए । यस साइतबाट जित भएको हुनाले श्रीश्रीजयस्थितिमल्लदेवले गोविन्द भालाई···बकस (?) दिई मान गरे । राजदरबारका ज्योतिषी यो कुरा थाहा पाएर रिसाउँदै आए ।]

‡ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ९४–९५ पृष्ठ हेर्नुहोस् ।

× 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ३५–३६ पृष्ठ हेर्नुहोस् ।

पनि स्वयं स्थितिमल्लले अघि सरी गई विद्रोह दमन गरे । फपिङ आदिका भारादारहरू र जयसिंहराम पक्रिए + । यसरी दोस्रो पटक जयसिंहराम कैदमा परे ।

यसरी विरोधीहरूको दमन गर्दै गई स्थितिमल्लले सुरक्षाको लागि ठाउँ ठाउँका किल्लाहरू मरम्मत गर्ने काम गरे । यसो हुँदा स्थितिमल्लको राज्यमा अब चोरी भन्ने रहेन भनी गोपाल-बंशावलीकारले बोलेका छन् ‡ ।

अब गद्दीनशीन राजा अर्जुनमल्ल निःसहाय भइसकेका थिए। गद्दीको शोभा बढाउनु मात्र उनको काम रहन गएको थियो । तैपनि उनी छउन्जेल अधिकार एकलौटी गर्ने काममा बाधा पर्ने सम्भावना हुँदा अर्जुनमल्ललाई पन्छ्याउने विचार स्थितिमल्लले गर्न लागे । अर्जुनमल्लहरू

---

+ "सं. ४९४ अश्विनि शुक्ल षष्ठी प्र सप्तमी ज्येष्ठ अङ्गारवार कोन्हु श्रीश्रीजयस्थितिराजमल्लदेवस ख्वपोन बिज्याङा, उभय दल जारपम्माल्यम्. स्मस्त खण्डन फुङ, महाथटो फनपी आदिपम् भारोपनि लाङा ढिङा, यह्लं पींथोबहार जारवव महाथटों बुक्व ॥"

(गो. रा. वं. ५६ पत्रबाट)

[ने. सं. ४९४ (वि. सं. १४३१) आश्विन शुक्ल षष्ठी उप्रान्त सप्तमी मङ्गलवार ज्येष्ठा नक्षत्रको दिन श्रीश्रीजयस्थितिराजमल्लदेवले भक्तपुरबाट जानुभई दुवै दल मिली सारालाई काटे । महाथ (महामन्त्री=जयसिंहराम) र फपिङ आदिका भारादारहरू समातिए र कैद गरिए । ललितपुर पींथोबहार (पिंबहाल) मा लड्न आएका महाथको हार भयो ।]

‡ "सं. ४९५ जेष्ठ शुदि दशमी हस्त शुक्रवार, बहारक्वाठ डंडा श्रीश्रीजयस्थितिराजमल्लदेवस थमु बिज्याङा, क्वाठनायक शिवदाश मुलमी ।"

(गो. रा. वं. ५५ पत्रबाट)

[ने. सं. ४९५ (वि. सं. १४३२) ज्येष्ठ शुक्ल दशमी शुक्रवार हस्तनक्षत्रको दिन बहारकिल्ला बनाइयो । श्रीश्रीजयस्थितिराजमल्लदेव आफैं जानुभयो । क्वाठनायक ( दुर्गपाल ) शिवदास मूलमी थिए । ]

"४९८ फाल्गुण बद्धि २ उत्रफाल्गुण नक्षत्र शूल योग आदीतवार श्रीजयस्थितिराजमलदेवसन ध्वाखा फुस क्वाथ निनथं डंड...थव ल.सवु फिशिरि क्वाठ डोक्व डंडा...श्रीश्रीजयस्थितिराजमलदेवस विजयराजस लिछिवु ह्नीनो चाना खुमदो जुरोम् । "

(गो. रा. वं. ५७ पत्रबाट)

[ ने. सं. ४९८ (वि. स. १४३४) फाल्गुन कृष्ण द्वितीया आदित्यवार उत्तरफाल्गुनी नक्षत्र शूल योगको दिन श्रीजयस्थितिराजमल्लदेवले ढोकामाथिको किल्ला...बनाउन लाउनुभयो ।...यसै महीनामा फिशिरि किल्लाको बिग्रेको भाग बनाउन लाउनुभयो ।...श्रीश्रीजयस्थितिराजमल्लदेवको विजयराज्यभरि रात दिन चोरी भएन । ]

बनेपाली थिए । यसैले अर्जुनमल्ललाई बनेपातिर धपाइदिने योजना मिलाइयो। अनि वि. सं. १४३७ मंसीरमा महामन्त्री जयत आदि सारा भारादारहरूको सम्मति देखाई अर्जुनमल्ल बनेपा पठाइए । साधारण प्रजाले यस घटनालाई अर्जुनमल्लको राज्यच्युति भन्ने नठानून् भन्ने अभिप्रायले बाहिर सम्मान देखाई ठूलो जात्राको रूप दिइएको थियो । वास्तवमा आफूलाई राज्यच्युत गरेको यो घटना बिचरा अर्जुनमल्ललाई असह्य भयो । यसैले यसको २२ दिनपछि राति अर्जुनमल्ल बनेपाबाट भागेर आए । उनले पहिले गोकर्णको किल्लामा शरण लिए । केही दिनपछि ठलो कष्टले उनी भक्तपुरमा पसे । यसरी अर्जुनमल्ल फेरि भक्तपुरमा पसेका हुनाले यसबाट गडबडी मच्चिएला भनी स्थितिमल्लले उनलाई समाती तिपुर क्वाछेंमा कैद गरी राखे । परन्तु यस घटनाले भक्तपुरमा कुनै गडबडी उठेन । भक्तपुरका प्रजाले अर्जुनमल्लको पक्षमा कुनै अवाज उठाएनन् । कडा बन्धनमा परेका हुँदा यसको एक वर्षपछि वि. सं. १४३८मा अर्जुनमल्लको मृत्यु भयो* ।

स्थितिमल्ल चतुर पुरुष थिए । अहिले बल र बुद्धिले विरोधीहरू दबाई राज्याधिकार हात लाए तापनि पछि फेरि विद्रोह हुन सक्छ भन्ने कुरा स्थितिमल्लले देखे । यस कारण अर्जुनमल्ल-पछि आफू गद्दीमा बसे तापनि प्रजाले आफूलाई महाराजाधिराजको रूपमा मान्यता दिए तापनि आफ्नो जीवनभर 'राजल्लदेवीका पति' का हैसियतले रहनु नै उनले श्रेयस्कर संझे ।

अर्जुनमल्लको पतन शुरू भएपछि रामवर्द्धनपरिवारमा पनि महत्त्वपूर्ण परिवर्तन शुरू हुन्छ । यहाँनिर आएर घटनाले फेरि अर्को रूप लिन्छ । जयसिंहराम र अर्जुनमल्लको उठानैदेखि घनिष्ठ सम्पर्क रहेर आएको थियो । अर्जुनमल्ल युवराज छँदै जयसिंहरामले उनका हजुरियाको काम गरेका थिए । उनी राजा छँदा जयसिंहरामले महामन्त्रीको रूपमा हरतरहले उनको साथ दिएका थिए । दुवैथरी बनेपाली थिए । यस्तो हुँदा पनि बढ्ता मेल रहेको थियो । परन्तु अर्जुनमल्ल बनेपामा धपाइंदा तथा पछि भक्तपुरमा उनलाई कैद गर्दा रामवर्द्धनपरिवारले यसको कुनै विरोध गरेन । बीचमा केही वर्ष अवनति भइसकेका जयसिंहरामको यस घटनापछि लगत्तै एकैचोटि उन्नति भएको हुनाले रामवर्द्धनपरिवारले यस बेला स्थितिमल्लको साथ दिएको स्पष्ट देखिन्छ ।

शक्तिशाली तथा प्रतिष्ठित रामवर्द्धनपरिवारलाई चिढाएर विरोधी बनाई राख्दा फाइदा नहुने हुनाले स्थितिमल्लले पनि जयसिंहराम र उनका भाइ मदनरामलाई सामन्तको दर्जा दिई सम्मान गरेको देखिन्छ । यो कुरा तात्कालिक शिलालेख, हस्तलिखित पुस्तकहरूबाट हामी थाहा पाउँछौं । यिनीहरू कुन कुन ठाउँका सामन्त नियुक्त गरिएका थिए भन्ने खुलस्त विवरण पाइएको छैन तापनि बनेपाभेकमा त यिनीहरूको सोझै शासन कायम भएको थियो भन्ने थाहा पाइन्छ । वि. सं. १४३९ को इटुंबहालको अभिलेखमा राजा स्थितिमल्लको उल्लेखै नगरी 'जयसिंहरामवर्द्धनस्य प्रतिपालितविजयराज्ये' भनी लेखिएको हुनाले कान्तिपुरभेकको शासनको भार पनि जयसिंहरामहरूले पाएका थिए भन्ने देखिन्छ ।

---

* 'इतिहास-संशोधनको प्रमाण प्रमेय' को ३६-३७ पृष्ठ हेर्नुहोस् ।

वि. सं. १४४९–५० मा जयसिहरामले सार्न लाएको महाभारतको शल्यपर्ब, गदापर्व पाइएको छ। त्यहाँ उठान र अन्त्यमा लेखिएको वर्णनले रामवर्द्धनपरिवारको अवस्थालाई केही अंशमा प्रकट गर्छ। यस कारण सो वर्णन यहाँ उद्धृत गरिन्छ।

" ॐ स्वस्ति। त्रयोदशाधिके पंचशते नैपालवत्सरे।
कात्तिके कृष्णपक्षे च द्वादश्यां कुजवा(स)रे ॥
श्रीजयस्थितिमल्लस्य पट्टबद्धस्य भूभुजः।
राज्ये नेपालदेशेस्मिन् लिखितं शल्यपर्व्वकं ॥
नेपालभूमण्डलरक्षणाय धरावतीर्णो मधुकैटभारिः।
अशेषसामन्तशिरोमणिश्रीर्महीपतीन्द्रो जयसिंहरामः ॥
सुपुण्यकीर्तिः सुकृतैकसिन्धुरनैकरामस्य कुळैकरत्नं ॥
इदं महाभारतमेतदेवं व्यलीलिखत्स्वर्गफलप्रदं च।
श्रीमन्मनिकराजेन वज्राचार्येण धीमता।
लिखितं शल्यपर्व्वाख्यं महाभारतमुत्तमम् ॥ "

( वीरपुस्तकालय पहिलो १६९३ संख्याको 'शल्यपर्व' बाट। श्री तुशिएनो पेटेकद्वारा यो प्रकाशित भएको छ। मूल पुस्तकसंग भिडाई पाठ शुद्ध गरी यो दिइएको छ।)

[पगरी लाएका (गद्दीनशीन) राजा श्रीजयस्थितिमल्लको राज्यमा नेपालमा ने. सं. ५१३ (वि. सं. १४४९) कार्तिक कृष्ण द्वादशी मङ्गलबारमा यो शल्यपर्व सारियो।

नेपालमण्डलको रक्षाको लागि पृथ्वीमा अवतार लिएका नारायण जस्ता, असल कीर्ति फैलिएका, धर्मात्मा, अनेकरामको कुलको रत्न जस्ता, सारा सामन्तहरूमा शिरोमणि भएका, ठूला शासक जयसिंहरामले पुण्य दिने यो महाभारत लेखाउनुभयो।

बुद्धिमान् श्रीमनिकराज वज्राचार्यले असल महाभारतको शल्यपर्व सारेको हो।]

" श्रीकान्तीवरलब्धबृंहितमहःश्रीजैत्ररामान्वयो
ज्योतीराम इति प्रसिद्धभवनस्तस्यापि पुण्यात्मनः।
सूनुः श्रीमदनेकराम इति यः ख्यातः क्षितीन्द्राग्रणी–
र्मान्यत्कापरराजदंतिनिवहप्रोन्माथिकण्ठीरवः ॥
तस्यात्मजो विजयते जयसिंहरामः प्रत्यर्थिभूमिपतिसंक्षतिकालमूर्तिः।
चिन्तामणिः सुकृतिनां रिपुराजगोपीनारायणो नृपगुणैकनिधिः प्रवीरः ॥
तेन पुण्यात्मना वीक्ष्य जीवितं क्षणभंगुरं।
इदं हि लिखितं पुण्यं महाभारतमुत्तमम् ॥

समाप्तं च गदापर्व्व। ॐ स्वस्ति ॥ त्रयोदशाधिके पञ्चशते नेपालवत्सरे। आषाधकृष्ण खष्ठीमी।[1] ... "

---

१. शल्यपर्वमा परेका उपसंहार वाक्य यसमा पनि छन्।

(वीरपुस्तकालयमा रहेको प. १६९७ ख (४) संख्याको गदापर्वबाट । वंशवर्णन भएको माथिल्लो यो भाग अन्त प्रकाशित भएको छैन ।)

[ श्रीकान्ति (देवता) को वर पाएको हुनाले बल बढेका श्रीजैत्ररामका छोरा प्रसिद्ध ज्योतिराम हुनुभयो । धर्मात्मा उहाँका छोरा, मात्तिएका शत्रु राजाहरूलाई सखाप पारेका, ठूला शासक, प्रसिद्ध अनेकराम हुनुभयो । उहाँका छोरा, शत्रु राजाहरूलाई सखाप पारेका, धर्मात्माहरूको इच्छा पूरा गरिदिने, शत्रु राजाहरूमा गोपीनारायण (कृष्ण) जस्ता, राजामा हुनुपर्ने सारा गुणहरू भएका, वीर जयसिंहराम हुनुहुन्छ ।

धर्मात्मा उहाँले जीवन अस्थिर देखनुभएर पुण्य दिने यो असल महाभारत लेखाउनुभएको हो । ने. सं. ५१३ (वि. सं. १४५०) आषाढ कृष्ण षष्ठीको दिन गदापर्व सारिसिद्धियो । ]

रामवर्द्धनपरिवारको स्तुति गरी जयसिंहरामलाई खुशी पारी अर्थलाभ गर्ने विचार यस वर्णनका रचयिताको हुनाले बढाई चढाई यो वर्णन गरिएको छ तापनि यस बेला जयसिंहराम शक्तिशाली सामन्त थिए भन्ने कुरा यसबाट स्पष्ट बुझिन्छ ।

यसको ५ महीनापछिको एउटा शिलालेख बनेपामा पाइएको छ । त्यसबाट बनेपाभेकको शासन भार सोझै जयसिंहराम र उनका भाइ मदनसिंहरामले पाएका थिए भन्ने थाहा पाइन्छ । सो शिलालेखको केही अंश यस प्रकारको छ—

" श्रीमत्श्रीजयसिंहरामराज्ञस्यानुजश्रीमत्श्रीमदनरामया पालितौ । श्रीवणिकापुरीस्थाने संस्थापिता आदित्यमूर्त्तिदेवता ॥ द्विज श्रीराजश्रमन यज्यमानाः सर्वे... चतुर्द्दशोत्तरे वानसते गतेब्दे नेपालिके तपसप्तम्यां तिथौ गुरुवासरे रेवतीनक्षत्रे सिद्धियोगे । "

(बनेपाको सूर्यमूर्तिको पादपीठमा रहेको अभिलेखको यो अंश लुशिएनो पेटेकद्वारा प्रकाशित भएको छ ।)

[ ने. सं. ५१४ (१४५०) माघ शुक्ल सप्तमी बृहस्पतिवार रेवतीनक्षत्र सिद्धियोगको दिन श्रीश्रीजयसिंहराम राजा र उहाँका भाइ श्रीश्रीमदनरामले पालना गरिएको वणिकापुरी (बनेपा) मा सूर्यदेवताको मूर्ति स्थापना गरियो । पुरोहित श्रीराजशर्मा हुनुहुन्छ, जजमानचाहिं सबै…]

यस अभिलेखमा गद्दीनशीन राजा स्थितिमल्लको उल्लेख गरिएको छैन । जयसिंहरामको अगाडि दुइ श्री र पहाडि राजा भन्ने पद जोडिएको छ । यसबाट जयसिंहरामहरू यतातिरका स्वतन्त्र शासक हुन् भन्ने देखाउन खोजिएको देखिन्छ । यस विषयमा बढ्ता कुरा बुझ्न यहाँ उल्लिखित पुरोहित राज(पति) शर्माको परिचय पाउनु आवश्यक छ । यिनी बनेपाली अर्जुनमल्लहरूका पुरोहित थिए । जयसिंहरामहरूका पुरोहित पनि यिनीहरू नै थिए । पशुपतिको स्थापना गर्दा यिनका बाबु आचार्य बनाइएका थिए + । यस कारण यिनी जयसिंहरामका पक्षपाती हुनु स्वाभाविक थियो । यसो हुँदा

+ "...रघुवंशोद्भवराजपुरोहित ..श्रीश्रीपतिआराध्यस (र्म्मणः) पौत्रेण...विध्वंस्तश्री३पशुपतिलिङ्गप्रतिष्ठाकृताचार्य...रयणपति आराध्यसर्म्मणः कनिष्ठपुत्रेण...श्रीराज( पति )आराध्यसर्म्मणा "

स्थितिमल्लको मृत्यु हुने बित्तिकै धिनले सारेको एउटा पुस्तकको अन्त्यमा जयसिंहरामलाई "महाराजाधिराज परमेश्वर परमभट्टारक" भन्ने विशेषणसम्म पनि लाईदिएका छन्। सो वाक्य यस प्रकारको छ—

"सम्वत् ५१६ कार्त्तिकशुक्लषष्टम्यायां तिथौ पूर्वासाढपरउत्रासाढणक्षत्रे धृतिपरगंडयोगे बुधवाशरे। लिखितमिदं पुस्तकं ॥...श्रीश्रीभोंतराजकुलोपाध्यायश्रीराजपतिशर्मआराधेन लिखितमिदं॥ श्रीश्रीमहाराजाधिराजपरमेश्वरपरमभटारक । श्रीजयशिङ्घरामवर्धनेन प्रतिपालिकराजे । श्रीपूर्णमतिदेसे । श्रो २ इन्देस्वरभटारिकस्थाने"

(वीरपुस्तकालयमा रहेको प. १०७४ संख्याको 'दशकर्मशास्त्र' भन्ने पुस्तकबाट । हरप्रसाद शास्त्री तथा लुशिएनो पेटेकद्वारा यो प्रकाशित भएको छ। मूल पुस्तकसंग भिडाई यो पाठ दिइएको छ। )

[ने. सं. ५१६ (वि. सं. १४५२) कार्तिक शुक्ल षष्ठी बुधवार पूर्वाषाढा उप्रान्त उत्तराषाढा नक्षत्र, धृति उप्रान्त गण्ड योगको दिन श्रीश्रीभोंत (बनेपाली) राजकुलका गुरुज्यू श्रीराजपति शर्मा आराध्यले यो पुस्तक सारेको हो। श्रीश्रीमहाराजाधिराज परमेश्वर परमभट्टारक श्रीजयसिंहराम-वर्द्धनले पालना गरिएको राज्यमा, श्रीपूर्णमती (पनौती) देशमा, श्रीश्रीइन्देश्वर देवताको स्थानमा।]

यति कुराबाट जयसिंहरामका पक्षपातीहरूले स्थितिमल्लको अन्तिम समयमा तथा उनको मृत्यु-पछि जयसिंहरामहरूलाई स्वतन्त्र राजाका रूपमा देखाउने चेष्टा गरेका थिए भन्ने थाहा हुन्छ।

प्रसङ्गवश यहाँ स्थितिमल्लको मृत्युपछिको कुराको पनि अलिकता चर्चा गरियो तापनि अब स्थितिमल्लको दरबारमा जयसिंहराम कुन रूपमा थिए भन्ने गोपालराजवंशावलीकारको वर्णन-तिर दृष्टि दिनुपरेको छ।

स्थितिमल्लको हातमा सर्वाधिकार आएपछि राजकाजमा अस्थिरता धेरै अंशमा रोकियो। यसो हुँदा गोपालवंशावलीमा यसताका विशेष घटनाको उल्लेख कम पाइन्छ। लब्धप्रशमनका लागि स्थितिमल्लले गरेका काम कुराको वर्णन नै त्यहाँ परेको छ। विशेष गरी स्थितिमल्लले गरेका धर्मकृत्यको वर्णन त्यहाँ परेको छ। स्थितिमल्लले गरेका यी धर्मकृत्यमा भक्त पुरुषका रूपमा हाम्रा जयसिंहराम लागेका देखापर्छन्। स्थितिमल्लले देवता पूजा गर्दा जजमान बन्ने बुङ्मतीका लोकेश्वरको दर्शन गर्न स्थितिमल्लहरू जाँदा साथै जाने आदि काम जयसिंहरामले गरेका थिए। यसरी अब जयसिंहराम स्थितिमल्लको साथमा रहने उनका विश्वस्त व्यक्ति बनेको यताबाट बुझिन्छ। यस विषयको गोपालराजवंशावलीको वर्णन यस प्रकारको छ—

---

( पशुपति गचाननीको शिलालेखबाट । संस्कृतसन्देश १।११ मा रामजी तेवारी देवीप्रसाद भण्डारी शङ्करमान राजवंशीद्वारा यो प्रकाशित भएको छ। )

[ रघुवंशी राजाका पुरोहित श्रीश्रीपति आराध्य शर्माका नाति, ध्वस्त गरिएको श्री ३ पशुपतिको लिङ्ग प्रतिष्ठा गर्दा खेरी आचार्य भएका...रघणपति आराध्य शर्माका कान्छा छोरा... श्रीराज (पति) आराध्य शर्माले... ]

"सं. ५०५ जेष्ठ शुक्ल दशमी, श्रीपशुपति सुखाडो थापन श्रीजयस्थितिराजमलदेवस, जजमान जयसिंहराम महाथ भास ।।"

(६२ पत्रबाट)

[ने. सं. ५०५ (वि. सं. १४४२) ज्येष्ठ शुक्ल दशमीको दिन श्रीजयस्थितिराजमल्लदेवले श्रीपशुपतिमा सुखाडो (?) स्थापना गरियो । जजमान महाथ जयसिंहराम थिए ।]

"सं. ५०७ पोष शुद्धि ६ श्रीश्रीजयस्थितिराजमलदेवस्तंन भ्वंत जयसिंहराम महाथ भास्यं थमु झास्यं तिलपात्र दान यात"

(६३ पत्रबाट)

[ने. सं. ५०७ (वि. सं. १४४३) पौष शुक्ल षष्ठीको दिन श्रीश्रीजयस्थितिराजमल्लदेव र बनेपाली महाथ जयसिंहराम आफैं गई तिलपात्र दान गर्नुभयो ।]

"सं. ५०७ वैशाष शुदि ४ श्रीश्रीजयस्थितिराजमल्लदेव ठाकुरस त्रिय पुत्र सहन, बुगम यात्रा बिज्याङ दिन १४ भ्वन्त जयसिंहराम महाथस नपस् ।।"

(६३ पत्रबाट)

[ने. सं. ५०७ (वि. सं. १४४४) वैशाष शुक्ल चतुर्थीको दिन श्रीश्रीजयस्थितिराजमल्लदेव ठाकुर तीन जना छोरासाथ बुग्मतीमा जानुभयो । चौध दिन बस्नुभयो । बनेपाली महाथ जयसिंहराम पनि साथै गए ।]

वि. सं. १४५२ भाद्रमा स्थितिमल्लको मृत्यु भयो + । यसपछि केही काल उनका तीन छोरा धर्ममल्ल, ज्योतिर्मल्ल, कीर्तिमल्लको संयुक्त शासन चल्यो । यस बेला पनि रामवर्द्धनपरिवारको पूर्ववत् प्रभुत्व कायम रह्यो । पशुपतिको शिलालेखमा यस बेला नेपालमण्डलका राजाका रूपमा धर्ममल्लको र सामन्त शासकका रूपमा जयसिंहराम र मदनरामको वर्णन गरेको छ ‡ ।

जयसिंहरामका कुनै छोरा नभएको बुझिन्छ । यसो हुँदा उनका उत्तराधिकारीका रूपमा उनका भतिजा शक्तिसिंहराम देखापर्छन् । जिनीहरूको पालाको वि. सं. १४५३ को एउटा शिलालेख नालामा पाइएको छ । त्यसको केही अंश यस प्रकारको छ–

"सम्वत ५१७ माघ शुक्ल ।। सप्तमितिथौ ।। अश्विनिनक्षेत्र ।। शुभजोग ।। ...श्रीश्रीशिवशिंह्नरामरायस एकछत्र ।। कनेष्ठ असात्य श्रीश्रीसक्तीशिंह्नरामस्य उभयस विजयराज ।। ...श्रीनाळ उपरीमस्थाने..."

(नाला भगवतीस्थानजीकैको धाराको अभिलेखबाट । यो अन्त प्रकाशित भएको छैन ।)

---

+ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ३८ पृष्ठ हेर्नुहोस् ।

‡ 'इतिहास–संशोधनको प्रमाण प्रमेय' को ९६ पृष्ठ हेर्नुहोस् ।

[ने. सं. ५१७ (वि. सं. १४५३) माघ शुक्ल सप्तमी अश्विनीनक्षत्र शुभयोगमा...श्रीश्रीशिवसिंहराम राय र कनिष्ठ अमात्य (साना मन्त्री) श्रीश्रीशक्तिसिंहरामको एकछत्र विजयराज्यमा... श्रीनाला उपरोम स्थानमा ]

यहाँ उल्लिखित शिवसिंहराम हाम्रा जयसिंहराम नै हुन् भन्ने देखिन्छ । वि. सं. १४२१ मा लेखिएको एउटा पुस्तकमा पनि यिनलाई जयशिवराम भनी लेखिएको पाइन्छ—

"सम्वत् ४८४ ज्येष्ठशुक्लद्वादश्यान्तियौ स्वातिनक्षत्रे वरियानयोगे सोमवासरे सम्पूर्णं कृतम् । महाराजाधिराजपरमेश्वरपरमभट्टारक...श्रीश्रीजयार्ज्जुनदेवस्य कल्याणविजयराज्ये । तदा महामहत्तक-श्रीजयशिवरामस्य वर्त्तमाने यादृशं पुस्तकम् ॥"

(केसरपुस्तकालयमा रहेको ५९ संख्याको 'चाणक्यनीति' भन्ने पुस्तकबाट । लुशिएनो पेटेकद्वारा यो प्रकाशित भएको छ । )

[ने. सं. ४८४ (वि. सं. १४२१) ज्येष्ठ शुक्ल द्वादशी सोमवार स्वातिनक्षत्र वरीयान्‌योगको दिन यो किताप सारिसिद्धियो । महाराजाधिराज परमेश्वर, परमभट्टारक...श्रीश्रीजयार्ज्जुनदेवको कल्याण विजयराज्यमा । यस वेला महामहत्तक (महामन्त्री) श्रीजयशिवराम छन् । ]

वि. सं. १४६२ मा लेखिएको एउटा हस्तलिखित पुस्तकबाट त्यस वेला पलांचोकभेकमा शक्तिसिंहराम एकलै शासन गरिरहेका देखिन्छन् । जस्तै—

"सम्वत् ५२५ दुराषाढशुक्लपूर्णमास्यां तिथौ श्रवननक्षत्रे प्रितियोगे आदि(त्य)वाशरे, श्रीपिलखचोस्थाने, श्रीशक्तिशींधरामस्य विजयराजे"

(वीरपुस्तकालमा रहेको ते. ३७७ संख्याको 'गुह्यकालीतन्त्र' भन्ने पुस्तकबाट । बृहत्सूची' चतुर्थ भागको १०३–४ पृष्ठमा यो प्रकाशित भएको छ । )

[ ने. सं. ५२५ (वि. सं. १४६२) द्वितीयाषाढ शुक्ल पूर्णिमा आदित्यवार श्रवणनक्षत्र प्रीतियोगको दिन, श्रीपलांचोकमा श्रीशक्तिसिंहरामको विजयराज्यमा ]

यसपछि हाम्रो यता रामवर्द्धनपरिवारविषयको कुरा बताउने कुनै सामान पाइँदैन । चीनिया वृत्तान्तबाट चाहिं वि. सं. १४८४ सम्म शक्तिसिंहराम शासन गर्दै थिए भन्ने थाहा पाइन्छ ।

भोट र चीनसंग नेपालको सम्बन्ध प्राचीन कालदेखि बराबर कायम रहेर आएको थियो । हाम्रा यी रामवर्द्धनहरूले पनि दूत र कोसेली पठाई चीनदरबारसंग सम्बन्ध राखेका थिए। चीनतर्फबाट पनि कोसेलीसाथ यहाँ बराबर दूत पठाइएका थिए । चीनिया मिङ्-वृत्तान्तमा यसताका परस्परमा भएका दूतको आवत जावतको वर्णन पाइन्छ। यस विषयमा पनि यहाँ अलिकता विचार गर्नु आवश्यक सझन्छु ।

काठमाडौं इटुंबहालको मदनरामको वि. सं. १४३९ को शिलालेखमा मदनरामले आफूलाई 'परममाहेश्वर' (शैवधर्मका ठूला उपासक) भन्ने विशेषण लाएका छन् तापनि उनी बौद्धधर्मतिर पनि उत्तिकै झुकेका थिए भन्ने कुरा उनले इटुंबहालमा दीपङ्कर बुद्धको मूर्ति स्थापना गरेको उल्लेख

यहां परेको हुनाले थाहा पाइन्छ । फेरि मदनरामकी पत्नी जैत्रलक्ष्मी त सुगतवंशावतारिणी (बौद्ध कुलमा जन्मेकी) थिइन् । यसरी मदनरामपरिवार एक प्रकारले बौद्ध–धर्मानुयायी जस्तै थियो । यसै हुँदा वि. सं. १४४१ मा बौद्ध भिक्षुको नेतृत्वमा चीनबाट नेपालमा आएको दूतमण्डलको स्वागत मदनरामले गरे । मदनरामले पनि यताबाट सुनका बुद्धमूर्ति, बौद्ध ग्रन्थ र नेपालका विशिष्ट चीजको कोसेलीसाथ आफ्ना दूत चीनमा पठाए । सो दूतमण्डल वि. सं. १४४४ मा चीनदरबारमा पुग्यो । फेरि यसको तीन वर्षपछि पनि वि. सं. १४४७ मा नेपाली दूतमण्डल चीन गएको वर्णन चीनिया मिङ्ग वृत्तान्तमा परेको छ* । हाम्रो यता पनि यस साल भोट, चीनसंग नेपालले सम्बन्ध जोडेको सानो उल्लेख पाइएको छ । श्रीकेसरपुस्तकालयमा रहेको 'सुमतिसिद्धान्तटीका' भन्ने ८२ संख्याको पुस्तकमा सो कुरा संक्षेपमा यसरी टिपिएको छ—

"ॐ सम्वत् ५१० अश्विनिकृष्ण ॥ मोवाशी ग्रास ॥···थ्व ग्रास श्रीसं सक्या महाचेन बिल्य हंङा । पलाखचो जेतन श्रीमहाविहार प्रतिष्ठा याङा थ्व ग्रासस ॥"

(यो अन्त प्रकाशित भएको छैन)

[ने. सं. ५१० (वि. सं. १४४७) आश्विन कृष्ण अमावास्यामा ग्रहण लाग्यो ।···यस ग्रहणमा श्रीभोटको शक्या (मठ) र महाचीनसंग सम्बन्ध जोडियो । यस ग्रहणमा पलांचोकका जेतले श्रीमहाविहारको प्रतिष्ठा गरे ।]

मदनरामका छोरा शक्तिसिंहरामको समयमा पनि यसै गरी चीनसंग दूतको आवतजावत भएको उल्लेख चीनिया वृत्तान्तमा पाइन्छ* । यसरी चीनसंग सम्बन्ध जोडी रामवर्द्धनपरिवारले आफ्नो स्थिति झन् मजबूत पारेको देखिन्छ ।

यसरी एक शताब्दीभन्दा बढी समयसम्म नेपाल–उपत्यकाको इतिहासमा रामवर्द्धनपरिवारको उल्लेखनीय स्थान रह्यो भन्ने कुरा माथिका विवरणबाट स्पष्ट देखिन आएको छ । यी रामवर्द्धन-हरूले राजकाजभा उत्रने अवकाश कहिलेदेखि कसरी पाए भन्ने उठानका कुरा तथा यिनीहरूको अवसान कहिले कसरी भयो भन्ने अन्त्यका कुरा बुझ्न सकिएका छैनन् । सामानको कमीले गर्दा 'रामवर्द्धनपरिवार र तात्कालिक नेपाल'को विषयमा नबुझिएका कुरा अरू पनि धेरै छन् । यस कमीलाई भविष्यमा अन्वेषण र अध्ययनलाई अझ अगाडि बढाएर पूरा गर्दै जानुपरेको छ।

## काठमाडौं इटुंबहालको मदनरामको वि. सं. १४३९को शिलालेख▭

१.ॐ नमो बुद्धाय । नमो धर्म्माय । नमः संघाय । नमः तारायै ।

---

* लुशिएनो पेटेकको 'मेडिईभल् हिस्ट्री अफ् नेपाल' का २०१–२११ पृष्ठ हेर्नुहोस् ।

▭ यो अभिलेखको मूलभाग संस्कृत–सन्देश १।११ मा रामजी तेवारी+देवीप्रसाद भण्डारी+शङ्कर राजवंशीद्वारा छापिएको छ । त्यसपछि लुशिएनो पेटेकद्वारा पनि यसको अलिकता भाग छापिएको छ । मूलसंग भिडाइ यो पाठ यहाँ दिइएको छ ।

२. स्वस्ति ॥ वैश्यवंशावतारश्रीएकजटीचरणसेवकश्रीकांतीवरलब्धविम-
३. लनिजवृंदावलीविराजमानमहामंत्रीश्रीमदनेकरामवर्द्धनात्मजस्य सो-
४. मवंशावतारिणीश्रीगोधनलक्ष्मीपुत्रेण । यतः नेपालाधिपतिप्र-
५. भुः पशुपतिः भूतेशगौरीपतिः संवासो सुरदीर्घिकाभगवतीश्रीवाग्-
६. मतीकूलके स्थूलः शूक्ष्मपरम्परांतरगतः सर्व्वांशगः श्रीशिवः नित्यं राज-
७. ति भुक्तिमोक्षफलदः श्रीशंकरो शंकरः ॥ तत्र भक्तस्य ।। परमावदातच-
८. रितविमलकीर्त्तिनिधानभूतस्य त्रिभुवनैकसदनस्य अगनितस्ववृं-
९. दावलीविराजमानस्य श्रीश्रीमानेश्वरीवरप्रतिलब्धस्य श्रीमत्श्रीश्रीपशु-
१०. पतिसंस्थापितस्य विपक्षविध्वंसितभास्करकलिपुरंदरावतारम-
११. हामंत्राधिराजतिलकगोपिनारायनमहामंत्रीश्रीजयसिंहरामव-
१२. र्द्धनस्य प्रतिपालितविजयराज्ये ।। तस्य एकोदरानुजः परमधा-
१३. र्म्मिकसकलगुणनिधानचतुर्दशविद्याविलासभरताङ्गभावविच-
१४. क्षणश्रीश्रीत्रिपुरसुंदरीवरप्रसादलब्धपरममाहेश्वरषडाम्ना-
१५. यागमश्रीश्रीत्रिपुरेश्वरीसिद्धापीठिश्रीपलखचोगिरिशिखरराज-
१६. दुर्गस्थाने स्थापितः तत्रैव श्रीश्रीश्रीमदनेश्वरसंस्थापित महतीपुस्क-
१७. रिणीसमण्डपजलशयननारायनस्थापितः श्रीगिरिवरमहावि-
१८. हारे श्रीश्रीस्वयंभूचैत्यश्रीश्रीएकजटीसंस्कारितः परमयोगीन्द्र-
१९. सहजनारा(य)णमहामंत्रीश्रीमदनरामवर्द्धनः ॥ श्रीमदानन्दबोध-
२०. स्य चरणांबुजसेवकः । गोरखात्मजशिष्योसौ धर्म्मविद् योगपार-
२१. गः । अस्ति ज्ञानार्णवोद्भूतो तत्वपीयूषचन्द्रमा । श्रीमन्मदनरामेन ते-
२२. न दीपांकरो कृतः ॥ श्रीमान्पारावताख्ये च वीहारे जिनशासने श्रीश्रीदी-
२३. पांकरम्बुद्धं स्थापितं तेन मंत्रिना ॥ तस्य श्रीमदनरामवर्द्धनस्य
२४. भार्या प्रीतिदात्री परमानन्दकारिणी सुगतवंशावतारिणी धर्मपूत्री
२५. कनकरचितसर्वालंकारतोरणश्रीश्रीबुगमार्यावलोकितेश्वराय
२६. उपढोकिता । तयापि । श्रीजैत्रलक्ष्मीदेव्या । कनकबिरचितश्रीश्री-
२७. महाराजश्रियमार्यताराम्प्रतिमां कृत्वा श्रीपारावताख्ये श्रीसुग-
२८. तशासनेषु स्वधर्म्मचंक्रमणविजयार्थं प्रतिस्थापितवती ॥ यतः ।
२९. सौवर्णप्रतिविम्बका भगवती माता हितार्थागता यावत्तिष्ठतु चं-

३०. द्रसूर्यधरणी तावच्चिरं धर्म्मतः । लोकानां हितकारणाय सततं श्री-
३१. कीर्तिसंपत्तये तारा घोरभयापहा सुखददा श्रीजैत्रलक्ष्मीकृता ॥ नेत्रा-
३२. काशेषुपूर्णे सरदि शुभगते यत्र नेपालदेशे मासे चाषाढशुक्ले दश(मि)
३३. तिथिवरे स्वातिभे साध्ययोगे वारे मार्तण्डपुत्रे विपुलतरधिया स्था-
३४. पिता चार्यतारा श्रीमान्पारावताख्ये सुगतगृहवरे जैत्रलक्ष्म्या प्रदात्री
३५. ॥ मदनरामसुतसौम्यः मदनरूपप्रभासितः । श्रीशक्तिसिंहरामो(सौ) शो-
३६. भनं भुवि राज्यते ॥ प्रतिष्ठापिताचार्यराजपण्डितश्रीमहाबोधि…
३७. देवप्रतिसंस्कारितकाष्ठमण्डपभिक्षु आरजयोनस्य शुभ
३८. … … … … रूपी तारा
३९. सपिण्डिस चोया श्व देवस चंक्रमस धर्म निर्वाहरपं प्रज्ञा धातु जुल श्रीगोत्र
४०. समूहस पुटानपुटन ह्लाया जु…त्रिरत्न…रत्न शुभ ।

## अनुवाद

बुद्धलाई नमस्कार । धर्मलाई नमस्कार । सङ्घलाई नमस्कार । तारालाई नमस्कार ।

कल्याण होस् । वैश्यकुलमा जन्मेका, श्रीएकजटी(देवता)को उपासना गर्ने, श्रीकान्ति (देवता)बाट वर पाएका, आफ्ना असल प्रशस्तिले सुहाएका, महामन्त्री श्रीअनेकरामवर्द्धनका चन्द्रवंशमा जन्मेकी श्रीगोधनलक्ष्मीतर्फबाट जन्मेका छोरा, श्रीपशुपतिका भक्त, अतिअसल चरित्र भएका, असल कीर्ति फैलिएका, अरूलाई शरण दिने, असंख्य आफ्ना प्रशस्तिले सुहाएका, श्रीमानेश्वरीबाट वर पाएका, श्रीपशुपतिनाथ स्थापना गरेका, शत्रुलाई सखाप पारेका, कलियुगमा इन्द्रको अवतार भएका, महामन्त्रीहरूमा श्रेष्ठ भएका, गोपीनारायण, महामन्त्री श्रीजयसिंहरामवर्द्धनले पालना गरिएको विजयराज्यमा ।

नेपालका अधिपति, पार्वतीका पति, स्थूल व्यापक भईकन पनि सूक्ष्म रूपमा रहेका, कल्याण गर्ने, भुक्ति मुक्ति दिने, देवनदी श्रीवाग्मतीको किनारमा बस्ने, भूतनाथ, शङ्कर श्रीपशुपतिनाथ सुहाइरहनुभएको छ ।

उहाँ जयसिंहरामका सहोदर भाइ, ठूला धर्मात्मा, गुणी, चौधै विद्यामा चाख लिने, नाटचकलामा सिपालु, श्रीत्रिपुरसुन्दरीबाट वर प्रसाद पाएका, परममाहेश्वर (शैव धर्मका ठूला उपासक), षट्शास्त्र जान्ने, श्रीपलांचोकको डाँडोको किल्लाभित्र श्रीत्रिपुरेश्वरी सिद्धपीठ र त्यहीं श्रीमदनेश्वर स्थापना गरेका, ठूलो पोखरीमा मण्डपसहित जलशयननारायण स्थापना गरेका, सिम्भूको डाँडोको महाविहारमा श्रीस्वयम्भूचैत्य र एकजटी(देवता)को जीर्णोद्धार गरेका, ठूला योगी, सहजनारायण, महामन्त्री श्रीमदनरामवर्द्धन हुनुहुन्छ ।

उहाँ मदनराम श्रीआनन्दबोधका पाउका भक्त, गोरक्षनाथको सम्प्रदायका अनुयायी, धर्म जान्ने, योग जान्ने, तत्त्व जान्ने, ज्ञानी हुनुहुन्छ ।

उहाँ महामन्त्री मदनरामले श्रीदीपङ्कर बुद्ध बनाउन लाउनुभयो र पारावतबौद्धविहारमा (इटुंबहालमा) श्रीदीपङ्कर बुद्ध स्थापना गर्नुभयो ।

उहाँ मदनरामकी पत्नी, सुखसुबिधा दिने, बौद्धकुलमा जन्मेकी, धर्मात्मा जैत्रलक्ष्मीदेवी हुनुहुन्छ । उहाँ जैत्रलक्ष्मीले बुङ्मतीका श्रीआर्यावलोकितेश्वर (राता मछिन्द्रनाथ) लाई राम्रो सुनको तोरण चढाउनुभयो । उहाँले सुनको महाराजश्री(?) श्रीआर्यताराको मूर्ति बनाउन लगाई पारावतबौद्धबिहारमा आफ्नो धर्मको प्रचार र जय होस् भन्नाको लागि स्थापना गर्नुभयो । जैत्रलक्ष्मीदेवीले बनाउन लाएको, हित गर्ने, भगवती तारा माईको सुनको मूर्ति चन्द्र सूर्य पृथ्वी रहेसम्म सधैं लोकको हित गरी, श्रीसम्पत्ति कीर्ति सुख दिई ठूलठूला भय हटाई रहिरहोस् ।

ने. सं. ५०२ (वि. सं. १४३९) आषाढ शुक्ल दशमी शनैश्चरवार स्वातिनक्षत्र साध्ययोग परेको दिन ठूलो बुद्धि भएकी दानी जैत्रलक्ष्मीले श्रीपारावतविहारमा आर्यतारा स्थापना गर्नुभयो ।

मदनरामका छोरा, सज्जन, कामदेव जस्तै राम्रा, श्रीशक्तिसिंहराम सुहाइरहनुभएको छ ।

प्रतिष्ठा गर्दा आचार्य भएका राजपण्डित श्रीमहाबोधि···देवताको जीर्णोद्धार गरेका काष्ठमण्डपका भिक्षु आरजयोन थिए । शुभ ··· ··· ···

‡—‡

# यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू

*—शङ्करमान राजवंशी*

"वि. सं. १४६५ मा + यक्षमल्लको जन्म भयो ।"

(१) ५२८ यक्षमल्ल जन्म

[चन्द्रमान जोशीसंग रहेको ठ्यासफुबाट]

[ने. सं. ५२८ (वि. सं. १४६५) मा + यक्षमल्लको जन्म भयो ]

"राजा ज्योतिर्मल्लका छोरा राजकुमार यक्षमल्ल वि. सं. १४६९ मा राजधानी भक्तपुरमा थिए ।"

+ यहाँ वि. सं. १४६४ को उत्तरार्द्ध वा १४६५ को पूर्वार्द्ध हुन सक्छ ।

(२) देवः श्रीजयजोतिमल्लनृपतिः संसारदेवीपतिः……
श्रीजोतिमल्लहृदयनन्दनयक्षमल्लः……
भक्तापुरीनगरवासितसौख्यकारी
दुर्भिक्षदुःखभयहारणदेवमूर्तिः।……

संवत् ५३३ माघ शुक्ल त्रयोदशी पुनर्वसुनक्षत्रे प्रीतियोगे आदित्यवारे

(पशुपतिको ज्योतिर्मल्लको वि. सं. १४६९ को अभिलेखबाट)

[संसारदेवीका पति राजा श्रीजयज्योतिर्मल्लदेव हुनुहुन्छ । उहाँका छोरा भक्तपुरका बासिन्दालाई सुख दिने अनिकाल दुःख डर हटाउने देवमूर्ति भएका यक्षमल्ल हुनुहुन्छ ।……ने. सं. ५३३ (वि. सं. १४६९) माघ शुक्ल त्रयोदशी आइतवार पुनर्वसु नक्षत्र प्रीति योगमा ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५३३ वि. सं. १४६९ माघ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ २० | आइत | त्रयोदशी | ३ । ५३ | पुनर्वसु | ४२ । ४ | प्रीति | ५६ । ५५ |

यस वेला वि. सं. १४६९ मा यक्षमल्ल ४ । ५ वर्षका बालक थिए । उनी आफ्ना बाबुसंग राजधानी भक्तपुरमै रहन्थे । यस शिलालेखमा यक्षमल्ल भक्तपुरका शासक बनाइएका थिए भन्ने उल्लेख छैन । यहाँ राजकुमार देवता जस्ता हुनुहुन्छ । उहाँबाट (उहाँको जन्मबाट) भक्तपुरमा दुःख दारिद्रय हटिरहेछ भन्ने स्तुति परेको छ ।

यस कारण–

"स्मरण रहोस् कि ज्योतिर्मल्लले आफ्नो पशुपति-अभिलेखमा यक्षमल्ललाई 'भक्तापुरीनगरवासितसौख्यकारी' लेखेर आफ्नो जीवनकाल अर्थात् नेपाली संवत् ५३३ ( +८८०=१४१३ ई.) देखिनै यक्षमल्ल भादगाउँका युवराज अथवा शासक भएको प्रमाण दिएका छन् ।"

{श्रीबालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखाको
वि. सं. २००८ मा प्रकाशित भएको पहिलो संस्करणको १४२ पृष्ठ}

(वि. सं. २०२२ मा श्रीबालचन्द्रज्यूले नेपालको ऐतिहासिक रूपरेखाको दोस्रो संस्करण गर्नुहुँदा पनि उही वाक्य जस्ताको तस्तै दोहोऱ्याउनुभएको छ । १४१ पृष्ठ हेर्नुहोस् ) ।

ज्योति मल्ल तथा संसार देवीका छोरा यक्ष मल्ल पिताका मृत्यु पछी सिंहासनारूढ भये ।…… ज्योति मल्लको पशुपतिको शिलालेखबाट अपना पिताका राजत्व कालमा भादगाउँको शासनभार इनका अधीन भयेको कुरा अनुमान हुन्छ । तेसमा इनका सुन्दर शरीरको वर्णन गरी इनलाई भक्तापुरीका नागरिकहरूलाई दुर्भिक्षका भयदेखी मुक्त गराउने भनी लेखियेको छ । (दुर्भिक्ष भय हारणदेवमूर्ति) भादगाउँमा अनिकाल पर्दा इनले तेसको प्रतिकार गरेका कुरा बाट युवराज छँदा नगरका शासनको जिम्मा इनैको रहेछ भन्ने यौटा अनुमान हुन्छ ।

(श्रीसूर्यविक्रम ज्ञवालीको नेपाल उपत्यकाको मध्यकालीन इतिहासको ८९ पृष्ठ)

शर्माज्यू र ज्ञवालीज्यूका यी उक्ति निराधार देखिन्छन् ।

अहिलेसम्म पाइएका प्रमाणबाट राजा ज्योतिर्मल्ल वि. सं. १४८५ आषाढ २९ गतेसम्म जीवित रहेका र वि. सं. १४८५ मार्ग १८ गते यक्षमल्ल राजा भइसकेका देखिन्छन् ।

"वि. सं. १४८५ आषाढ २९ गते शुक्रवारको दिन ज्योतिर्मल्लका पालामा पीठावतारस्तोत्र सारिसिद्धियो ।"

(३) ने. सं. ५४८ आषाढशुदित्रयोदश्यां तिथौ ज्येष्ठनक्षत्रे ब्रह्मयोगे शुक्रवासरे सम्पूर्णदिने लिखितम् ......राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयज्योतिमल्लदेवस्य विजयराज्ये

{ केशरपुस्तकालय सं. ४७ को पीठावतार-स्तोत्रबाट }

[ने. सं ५४८ (वि. सं. १४८५) आषाढ शुक्ल त्रयोदशी शुक्रवार ज्येष्ठा नक्षत्र ब्रह्म योगको दिन लेखिसिद्धियो...राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयज्योतिर्मल्लदेवको विजयराज्यमा]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५४८ वि. सं. १४८५ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| आषाढ | २९ | शुक्र | त्रयोदशी | २८।३९ | ज्येष्ठा | १५।२३ | ब्रह्म | ४०।५५ |

"वि. सं. १४८५ मार्ग १८ गते सोमवारको दिन यक्षमल्लका पालामा श्रीधरानन्दले शुक्ल-यजुर्वेदसंहिता सारिसिद्धयाए ।"

(४) शाकसम्वत्सरे १३५० मार्गशिरमासे शुक्लपक्षे न(व)मी पूर्व्वभद्रनक्षत्र वज्रयोग चन्द्रवारे ॥ श्रीभक्तग्रामपट्टने राजाद्धिराजपरमेश्वरपरमभट्टारकरघुवंशावतारश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये लिखित श्रीधरानन्दै ॥

(वीरपुस्तकालय प. नं. ७८७ को शुक्लयजुर्वेदसंहिताबाट )

[शकसंवत् १३५० (वि. सं. १४८५) मार्ग शुक्ल नवमी सोमवार पूर्वभाद्र नक्षत्र वज्र योगको दिन श्रीभक्तग्रामशहरमा राजाधिराज परमेश्वर परमभट्टारक रघुवंशावतार श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा श्रीधरानन्दले सारे ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

श. सं. १३५० वि. सं. १४८५ मार्ग शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १८ | सोम | नवमी | ४९।५५ | पूर्वभाद्र | ३८।२४ | वज्र | ३४।२७ |

"वि. सं. १४८६ ज्येष्ठ १३ गते आइतवारको दिन यक्षमल्लका पालामा शुक्लयजुर्वेदसंहिता सारिसिद्धियो ।"

(५) सम्वत् ५४९ ज्येष्ठमासे शुक्लपक्षे पञ्चम्यायां तिथौ पुनर्व्वसुनक्षत्रे वृद्धिजोगे आदित्यवारे तद्दिने सिद्धि भवतु । श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराजे श्रीभगतापुरीनगरे श्रीचनिगल-स्थाने

( वीरपुस्तकालय प. नं. ७३६ को शुक्लयजुर्वेदसंहिताबाट )

[ने.सं. ५४९ (वि. सं. १४८६) ज्येष्ठ शुक्ल पञ्चमी आइतवार पुनर्वसु नक्षत्र वृद्धि योग त्यस दिन सिद्धि होस् । श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा श्रीभक्तपुर शहरमा श्रीचनिगल स्थानमा ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५४९ वि. सं. १४८६ ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | १३ | आइत | पञ्चमी | ५७। ५४ | पुनर्वसु | १६।३८ | गण्ड | ११।४१ |

"वि. सं. १४८६ आश्विन ५ गते शनिवारको दिन यक्षमल्लका पालामा ललितपुर क्वावहालमा बस्ने जीवयीभद्रले वज्रावली सारिसिद्धचाए ।"

(६) सम्वत् ५४९ भाद्रपदशुक्लपञ्चम्यां तिथौ विशाषनक्षत्रे शनिश्चरवासरे राजाधिराजपरमेश्वरस्य श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्य लिखितं । श्रीमाणिगलके उत्रविहारे श्रीहर्ण्णवर्ण्णमहा-विहारावस्थितभिक्षु श्रीजीवयीभद्रेन स्वहस्तेन लिखितम् इति ।

{ क्याम्ब्रिज विश्वविद्यालय पुस्तकालयको नं. १७०३ को वज्रावलीबाट }

[ने. सं. ५४९ (वि. सं. १४८६) भाद्र शुक्ल पञ्चमी शनैश्चरवार विशाखा नक्षत्रमा राजाधिराज परमेश्वर श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा लेखियो । माणिगल (ललितपुर) उत्तर विहार श्रीहिरण्यवर्ण महाविहार (क्वावहाल) मा बस्ने भिक्षु श्रीजीवयीभद्रले आफैले सारे ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५४९ वि. सं. १४८६ भाद्र शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| आश्विन | ५ | शनि | पञ्चमी | ५०।५९ | विशाखा | ४५।५६ |

"वि. सं. १४८६ पौष २८ गते आइतवारको दिन यक्षमल्लका पालामा भक्तपुरका ज्योतिषी जसबमले ज्योतिषरत्नमाला सारिसिद्धचाए ।"

(७) इति श्रीश्रीपतिविरचितायां ज्योतिषरत्नमालायां वास्तुप्रकरणं... ... सम्वत् ५५० पौष्य-कृष्ण (६) तिथौ । हस्तनक्षेत्रे धृतियोगे आदित्यवासरे । राजाधिराज परमेश्वर प-(रमभट्टारक)... ... जयजक्षमल्लदेवस्य विजयराजे लिखित श्रीभगतग्रामे विजहरिकोछें टोल देवज्ञ जसव्रंमेन स्वरार्थ परार्थहेतु... ...

(वीरपुस्तकालय च. नं. १६१ को ज्यौतिषरत्नमालाबाट)

[श्रीपतिले बनाएको ज्यौतिषरत्नमालामा वास्तुप्रकरण सिद्धियो।... ... ने. सं. ५५० (वि. सं. १४८६) पौष कृष्ण (पूर्णान्तमानले माघ कृष्ण) षष्ठी आइतवार हस्त नक्षत्र धृति योगमा राजाधिराज परमेश्वर परमभट्टारक... ...जययक्षमल्लदेवको विजयराज्यमा श्रीभक्तग्राममा विजहरिकोछें टोलका ज्योतिषी जसवमले आफ्नो र अरूको निमित्त सारे।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५५० (वि. सं. १४८६) पौष कृष्ण (पूर्णान्तमानले माघ कृष्ण)

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| पौष २८ | आइत | पञ्चमी | ०।३१ | हस्त | २४।२० | धृति | ६०।० |

"वि. सं. १४८९ वैशाख १२ गते आइतवारको दिन यक्षमल्लका पालामा फर्पिङका राजा (सामन्त) शक्तिसिंहले फर्पिङको विष्णुमन्दिरमा सुनको ध्वजा चढाए।"

(८) परमभट्टारकपरमेश्वरमहाराजाधिराजश्रीश्रीमज्जययक्षमल्लदेवस्य विजयराज्ये ॥

सिद्धि कृत्वा तु सर्व्वत्रच्छादितं श्रृंखलेव च
सुवर्ण्णकलशैकं तु विधिना च प्रतिष्ठितम्
पुर... ... ... रेकेन यज्ञं कृतदिनाष्टकं
जैतलक्ष्मीवधू द्वे च शक्तिसिंहो नृपस्तयो
ज्योतिसिंहः कुमारश्च संपूर्ण्णं कृतयज्ञकः
नेत्रशरभूतयुते गते ऽब्दे
राधो शितषष्ठतिथौ शिवर्क्षे
सूर्ये दिने सुकर्मयोगमुख्ये
स्वर्ण्णध्वजारोपितविष्णुहर्म्ये ॥

{ वीरपुस्तकालयको संग्रहमा रहेको फर्पिङको शिलालेखबाट }

[परमभट्टारक परमेश्वर महाराजाधिराज श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा।

सबै बनाइसकी छाना पनि लाइयो। विधिपूर्वक सुनको गजुर राखियो।... ... आठ दिनसम्म यज्ञ गरियो। रानी जैतलक्ष्मी र कुमार ज्योतिसिंह सहित भई राजा (सामन्त) शक्तिसिंहले यज्ञ पूर्ण गर्नुभयो।

ने.सं.५५२ (वि. सं. १४८९) वैशाख शुक्ल षष्ठी आइतवार आर्द्रा नक्षत्र सुकर्मा योगमा विष्णु-मन्दिरमा सुनको ध्वजा चढाइयो।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५५२ वि. सं. १४८९ वैशाख शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| वैशाख १२ | आइत | षष्ठी | २६।१४ | आर्द्रा | १७।२३ | सुकर्म | २९।८ |

"वि.सं. १४९० ज्येष्ठ ४ गते बृहस्पतिवारको दिन यक्षमल्लका पालामा मुख्य मन्त्री भीमदत्तका छोरा जयदत्तले भक्तपुरमा विष्णु मूर्ति स्थापना गरी एकादशीमाहात्म्य सारे ।"

(९) नेपालवत्सरहरेक्षणबाणभूते वैशाखपक्षशितत्रिश्वतिथौ च हस्ते ।
योगे शनौ दिवसि देवगुरौ वृषर्क्के तस्मिन्मृगांकमहकन्यगते बभूव ।।... ...
सत्कीर्त्यातिकरो द्विजे हितकरो दीनेनुकम्पाकर··· ··· · ·
भीमोदत्तविधोरवः कुलमुखोऽमात्यः प्रमुख्यो वरः ।।
तस्यात्मजोसी ।।
प्रविदितजयदत्तो विष्णुपूजानुरक्तः ।
स्वजनजनगणानां रक्षणु धारहेतुः ।।
अनेन कुलपुत्रेण धार्म्मिकेन सुधीमता ।
हेमाकृतिमयं विष्णुं प्रतिष्ठापटसंयुतं ।।
नारायणांघ्रिकमलां परिपूज्यमानः
श्रद्धान्वितेन तनुवाचिकमानसेन ।
धर्म्मार्थकामफलसाधनहेतुभूत
एकादशीव्रतसुपूर्ण्णकृतश्च चक्रे ।।... . .
सोयं श्रीजययक्षमल्लनृपतिर्नेपालराज्येश्वर–
स्तस्यास्मिन् विजयप्रचारसमये भक्तापुरीराज्यके ।।
{ वीरपुस्तकालय पहिला नं १००३ को एकादशीमाहात्म्यबाट }

[ने. सं. ५५३ (वि. सं. १४९०) वैशाखशुक्ल एकादशी बृहस्पतिवार हस्त नक्षत्र वज्र योगमा वृष राशिमा सूर्य, कन्या राशिमा चन्द्रमा गएका बेलामा . ....असल कीर्ति भएका ब्राह्मणमा हित गर्ने दुःखीमा दया गर्ने... चन्द्रमा झैं कुलको प्रमुख भएका असल मुख्य मन्त्री भीमदत्त हुनुहुन्छ ।

उहाँका छोरा विष्णुका भक्त, आफ्ना मानिसहरूको रक्षा गर्ने प्रख्यात जयदत्त हुनुहुन्छ । विद्वान् धर्मात्मा उहाँ कुलपुत्रले सुनको विष्णु मूर्ति स्थापना गर्नु भयो । श्रद्धापूर्वक शरीर मन वचन कर्मद्वारा विष्णुका पाउको पूजा गर्ने उहाँले धर्म अर्थ कामको फलसाधन गर्नामा कारण भएको एकादशीव्रत सारिसिद्धचाउनुभयो । .. ... नेपाल राज्यका मालिक उहाँ राजा श्रीजययक्षमल्ल हुनुहुन्छ । यस भक्तपुरराज्यमा उहाँको विजय प्रचार भइरहेको वखतमा ।

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५५३ वि. सं. १४९० वैशाख शुक्ल

| | गते | बार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | ४ | बृहस्पति | एकादशी | १६।८ | हस्त | ५५।१२ | वज्र | २१।३२ |

स्पष्टसूर्य १।३।३४ हस्त नक्षत्रको कन्या राशि हुन्छ ।

पेटेकले आफ्नो नेपालको मध्यकालको इतिहासमा यो पुस्तकको उद्धरण यसरी गर्नुभएको छ–

नेपालवत्सरहरेकृष्णबाणभूते (=५५७?) वैशाखपक्षशितविश्व (=१३) तिथौ च हस्ते । योगे शनौ दिवसि देवगुरौ × × वर्के । तस्मिन् मृगाङ्क-मह-कन्य-गते बभूव ।।... ... श्रीजययक्षमल्ल-नृपतिर्नेपालराज्येश्वरस्तस्यास्मिन् विजयप्रवरसमये भक्तापुरीराज्यके च ।। ( १६२ पृ. )

यहाँ पेटेकले 'नेपालवत्सरहरेकृष्णबाणभूते' भनी पाठ पढ्नुभई हरेकृष्णको अर्थ ७, बाणको अर्थ ५, भूतको अर्थ ५ गरी संवत् ५५७ भन्ने अर्थ गर्नुभएको छ। यही ५५७ को गणनाबाट तानतुन गरी विश्वतिथिको अर्थ १३ भनी गर्नुभएको छ। यहाँ शुद्ध पाठ 'नेपालवत्सरहरेक्षणबाणभूते, हो । हर + ईक्षण =हरेक्षण, हरेक्षणको अर्थ महादेवका आँखा भन्ने हुन्छ। महादेवका तीन ओटा आंखा छन् । यसबाट हरेक्षणको अर्थ अङ्कमा ३ भन्ने हुन्छ । त्यस कारण शुद्ध संवत् ५५३ हो, ५५७ अशुद्ध हो ।

तिथिका मालिक मुहूर्तचिन्तामणि शुभाशुभप्रकरणमा यसरी दिइएका छन्–

तिथीशा वह्निकौ गौरी गणेशोऽहिर्गुहो रविः ।
शिवो दुर्गान्तको विश्वे हरिः कामः शिवः शशी ।।३।।

[अग्नि, ब्रह्मा, पार्वती, गणेश, सर्प, स्वामिकार्तिक, सूर्य, शिव, दुर्गा. यमराज, विश्वदेव, विष्णु, कामदेव, शिव, चन्द्रमा, यी क्रमैले प्रतिपदादि तिथिका मालिक हुन् ।]

यहाँ एकादशी तिथिका मालिक विश्वदेव हुनाले विश्वतिथिको अर्थ एकादशी भन्ने हुन्छ ।

"वि. सं. १४९० फाल्गुन १२ गते बृहस्पतिवारको दिन यक्षमल्लका पालामा भविष्यपुराण सारिसिद्धियो ।"

(१०) सम्वत् ५५४ माघकृष्णएकादश्यान्तिथौ मूलनक्षत्रे शुद्धियोगे गुरुवासरे ।। राजाधिराज-श्रीश्रीजययक्ष मल्लदेवस्य विजयराज्ये लिषितमिदम् ।

{क्याम्ब्रिजविश्वविद्यालय पुस्तकालयको
नं. २८३४ को भविष्यपुराणबाट }

[ने. सं. ५५४ (वि. सं. १४९०) माघ कृष्ण पूर्णान्तमानले फाल्गुन कृष्ण एकादशी बृहस्पतिवार मूल नक्षत्र...योगमा राजाधिराज श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा यो लेखियो ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५५४ (वि. सं. १४९०) माघ कृष्ण (पूर्णान्तमानले फाल्गुन कृष्ण)

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १२ | बृहस्पति | एकादशी | ३। ४० | मूल | २३।५१ | हर्षण | ४। १० |

"वि. सं. १४९२ माघमा यक्षमल्ल र जीवमल्लका पालामा कुट्टिनीमत सारिसिद्धियो ।"

(११) सम्वत् ५५६...माघ व्रतचर...श्रीश्रीजीवमल्लदेव... ...

{बंगालको एशियाटिक सोसाइटीको
नं. ४७३१ को कुट्टिनीमतबाट }

[ने. सं. ५५६ (वि. सं. १४९२)······माघ व्रत······श्रीश्रीजीवमल्लदेव······]

"वि. सं. १४९४ चैत्र १६ गते मङ्गलवारको दिन यक्षमल्ल र जीवमल्लका पालामा ठिमीको महादेवमन्दिरको प्रतिष्ठा भयो ।"

(१२) श्रीनेपालमण्डलेश्वर······श्रीश्रीजययक्षमल्लदेव सरूपदेवीउदयानदेवीहृदयसरोवरराजहंसः ॥

ज्योतिमल्लसुतो भाति स श्रीमान् भूपतिः कृतीः ।
सूर्यबंशावतंसोथं यक्षमल्लो गुणाश्रयः ॥
संसारदेव्यास्तनयः सुबुद्धिविवेकनारायण एष भाति
श्रीयक्षमल्लानुजः शास्त्रवेदीः श्रीजीवमल्लो नृपरत्नमूर्तिः ॥

तयोर्द्वयोर्व्विजयराज्ये ॥···॥·········सम्वत् ५(५८) फाल्गुणशुक्ल पूर्ण्णमासी भौमवार❀ देवल प्रतिष्ठादिन ॥

(ठिमी महादेवमन्दिरको शिलालेखबाट)

[···श्रीनेपालमण्डलेश्वर···श्रीश्रीजययक्षमल्लदेव सरूपदेवी र उदयानदेवीका हृदयरूपी तलाउका राजहंस हुनुहुन्छ ।

सूर्यवंशमा जन्मेका ज्योतिर्मल्लका छोरा विद्वान् गुणी राजा श्रीयक्षमल्ल हुनुहुन्छ । उहाँ संसारदेवीका छोरा हुनुहुन्छ तथा बुद्धिमान् विवेकी हुनुहुन्छ। यक्षमल्लका भाइ शास्त्र जान्ने राजा जीवमल्ल हुनुहुन्छ । उहाँ दुइजनाको विजयराज्यमा·········ने. सं. ५५८ (वि. सं. १४९४) फाल्गुनशुक्ल पूर्णिमा मङ्गलवारको दिन मन्दिरको प्रतिष्ठा भयो ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५५८ वि. सं. १४९४ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| चैत्र | १६ | मङ्गल | पूर्णिमा | ५२ । ३ |

(यी सामानहरूमा केही प्रकाशित केही अप्रकाशित छन् । तिनीहरूको विशेष परिचय पछि दिइनेछ ।)

क्रमशः

–०–

❀ वीरपुस्तकालयको भक्तपुरशिलालेखसूची ७ पृष्ठमा सोमवार भनी अशुद्ध पाठ छापिएको छ ।

# स्नेहमण्डप

भोलानाथ पौडेल

भक्तपुर राजदरबारको मूलचोक तलेजुचोकको नाउँले पनि प्रसिद्ध छ। त्यहाँ तलेजुका मन्दिर भएका हुनाले नै सो चोक तलेजुचोकको नाउँले प्रसिद्ध भएको हो । त्यहाँ दक्षिण लङ्मा र पश्चिम लङ्मा गरी तलेजुका दुइटा मन्दिर छन् । तीनमध्ये दक्षिण लङ्को मन्दिरचाहिं तलेजुको प्राय: सधैंको वासस्थान हो । पश्चिम लङ्को मन्दिर भने दसैंका निमित्तको हो । दसैंमा त्यसै मन्दिरको भूइँ तलामा जमरा राखिन्छ । दसैंमा तीन दिन जति तलेजु भवानीको त्यहीं वास हुन्छ ।

ती दुवै तलेजुमन्दिरका सामुन्ने चोकको नैर्ऋत्य भागमा एउटा भव्य मण्डप (वेदी) छ । सो मण्डपका चारै पाटा राम्रा ढुङ्गाले बनाइएका छन् । माथिबाट पनि टम्म ढुङ्गा छापिएको छ । त्यसको उचाइ तलेजुमन्दिरका पेटीसरहको छ । त्यसरी चोकको एक भागमा रहेको सुन्दर स्थायी मण्डपलाई देख्ता यसलाई कसले किन बनायो होला भनी त्यहाँ पुगेका जिज्ञासुका मनमा तुलबुल हुनु स्वाभाविक कुरो हो । तर उक्त मण्डपलाई कसले कहिले बनायो होला भन्ने कुरा धेरै कालदेखि मनमा खेले तापनि त्यस विषयको कुनै साधन नपाइएकाले त्यसै रहेको थियो ।

हाल केही समय यता भक्तपुरका शिलापत्रहरूको मनन गर्दै जाँदा त्यस विषयका दुइटा शिलापत्र पाइएका छन् । तिनमध्ये पहिलो शिलापत्र हाल पानीअड्डा बसेको घरको दलानभित्र हरिशङ्करको मन्दिरमा छ । त्यस शिलापत्रमा राजा जगत्प्रकाश मल्लले वि. सं. १७१८ मार्ग १८ गते आफ्ना इष्टदेवता तलेजु भवानीलाई एउटा मण्डप समर्पण गरी आफ्ना सालिकसमेत राखेको वर्णन र हिन्दी जस्तो भाषामा तलेजु भवानीको भजन पनि लेखिएको छ । दोस्रो शिलापत्र-चाहिं हाल भक्तपुर म्यूजियमको ढोका (थंथुदरबारको दक्षिण भाग) अगाडिको वत्सलादेवीको रातो मन्दिरमा छ । त्यस शिलापत्रमा राजा जगत्प्रकाश मल्लले वि. सं. १७१९ वैशाख संक्रान्तिका दिन अघि आफैंले बनाएको स्नेहमण्डपमा वर्षको तीन पटक (बिस्केट, दसैं, घोडेजात्रामा) बत्ती बाल्न र बिस्केटका उत्सवमा योगिचक्र (चक्रपूजा) आदि गराउन २४ रोपनी जग्गा गूठी राखि-दिएको कुरा छ । ती दुवै शिलापत्रका केही ऐतिहासिक सारभाग यस प्रकारका छन्+ ।

पहिलोको—

श्री ३ भवान्यै नमः

दृङ्मातङ्गनगैर्म्मिते रविदिने नेपालशाके सहः-
षष्ठ्यां भे श्रवणे सिते शुभदिने योगे ध्रुवे तैतिले ।
नेपालेशजगत्प्रकाशनृपतिर्भूपालचूडामणि-
र्दिव्यं मण्डपमुत्ससर्ज बिधिना मानेश्वरीप्रीतये ॥

---

+ अप्रकाशित यी शिलापत्रका केही अंश भक्तपुरशिलालेखसूचीमा प्रकाश भएका छन् ।

पुत्राभ्यां समुपासिताऽतिविनयादादाय माल्यं करे
सेवाचंचुरचन्द्रशेखरवरामात्येन संसेविता ।
मर्यादागुणवारिधेर्न्निरुपमा सौन्दर्य्यविद्याखने–
र्म्मूर्त्तिर्म्मल्लजगत्प्रकाशनृपतेर्व्वर्त्ति सर्वोपरि ॥

[तलेजु भवानीलाई * नमस्कार छ । ने. सं. ७८२ (वि. सं. १७१८) मार्ग शुक्ल षष्ठी आदित्यवार श्रवण नक्षत्र ध्रुव योग तैतिल करण ‡ भएको राम्रो दिनमा राजाहरूमा शिरोमणि. नेपालका राजा जगत्प्रकाश मल्लले मानेश्वरीलाई खुशी पार्न विधिबमोजिम असल मण्डप समर्पण गर्नुभयो ।

दुइ छोराले सेवा गरिएको, सेवा गर्नमा सिपालु भएका हातमा माला लिएका असल मन्त्री, चन्द्रशेखरले सेवा गरिएको, नियमको पालना गर्ने, गुणी, राम्रा, विद्वान्, राजा जगत्प्रकाश मल्लको बेजोड सालिक सबभन्दा उत्तम भएर रहेको छ ।]

---

* यहाँ 'भवान्यै नमः' को अर्थ गर्दा तलेजु भवानीलाई नमस्कार भनी गरिएको छ । अरू सुवर्णपत्र आदि अभिलेखहरूमा पनि तलेजुलाई (तलेजु भवानीलाई) बुझाउन 'भवानी' शब्द प्रयोग भएको देखिएको छ । जस्तै—

राजा जितामित्रले सुनको जलपदार ढोका, तोरण तलेजुलाई समर्पण गरी तलेजुकै तोरणमा कुँदेको सुवर्णलेखमा "श्रीश्रीश्रीभवान्यै नमः" लेखिएको छ । यसै गरी राजा जितामित्रले तलेजु प्रीति गरी राखेका अरू अभिलेखमा पनि "श्रीश्रीश्रीभवान्यै नमः" नै लेखाएका छन् ।

(अभिलेख–संग्रह ७ भागको २४,२५,२८ पृष्ठ र ११ भागको ९ पृष्ठ हेर्नुहोस् ।)

राजा योगनरेन्द्रमल्लले भक्तपुरका तलेजुलाई गूठी राखिएको सुवर्णपत्रमा पनि उठानमा "भवान्यै नमः" नै लेखिएको छ । (अभिलेख–संग्रह ७ भाग २९ पृष्ठ हेर्नुहोस् ।)

भूपतीन्द्रकी रानी विश्वलक्ष्मीले तलेजुलाई जग्गा, गहना चढाई राखेको अभिलेखमा तलेजु, र भवानी एउटै देवता हुन् भनी लेखिएको छ—
वन्दे भवानीं गिरिराजकन्यकां तलेश्वरीं विश्वजनैकवन्द्यां ।

(तलेजुचोकको अप्रकाशित सुवर्णपत्रबाट)

[संसारभरकै मानिसले ढोगिन लायक भएकी, हिमालयकी पुत्री, तलेजु भवानीलाई ढोग्छु ।]

‡ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ७८२ वि. सं. १७१८ मार्ग शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. | करण | घ. प. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १८ | आइत | षष्ठी | ४४।४९ | श्रवण | १८।३८ | ध्रुव | १७।३० | कौलव | १६।३९ |

दोस्रोको—

नेपालमण्डले, श्रीश्रीश्रीपशुपतिसन्निधाने, वासुकिक्षेत्रे, वाङ्मत्याः पूर्व्वकूले श्रीभक्तपत्तने राजधान्यामिहैव पुण्यभूमौ ।। अद्य चतुःसहस्रसप्तशतत्रिषष्टयाधिककलिवर्तमानवर्षे सप्तशताष्टद्वयधिकनेपालवर्षे विरोधकृतनामवत्सरे वसन्तऋतौ चैत्रमासे कृष्णपक्षे पञ्चम्यान्तिथौ धनदाख्यदिने कौलवकरणे ज्येष्ठनक्षत्रे वरियानयोगे मित्रमुहूर्ते शनैश्चरवासरे जीवहोरायां मेषराशिगते सवितरि बिछराशिगते चन्द्रमसि एवं विशेषनविशिष्टतरायां विषुवत्संक्रान्तिमहापार्व्वण्यदिवसे श्रीभक्तपत्तने ··· भक्तापुरैकादशस्वर्णकलशछत्रद्वारतोरणगवाक्षपटलस्वर्णमूर्तिराशिनक्षत्रादिनानाप्रकारविचित्रितस्वर्गाप्यधिकसुमनोहरप्रासादवासिनीश्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिकामनया मानवगोत्ररघुवंशोद्भवेन श्रीश्रीजयजगत्प्रकाशमल्लदेववर्मणा स्नेहमण्डपे प्रतिवार्षिकदीपप्रज्वालनार्थं दधिचिपिंतिकान्नलड्डुकमांसदानार्थं दर्शनधारीभोज्यकरणार्थं चतुर्विशंतिरोपनिकक्षेत्रानि संप्रदत्तानि ।। ... ... ... मेषसंक्रान्ति नेह्लरिव जोगिचक्र याय फ. २० जाके जा थुय फ. ३४ जाके थ्व थुय थ्व गोड १७ फ ४० छोचुन, फ २ × करसु, फ २ × मास. वा दुक दक्व ह्य १ मेश मो टंका ६ वाके, कु २ चि, कु ३ चेकं, मं ६ हिं कु २ पारु, कु १ हरदि मो टं १ सि ।। महानवमी कुह्न, प्रसाद चवदस, क्वरुक्यात थ्व सोघातस मता छोयके फ ३ चेक, थ्वते यात मतप्वात ६४ घातपतिं के आड ८ सेह्लो याता ।।

[ नेपालमण्डलमा श्रीश्रीश्रीपशुपतिनाथको समीप वासुकिक्षेत्र वाग्मतीको पूर्वपट्टि यही पुण्यभूमि भक्तपुर राजधानीमा आज कलिगत संवत् ४७६३ ने. सं ७८२ (वि.सं. १७१९) विरोधकृत् संवत्सर वसन्त ऋतु चैत्रकृष्ण पञ्चमी शनैश्चरवार... ज्येष्ठा नक्षत्र वरीयान् योग कौलव करण जीवहोरा (बृहस्पतिको वेला)[१] मित्रमुहूर्तमा[२] मेष राशिमा सूर्य बृश्चिक राशिमा चन्द्रमा

---

१. आद्योऽष्टभागो दिवसाधिपस्य ततः परं षट्परिवर्तनेन ।

(प्रश्नचण्डेश्वर—"वृतशतकको टीका मुनिवाक्यार्थदर्पण"को १४९ पृष्ठबाट)

[ दिनको आठ भाग लाउनू । त्यसमा पहिलो भागको स्वामी जसको वार छ, त्यही हुन्छ । दोस्रो भागको स्वामी त्यस वारको छैटौं जुन वार हुन्छ, त्यही हुन्छ ; तेस्रो भागको स्वामी दोस्रोको छैटौं हुन्छ । एवं क्रमले सबै भागका स्वामी जान्नुपर्छ । ]

यहाँ दिनमान ३१ घडी २० पला छ । त्यसको आठौं भाग ३ घडी ५५ पला भयो । यस कारण सूर्योदयदेखि ३ घडी ५५ पलासम्म शनैश्चरको वेला रह्यो । यसपछि शनैश्चरबाट छैटौं बृहस्पतिको वेला ७ घडी ५० पलासम्म रहन्छ । यो वेला दोस्रो वेला हुन्छ । जीवहोरा भनेको बृहस्पतिको यही वेला हो ।

२. तिथ्यंशाः शिवसार्पमित्रपितरो वस्वम्बुविश्वेऽभिजिद्

ब्रह्मेन्द्रेन्द्रकृशानुकोणपतयोऽब्धीशोऽर्यमान्त्यो भगः ।।३०।।

(वृत्तशतक विवाहप्रकरण)

भएको विषुवत्संक्रान्ति (मेषसंक्रान्ति) को विशिष्ट पर्वको दिन* भक्तपुरमा छत्रसमेतका एघाह्रवटा सुनका जलपदार गजूर, जलपदारै छाता, तोरण, झ्याल, ढोका, देवीका मूर्तिहरू र राशि, नक्षत्र आदिका अनेकन मूर्तिहरूले जगमग भएको स्वर्गलाई पनि माथ गर्न ज्यादै राम्रो मन्दिरमा रहनुभएका आफ्ना श्रीश्रीश्रीइष्टदेवता (तलेजु भवानी) लाई खुशी पार्नाका लागि मानव गोत्र भएका रघुकुलमा पैदा भएका श्रीश्रीजयजगत्प्रकाश मल्लबाट स्नेहमण्डपमा हरसाल बत्ती बाल्न, दही चिउरा लड्डु मासु बाँड्न र दर्शनधारी (कुसले)लाई भोज खुवाउनसमेत २४ रोपनी जग्गा गूठी राखियो । ... ... ... मेषसंक्रान्तिको दुइ दिनपछि जोगिचक्र (चक्रपूजा) गर्न्, २० पाथी चामलको भात पकाउन्, ३४ पाथी चामलको जाँड बनाउन् । १७ घडा जाँड, ४० पाथी गहुँको पीठो, अढाई पाथी केराउ, अढाई पाथी मास, मुखभरि दाँत भएको रांगो, ६ रुपियाँ, सरुवा चामल, दुइ कुरुवा नून, तीन कुरुवा तेल, ६ मं ? हिंग, २ कु (केही पाउ) अदुवा, एक कुरुवा बेसार, एक रुपियाँको दाउरा । महानवमीको दिन, पिशाचचतुर्दशीको दिन, बिस्केटको दिन यी तीन पटक बत्ती बाल्न तेल ३ पाथो,बत्ती बल्ने दिया ६४, प्रत्येक पटक चामल ८ आड? काम गर्नेलाई दिनू ॥ ]

उपर्युक्त दुइटा शिलापत्रका आधारमा यस मण्डपलाई राजा जगत्प्रकाश मल्लले बनाएका रहेछन् । उनले यस मण्डपसँग धार्मिक संबन्ध जोडेका रहेछन् र यस मण्डपको नाउँ 'स्नेहमण्डप' राखेका रहेछन् भन्ने देखिन आउँछ । तर उपर्युक्त दुवै शिलापत्र हाल यस मण्डपभन्दा निकै पर एउटा एउटा मन्दिरमा रहन पुगेकाले ती दुवै शिलापत्रको यस मण्डपसँग सम्बन्ध छैन कि त भनी शङ्का उठाउने ठाउँ नभएको होइन । त्यसो हुँदा अब ती शिलापत्र रहेका मन्दिरहरूसँग ती शिलापत्रको सम्बन्ध छ छैन तथा ती शिलापत्र यस मण्डपविषयका कति कारणले हुन् भन्ने विषयमा विचार गर्नुपरेको छ ।

---

[ दिनको पन्ध्रौं भाग एक मुहूर्त हुन्छ । क्रमैले १ शिव (आर्द्रा), २ सार्प (अश्लेषा), ३ मित्र (अनुराधा), ४ पितृगण (मघा), ५ वसु (धनिष्ठा), ६ जल (पूर्वषाढा), ७ विश्वेदेवा (उत्तराषाढा), ८ अभिजित् , ९ ब्रह्मा (रोहिणी), १० इन्द्र (ज्येष्ठा), ११ इन्द्राग्नी (विशाखा), १२ राक्षस (मूल), १३ वरुण (शतभिषा), १४ अर्यमा (उत्तरफाल्गुनी), १५ भग (पूर्वफाल्गुनी), यी १५ वटा दिनमा मुहूर्त हुन्छन् ।]

यहाँ दिनमान ३१ घडी २० पला भएबाट एक मुहूर्त २ घडी ५ पलाको हुन्छ । तब ४ घडी १० पलादेखि ६ घडी १५ पलासम्म तेस्रो मित्र मुहूर्त रहन्छ ।

* यहाँ उल्लेख भएको तिथिमतिको गणना यस प्रकारको छ–

ने. सं. ७८२ कलि. सं. ४७६३ वि. सं. १७१९ चैत्र कृष्ण पूर्णान्तमानले वैशाख कृष्ण

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. | करण | घ. प. |
|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख १ | शनैश्चर | पञ्चमी | ६०।० | ज्येष्ठा | ५५।५५ | वरीयान् | ५२।८ | कौलव | २८।१८ |

पहिलो शिलापत्र रहेको मन्दिर हरिशङ्करको हो भन्ने कुरा माथि पनि बताइसकिएको छ । तर शिलापत्रमा भने हरिशङ्करको उल्लेखसम्म पनि छैन र उठानमै "भवान्यै नमः" (तलेजु भवानीलाई नमस्कार छ) भनी मण्डप चढाउनु, आदि काम पनि मानेश्वरीलाई ▱ खुशी पार्नाका लागि गरिएको हो भनिएको छ। यताबाट त्यस शिलापत्रको आफू रहेको मन्दिरसंग कुनै सम्बन्ध छैन, भवानी (तलेजु भवानी) सँग नै संबन्ध छ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

उक्त शिलापत्रमा जगत्प्रकाश मल्लले आफ्नो सालिक राखेको उल्लेख पनि परेको छ । फाल्गुनमा जगत्प्रकाशको सालिक तलेजुचोकको मण्डपमा राख्ने चलन अहिलेसम्म कायमै छ । यताबाट तलेजुचोकको मण्डप नै माथिको शिलापत्रमा उल्लेख भएको मण्डप हो भन्ने देखिन आउँछ । फाल्गुनभन्दा अरू वेला जगत्प्रकाशको सो सालिक तलेजु भवानीकै मन्दिरभित्र थन्क्याउने चलनले उक्त कुराको अझै पुष्टि हुन्छ ।

दोस्रो शिलापत्र रहेको मन्दिर वत्सलादेवीको हो भन्ने कुरा माथि पनि बताइसकिएको छ । सो मन्दिरलाई राजा जितामित्र मल्लले वि. सं. १७५२ माघमा बनाएका हुन् । जितामित्रले सो मन्दिर बनाउँदा उनका बाबा जगत्प्रकाश मल्ल स्वर्ग भएको २३ वर्ष भइसकेको थियो । त्यस कारण जगत्प्रकाशका शिलापत्रसंग त्यस मन्दिरको कुनै संबन्ध छैन भन्ने स्पष्टै हुन आउँछ । त्यस मन्दिरविषयको अभिलेख त त्यसै मन्दिरभित्रको यन्त्राकार वत्सला मूर्ति र त्यसको आसनको अग्रभागमा कुँदिएको छ। सो यस प्रकारको छ÷ ।

---

▱ यहाँ 'भवानीलाई नमस्कार छ' भनी शिलापत्रको उठान गरी 'मानेश्वरीलाई खुशी पार्न मण्डप चढाउनुभयो' भनेबाट भवानी र मानेश्वरी एउटै देवता हुन् कि त भन्ने देखिन आउँछ । भवानी र तलेजु एउटै देवता हुन् भन्ने कुरा माथि बताइएको छ । तब भवानी, तलेजु, मानेश्वरी एउटै देवता हुन् कि भन्ने झल्का पर्छ । यस कुरालाई जगत्प्रकाशका छोरा जितामित्र र नाति भूपतीन्द्रका अभिलेखहरूले पनि पुष्टि गर्छन् । जितामित्रको तलेजुमन्दिरको तोरणको अभिलेखमा 'भवानीलाई नमस्कार छ' भनी लेखको उठान गरिएको छ। प्रशस्तिमा 'मानेश्वरी इष्टदेवताबाट वरप्रसाद पाएका' भनिएको छ । सो तोरण 'आफ्ना इष्ट देवतालाई चढाएं' भनिएको छ। चढाएको सो तोरण तलेजुको मन्दिरको तोरण हो (अभिलेख–संग्रह ७ भाग २८ पृष्ठ हेर्नुहोस्।)

यताबाट पनि तलेजु, भवानी, मानेश्वरी एउटै देवता हुन् कि भन्ने कुराको पुष्टि भएको छ। यस्तै कुरा तलेजुचोकको घण्टाको भूपतीन्द्रको अभिलेखमा पनि छ । भूपतीन्द्रले प्रशस्तिमा 'आफूलाई मानेश्वरी इष्ट देवताको वर प्रसाद पाएका' भनेका छन् र सो घण्टा आफ्ना इष्टदेवता तलेजुलाई चढाएं भनेका छन् । (इतिहास–संशोधनको प्रमाणप्रमेयको १९४–१९५ पृष्ठ हेर्नुहोस् ।) यताबाट पनि तलेजु र मानेश्वरी एउटै देवता हुन् कि भन्ने कुरालाई बल मिलेको छ । यसको विशेष विचार पछि गरिनेछ ।

÷ यस वत्सलाको मन्दिरभित्र माझमा एउटा राम्रो ढुङ्गाको देवी छ । त्यस वेदीभित्र ढोका-सामुन्नेको भागमा देवता रहने ठाउँ छ। हाल देवता छैनन्, आसन मात्र बाँकी छ । वेदीमाथि ढुङ्गाको षोडशदल कमल छ, त्यसमाथि अष्टदल कमल छ, त्यस अष्टदल कमलमाथि आठ पाटा

यन्त्रको

१. ॐ स्वस्ति श्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिकामनाश, सुशास्त्रसंगीतादिसकलतन्त्रविद्यापारग गान्धर्वविद्यानिपुन, सकलराजचक्राधीश्वरचूडामणि महाराजाधिराज सूर्यवंशोद्भव श्रीश्रीश्रीसुमति जयजितामित्रमल्लदेवसन श्रीश्रीश्रीसिद्धिलक्ष्मीदेवी प्रासादप्रतिस्था सुवर्णकलशध्वजारोहन, सिद्धाग्निकोटचाहुति यज्ञ याङाया थ्व यन्त्र स्थापन याये

२. याता थ्व देवल दयका यन्त्रवच्छला स्थापन याङ जुरो नेपालसम्वत् ८१६ माघमासे कृष्णपक्षे त्रयोदश्यान्तिथौ श्रवणनक्षत्रे परिघयोगे यथाकरणमुहूर्तके बृहस्पतिवासरे, कुम्भराशिगते सवितरि मकरराशिगते चन्द्रमसि ॥ थ्व कुन्हु प्रतिष्ठा याङा दिन जुरो ।। शक १६१७ ।। कलि ४७९६।। विक्रम १७५२ ।। स्वेष्टदेवता प्रीणातु ।।शुभ॥

आसनको

१ ॐ शाके कालशशाङ्ककुञ्जरमिते नैपालिके सादरं
माघे मासि च कृष्णपक्षकलिते श्रीविष्णुभे सुन्दरं ।
२ स्वेष्टेश्याः परितुष्टये किल महाप्रासादमभ्रलिहं
कृत्वा चापि सुधोज्वलं सुललितं सिद्धयग्निकोटयाहुतिं ।
१ सानन्दं परितो हि मन्मथतिथौ श्रीवत्सलास्थापनं
चक्रेस्यापि च भूपतिर्जयजितामित्रो वदान्योत्तमः ।
अन्यस्मिन्नपि निर्जरालयवरे राजन्यचूडामणि—
विख्यातो हि विचक्षणो गुणखनिर्नूनं महत्प्राकरोत् ।।

[असल शास्त्र संगीत तन्त्र आदि सबै विद्यामा पारङ्गत, गान बजानमा सिपालु, सबै राजाहरूमा शिरोमणि, सूर्यवंशमा पैदा भएका, महाराजाधिराज, सुमति श्रीश्रीजयजितामित्रमल्लदेवले श्रीश्रीश्रीआफ्ना इष्टदेवतालाई खुशी पार्नाका लागि श्रीश्रीश्रीसिद्धिलक्ष्मीदेवी र मन्दिरको प्रतिष्ठा गर्नुभयो । ने. सं. ८१६ शकसंवत् १६१७ कलिगतसंवत् ४७९६ वि. सं. १७५२ माघकृष्ण (पूर्णान्तमानले फाल्गुनकृष्ण) त्रयोदशी बृहस्पतिबार श्रवण नक्षत्र परिघ योग पर्नुपर्ने करण मुहूर्त परेको कुम्भ राशिमा सूर्य, मकर राशिमा चन्द्रमा भएको दिन❀ ॥

भएको शिरोभागमा यन्त्रहरू कुँदिएको वत्सलादेवीको यन्त्राकार मूर्ति छ। त्यसै यन्त्रमूर्तिको आठै पाटामा दुइ दुइ पङ्क्ति र वेदीको ढोकातिरको माथिल्लो भागमा दायाँ बायाँ दुवैतिर दुइ दुइ पङ्क्ति गरी यो अभिलेख कुँदिएको छ । अप्रकाशित यस अभिलेखलाई लीलाभक्त मुनकर्मीले देखाइदिनुभएको हो । सो वेदीभित्र अतिसुन्दर सिद्धिलक्ष्मीको मूर्ति थियो । केही काल यता सो हरायो। त्यो आसन सिद्धिलक्ष्मीकै हो भन्ने कुरा पनि उहाँले बताउनुभयो ।

❀ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८१६ शक सं. १६१७ कलि.सं. ४७९६ वि. सं. १७५२ माघकृष्ण पूर्णान्तमानले फाल्गुनकृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | २४ | बृहस्पति | त्रयोदशी | ५२।१० | श्रवण | २२।९ | परिघ | ८।५७ |

पू० फ. ७.

ने. सं. ८१६ (वि. सं. १७५२) माघकृष्ण ( पूर्णान्तमानले फाल्गुनकृष्ण ) त्रयोदशी श्रवण नक्षत्र भएको दिन प्रख्यात, गुणी, दानी, विद्वान्, राजा जितामित्रले सिद्धयग्निकोटिहोम गरेर आफूले बनाएको राम्रो ठूलो चुनागिरी (सेतो) गगनचुम्बी मन्दिरमा वत्सला देवीको स्थापना गर्नु भयो । अर्को देवलमा पनि [सिद्धिलक्ष्मीको] स्थापना गर्नु भयो । ]

यसरी जगत्प्रकाशमल्लको उक्त शिलापत्रसंग यस मन्दिरको कुनै सम्बन्ध छैन भन्ने कुरा स्पष्ट हुन आउँछ। उक्त शिलापत्रमा प्रतिवर्ष स्नेहमण्डपमा बत्ती बाल्न र वैशाखसंक्रान्तिको उपलक्षमा दही चिउरा मासु लड्डू बाँड्न कुसलेलाई भोज खुवाउन गूठी राखिदिएको वर्णन परेको छ। यता तलेजुचोकको मण्डपमा पर्व पर्वमा बत्ती बाल्ने माथि बताएअनुसारको भोज दिने चलन अहिलेसम्म पनि कायमै छ । यस कारण उक्त शिलापत्रमा उल्लिखित स्नेहमण्डप तलेजुचोकको मण्डप नै हो भन्ने देखिन आउँछ ।

—०—

# पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

(क्रमागत) —देवीप्रसाद भण्डारी

ललितपुरका राजा राज्यप्रकाश मल्लले " गोरखा र ललितपुर उहिलेदेखि नै एक घर एक चित्त भई मिली रहेका हुन्, हामीहरूले परस्परको राज्य मिची खानु छैन " भन्ने भाव पारी गोरखाका काजी ( प्रधानमन्त्री ) कालुपाँडेलाई वि. सं. १८०४ ❀ भाद्र ७ गते शनैश्चरवारका दिन पत्र लेखे ▯ ।

---

❀ संवत्को क्रमले प्रकाश गर्दा यो पत्र पूर्णिमा दोस्रो वर्षको पहिलो अङ्कको ४१ पृष्ठमा प्रकाशित नालदुम महादेउपोखरी पहिलो पटक विजय भएको मिति ( वि. सं. १८०३ भाद्र १९ गते बुधवार ) भन्दा पछि पारी प्रकाश गर्नुपर्थ्यो, तर उस वेला छुट्न गएको हुनाले यहाँ प्रकाश गरिएको हो ।

▯ यी राज्यप्रकाश मल्लको विषयमा भाषावंशावली र तात्कालिक अभिलेखहरूमा यस्तो लेखिएको छ--

" तिनका ( जगज्जय मल्लका ) दुइ पुत्र......राजेन्द्रप्रकाश र जयप्रकाश पायापछि मोहन-चोकमा जन्म्याका तीन पुत्र राज्यप्रकाश, नरेन्द्रप्रकाश, चन्द्रप्रकाश यी राजकुमारहरू र कुमुदिनी नाम रानीसहित भई सुखविहार गरिरह्याका थिया।

राजा भयाको ९ वर्षपछि बडा लक्षणले युक्त भयाका ज्येष्ठ पुत्र राजेन्द्रप्रकाश दैवसंयोगले परलोक भया र राजाले बहुतै शोक गऱ्या। यिनै ज्येष्ठ पुत्रका लक्षणले म राजा भयाको हुँ भनी बहुतै फिक्री पऱ्यो। अब मेरो अन्त्यमा जयप्रकाश राजा होला। यसका पालामा देवधर्म

" गोर्खा र पाटन परम्परादेखी येकधर येकचित्त हो. पाटनको राज्य मिची गोर्खाले षान्या होइन. गोर्षाको राज्य मिची पाटनले षान्या होइन. तिमी १२ हजारका काजी हौ. जसो गरीकन गोर्षा पाटनको ढुंगा रहन्छ सो अर्थ गर. भन्या श्रावण शुदि १४ रोज ७ मा पाटनका महाराज राज्यप्रकाश मल्लबाट कालुपाँडेलाई "

---

राज्य केही रहन्याछैन, प्रजाहरूले पनि बहुतै दुःख पाउलान् भनी शोक गरी तीन महीनासम्म दरबारबाहिर निस्की रहँदा समय चार थरी, खस सिपाहीहरू आई राजाकन बुझाया- हे महाराज, एक पुत्रका निमित्त यस्ता तरहसँग शोक गर्न्या होइन । राजकाज नगरी रह्या कसो होला । हजुरका चार पुत्र छन् भनी बिन्ति गर्दा राजाले आपनो मनको सन्देह तिनीहरूलाई बताया र ती खसहरूले जयप्रकाशको स्वभाव अतिक्रूर छ, यिनले देवधर्म राज्य नास्नेछन् भनी हुकूम गनु भयो, यसो भन्नुभया हामीहरूले राज्यप्रकाशकन राजा गरौंला, मोहनचोकमा जन्म भयाका हुनाले राजा गर्न योग्य पनि हुन् भनी राजा रानीका चित्त बुझाई खस थरीहरू फर्किगया । यिन दिनदेखि यही मतलब राजा र खसहरूको भयाको थाहा पाई जयप्रकाशले खस थरीहरूकन मनमा बहुतै दगा राख्या ।

यहां उप्रान्त केही काल गयापछि कान्छा पुत्र चन्द्रप्रकाश दैवयोगले परलोक भया····· यी राजाले ( जयप्रकाश मल्लले ) आफू राजा भयापछि आफूलाई नसहन्या जात खसहरू जैसी, भंडेल, राजलवदहरूलाई यिनीहरू मिली मेरा भाइ राज्यप्रकाश मोहनचोकमा जन्म्याका हुन् भनी उसलाई राजा गर्न खोज्न्या कुल्याहा हुन् भनी कसैको विश्वास नमानी टाढा गरिराख्या ।

भाइलाई पनि यी कुल्याहासित मिली मेरो गद्दीमा बसुँला भन्या शत्रु भयापछि सानो देख्नु छैन भनी बाबा जगज्जय परलोक भयापछि शुद्धै नहुँदै भाइ राज्यप्रकाश मल्लकन बहुतै डर देखाई धपाई पठाया ।

राज्यप्रकाश दाज्यूदेखि बहुतै डराई भाग्दा वाग्मतीमा बाढी आयाको थियो, बहुतै कष्ट पाई वाग्मती तरी ललितपट्टनका राजा आफ्ना भिनाज्यू विष्णुमल्लका चरणमा शरण गया । राजा विष्णुमल्लले पनि बहुतै अनुग्रह गरी मेरा सन्तान छैनन्, मेरा शेषपछि तिमीलाई राजा गरौंला भनी आफूसँगै दरबारमा राखी खानापिना दिई आनन्द गरी राखिछोड्या ।

( भाषावंशावली कान्तिपुरप्रकरणबाट )

कान्तिपुरका राजा जयप्रकाश मल्लले जग्गा बेची गरिदिएका वि. सं. १७९५ र वि. सं. १७९८ का दुइ तामापत्रमा यस्तो लेखिएको छ—

" ॐ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाद देदीप्यमान मानोन्नत श्रीरघुवंशावतार रविकुल ( तिलक ) हनूमद्ध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकरराजचक्राधीश्वर निजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवरित विक्रमो-

[वि. सं. १९३७ मा ज. ध्वजनरसिंह राणा ( श्री ३ रणोद्दीपसिंहका भतिजा तथा धर्म-पुत्र ) ले तयार गराएको श्यामराजकहाँ रहेको चिठ्ठीपत्रहरूका पञ्जिकाबाट यो

---

पार्ज्जितवारणाकरसमूद्भूतगजेन्द्रपति श्रीश्रीजयप्रकाशमल्लदेवपरमभट्टारकदेवानां सदा समर-विजयिनां प्रभु थाकुलसन कथजोलस चोङ श्रीपुरन्ध्र अधिकारिनाम्ने प्रसादीकृतं ज्यामिल्याखेल...... क्षेत्रस्य श्रीजयप्रकाशमल्लीटंका २३० मादाय वतुकंन्यायेन क्रीविक्रीटं भवति। ...अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीराजप्रकाशमल्लदेव सम्वत् ८५९ पौख शुदि ६... शुभ "

"...श्रीश्रीजयप्रकाशमल्लदेवपरमभट्टारकदेवानां सदा समरविजयिनां प्रभु थाकुरसन तेमाल चोङ श्रीविष्णुहरिपाध्यानाम्ने प्रसादीकृतं चूषा...क्षेत्रस्य... श्रीजयप्रकाशमल्लीटंका ७४७ मादाय वतुकं न्यायेन क्रीविक्रीटं भवति। ... अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीराजप्रकाशमल्लदेव सं. ८६२ माघवदि ११...शुभ"

{ पं. शङ्करमान राजवंशीद्वारा संपादित पुरातत्त्व–
पत्रसंग्रह (पहिलो भाग)को १६-१७ र १९-२० पृष्ठबाट }

[ ॐ कल्याण होस् ॥ श्रीपशुपतिनाथका चरणकमलका धूलाले कपाल फुल्लो भएका, आफ्ना इष्टदेवता श्रीमानेश्वरीबाट वरप्रसाद पाएका, उज्याला, ठूलो इज्जत भएका, रघुको कुलमा जन्मेका, सूर्यवंशका टीका जस्ता, हनूमद्ध्वज (ध्वजामा हनूमान् भएका), नेपालका मालिक, महाराजाधिराज, राजराजेन्द्र ( ठूला राजा ) सबै राजसमूहका मालिक, आफ्ना इष्टदेव र इष्टदेवीले कृपापूर्वक कटाक्षले हेरिएका, आफ्नै पराक्रमले खेदा गरी ल्याएका हात्तीका धनी, सधैं लडाइं जित्ने, श्रीश्रीजय-प्रकाशमल्लदेव परमभट्टारक प्रभु ठाकुरले (पूर्व २ नं. रामेछाप) कठजोरगाउँ बस्ने पुरन्दर अधि-कारीका नाउँमा निगाह गरियो। ज्यामिल्याखेल भन्ने जग्गाको...श्रीजयप्रकाशमल्ली रुपियाँ २३० दुइ शय तीस लिई फेरि किन्नु बेच्नु हुने गरी बिक्री गरियो...यस ताम्रपत्रका दृष्टसाक्षी श्रीश्रीराज्य-प्रकाशमल्लदेव । ने. सं. ८५९ (वि. सं. १७९५) पौष शुक्ल षष्ठी... शुभ ]

[...श्रीश्रीजयप्रकाशमल्लदेव परमभट्टारक प्रभु ठाकुरले (पूर्व. १ नं. का. प. इ.) तिमाल गाउँ बस्ने श्रीविष्णुहरि उपाध्यायका नाउँमा निगाह गरियो । चूखानामक गाउंको जग्गाको... श्रीजयप्रकाशमल्ली रुपियाँ ७४७ सात शय सतचालीस लिई फेरि किन्नु बेच्नु हुने गरी बिक्री गरियो। ...यस ताम्रपत्रका दृष्टसाक्षी श्रीश्रीराज्यप्रकाशमल्लदेव । ने. सं. ८६२ (वि. सं. १७९८) माघ कृष्ण एकादशी...शुभ ]

यी दुइ ताम्रपत्रबाट राज्यप्रकाशमल्ल आफ्ना बाबु जगज्जयमल्लका शेषपछि (वि. सं. १७९५-९८ माघसम्म) पनि काठमाडौंमै दाज्यू जयप्रकाशमल्लसंग थिए भन्ने कुरा सिद्ध हुन आउँछ। त्यस कारण भाषावंशावलीको "बाबा जगज्जयमल्ल परलोक भयापछि शुद्ध नहुँदै भाइ राज्यप्रकाशमल्ल-कनबहुतै डरदेखाई धपाई पठाया" भन्ने वाक्य प्रामाणिक छैन।

उतार लिइएको हो । ऐ. शि. बाबुराम आचार्यबाट हामीले यो पाएका हौं । यो पत्र पृथ्वीनारायण शाहको उपदेशको ९५९–६० पृष्ठमा व्याख्यासहित छापिएको छ । सो ग्रन्थ प्रकाशित हुँदैछ ।]

"अहोरात्रमखं कृत्वा सुखूलभा मखे नृपम् ।
राज्यप्रकाशसहितं विष्णुमल्लं यजन्मुदा ॥

...सम्वत् ८६५ कार्तिककृष्णदशम्यां तिथौ हस्तनक्षत्रे आयुष्मानयोगे आदित्यवासरे थ्व कुन्हु"

(पाटन चपटोल गणेशमन्दिरको भित्तामा टाँसेको शिलापत्रबाट)

[ सुखूल भाले अहोरात्र यज्ञ गरेर त्यस होममा राजा विष्णुमल्ललाई र राज्यप्रकाशमल्ललाई निम्त्याई स्वागत सत्कार गरे ।

ने. सं. ८६५ (वि. सं. १८०१) कार्तिक कृष्ण दशमी हस्त नक्षत्र आयुष्मान् योग आइतवारको दिन । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ८६५ (वि. सं. १८०१) कार्तिक कृष्ण

(पूर्णान्तिमानले मार्गकृष्ण)

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १८ | आदित्य | दशमी | १६।३० | हस्त | ४१।४६ | आयुष्मान् | ३७।० |

(विष्णुमल्ल) जगज्जयमल्लका पुत्र आफ्ना साला राज्यप्रकाशमल्लकन राज्याभिषेक दिनू भनी सम्वत् ८६५ (वि. सं. १८०२) श्रावण शुक्ल ८ मा परलोक भया । यहाँपछि राज्यप्रकाशमल्ल राजा भए । भोगवर्ष १३।

(भाषावंशावलीको ललितपुरप्रकरणबाट)

ने. सं. ८६५ (वि. सं. १८०२) को राज्यप्रकाशमल्लको टक पाइएको छ ।

(सत्यमोहन जोशीको 'नेपाली राष्ट्रिय मुद्रा' को १०८ पृष्ठ र पछिल्लो १६ पृष्ठ हेर्नु होस्)

राज्यप्रकाशमल्लको राज्यकालको कीर्तिपुरको वि. सं. १८०६ को अभिलेख ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ६७ पृष्ठमा अनुवादसहित प्रकाशित भएको छ । यिनैको राज्यकालको फर्पिङको वि. सं. १८०८ को अर्को अभिलेख अभिलेखसंग्रह दशौं भागको २० पृष्ठमा प्रकाशित भएको छ ।

यसरी आफना दाज्यू जयप्रकाशमल्लले खेदिएका राज्यप्रकाशमल्ल ललितपुरको राजसिंहासनमा बसेपछि राज्यको स्थिति मजबूत पार्न उनलाई अरू राज्यसंग सम्बन्ध राखी सन्धि गर्न आवश्यक पर्न आयो र उनले त्यस बेला गोरखाराज्यसँग सम्बन्ध राख्ने विचार गरे ।

गोरखाली काजी कालुपाँडे लडाइं गर्न, राजकाजको व्यवस्था मिलाउन, परराष्ट्र सम्बन्धी काम

[ गोर्षा = गोरखा = काठमाडौंबाट २१ कोश जति पश्चिमतिर पर्ने ठाउं ( गोरखालीहरूको राजधानी ) । पाटन = ललितपुर = काठमाडौंबाट १ कोश जति दक्षिणपूर्वतिर पर्ने ठाउँ । परम्परादेषी = परापूर्वकालदेखि = उहिलेदेखि । येक = एक । १२ हजार = गोरखा । ढुङ्गा = राज्य । भन्या = भन्ने । ]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ--

वि. सं. १८०४ श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| भाद्र | ७ | शनैश्चर | चतुर्दशी | २४।३ |

\+ + +

कान्तिपुरका राजा जयप्रकाशमल्लले गोरखाका काजी कालुपाँडेलाई "पाटन हान्न गएका फौज नुवाकोट फिराऊ, पाटनभित्र आक्रमण नगर" भन्ने र 'भादगाउँभित्र आक्रमण गर' भन्ने भाव पारी वि. सं. १८१३ कार्तिक ८ गते बुधवारका दिन पत्र लेखे+ ।

---

गर्न सक्ने थिए। उनी विरोधीहरूलाई पनि अनुकूल पारी आफ्नो काम पटाउन सक्थे । त्यस कारण अरू राज्यका राजाहरू उनीसंग राजकाजसम्बन्धी पत्रव्यवहार गर्थे। त्यसैले राज्यप्रकाशमल्लले पनि कालुपाँडेसँग पत्रव्यवहार गरी पहिलेदेखिको सम्बन्ध देखाई उनलाई हात लिई आफ्नो ललितपुरराज्यलाई बलियो पार्ने चेष्टा गरेका हुन् भन्ने कुरा उनका "जस्तो गरीकन गोर्षा पाटनको ढुंगा रहन्छ सो अर्थ गर" यस वाक्यबाट बुझिन्छ । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९५९–६१ पृष्ठमा गरिएको छ । सो ग्रन्थ प्रकाशित हुँदैछ ।

+यस वेला गोरखालीहरूले कान्तिपुरको राज्यक्षेत्र नालदुम महादेवपोखरी कब्जा गरी पूर्वतिर पनि बढ्दै गएका र भक्तपुरको राज्यक्षेत्रतिर पनि आँखा लाउन थालेका हुनाले भक्तपुरका राजा रणजित् मल्ल उनीहरूदेखि चिढिइरहेका थिए । त्यसै हुनाले रणजित् मल्लले पृथ्वीनारायण शाहलाई पूर्वतिर बढ्न नदिने विचारले विरोध गर्न खोजेका थिए।

अर्कोतिर गोरखालीहरूले कब्जा गरेका नुवाकोट, नालदुम, महादेउपोखरी आदि आफ्ना राज्यक्षेत्रहरू फिर्ता लिन नसकी त्यसै गुमेको हुनाले र आम्दानीको बाटो पनि बन्द हुँदै गएको हुनाले कान्तिपुरका राजा जयप्रकाशमल्लको शक्ति केही गलिसकेको थियो । त्यस वेला गोरखालीहरूले ललितपुर कब्जा गर्न केही फौज पठाइरहेका थिए। त्यस अवस्थामा जयप्रकाशमल्लले अघि जतिसुकै वैमनस्य थियो तापनि आफ्ना भाइ राज्यप्रकाश मल्ल ( पाटनका राजा ) सँग मेल राखी ललितपुर राज्यलाई रक्षा गर्नु आवश्यक सम्झे। गोरखालीहरूसँग भक्तपुरका राजा रणजित् मल्ल पनि रिसाइरहेको मौका थियो । त्यसैले झटपट ललितपुर हान्न आएका गोरखाली फौजलाई भक्तपुरतिर तर्काउने दाउ जयप्रकाश मल्लले गरेर गोरखाका काजी ( प्रधानमन्त्री) कालुपाँडेलाई मित्र बनाई आफ्नो पक्षमा मिलाई काम पटाउने उद्योग गरेका हुन् भन्ने कुरा यस पत्रमा उनले उल्लेख गरेका " पाटनभित्र हान्न आएका फौज नुवाकोट फिराया (फिराउने काम गर)······पाटनभित्र कटक गर्नु छैन,······ भादगाउभित्र कटक गर " आदि

"२ हजार हालीमोहालीसुद्धा गौतमप्रभृति ४ ब्राह्मणका हातले श्रीपतिका छोराको बोल हात राख्याँ, पाटन हान्न गयाको फौज नुवाकोटमा फिराया. उप्रान्त २ मितज्यूको येकै बोलचाल हुंजी पाटनभित्र कटक गर्नु छैन, जस दिन गर्नु मनैले जसो गरी बन्दछ बनाऊ, भादगाउँभित्र कटक गर भन्या काठमाडौंका महाराज जयप्रकाशमल्लबाट कालुपाँडेलाई आश्विन वदि १२ रोज ४ मा,"

(यो पत्रप्राप्तिका विषयमा अघिल्लो पत्रको परिचय हेर्नुहोस् ।)

[ फिराया=फिराउने (फर्काउने) काम गर । हुंजी = होउन्जेल । कटक = लडाइं ]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८१३ आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण)

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | ८ | बुध | द्वादशी | ४९ | १६ |

\+ + +

व्यापारसम्बन्धी कामका निमित्त भोटतिर गएका आफ्ना दूत पण्डित हरिदेव उपाध्यायलाई ताकिता गरी वि. सं. १८१३ फागुन ४ गते शुक्रवारका दिन पृथ्वीनारायण शाहले पत्र लेखे ÷ ।

"स्वस्तिश्रीगिरिराजेत्यादि श्रीमन्महाँराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजएनाम् स्वस्तिश्रीसर्वोपमाजोगेत्यादि श्रीहरिपंडितकेषु जेथाजोगेपूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिए. जेहिंते परमानन्द होइ. उप्रान्त तांहां भोटचासँगको काम कस्व भयो. विसेद लेषि पठाव काम चाडो गर. ताँहाँ काम बन्या एत्ति रुपैया पठाव भनि पठाया हाँमि पठाइदिदा हुँ. रुपिए मागी पठाउदा सुन आफ्ना नजरले हेरि एति छ भनि तवलि ल्याउ भनि आप्ना इष्टछेउ बुझिकन मागि पठाव, सुन एति छ भन्या उइमाफिक रुपियाँ हाँमी पठाउला. विज्ञेषु किमधिकं.

मिति फागुन वदि ७ रोज ६ मुकाम नुवाकोट सुभ,"

{ श्रीबालकृष्ण पोखरेलद्वारा 'पाँचशय वर्ष' भन्ने पुस्तकमा प्रकाशित यो पत्र ऐतिहासिक पत्र संग्रहको दोस्रो भागमा पनि प्रकाशित भएको छ। }

[ विजएनाम्=विजयिनाम् । जोगेत्यादि = योग्येत्यादि । जेथाजोगे=यथा योग्य । चाहिए = हुनुपर्छ । जेहिते परमानन्द होइ=यसो भयो भने ठूलो आनन्द हुनेछ । भोटचासंगको = भोटका व्यापारीहरूसंगको । कस्व भयो=के कसो भयो । विसेद=विशेष कुरा । पठाव = पठाऊ । बन्या = बन्ने भयो भने। एत्ति = यति । रुपिए = रुपियाँ । आपना = आफ्ना । तवलि = तौलेर, जोखेर । इष्टछेउ = भर-

---

वाक्यबाट सिद्ध हुन आउँछ । यस विषयमा विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९६४–६६ पृष्ठमा गरिएको छ ।

÷ भोटतिर रुपियाँ पठाई त्यतातिरबाट जति सक्यो चाँडो सुन खरीद गरेर ल्याई अर्थलाभ गर्ने उद्योगमा पृथ्वीनारायण शाह लागेका थिए र सो काममा कति हतारिएका थिए भन्ने कुरा

पत्यारका मानिससँग । एति = यति । उइमाफिक = उहीमाफिक । मुकाम = वासस्थान । सुभं = शुभम् = शुभ ]

---

उनले आपना दूत भई भोटतिर बसेका पण्डित हरिदेव उपाध्यायलाई ताकिता गरी पठाएका यो पत्र र तल आउने पत्रहरूमा उल्लेख गरिएका " भोटयासंगको काम कस्व भयो, विसेद लेखिपठाव काम चाँडोगर" भन्ने र "अलिक ढिलो गरेउ चाँडो गर्न्या काम हो, अब ढिलो नगर ताहांको जस्तो षवर पाउँछौ तस्तो षवर चाँडो पठावन्या गर" आदि वाक्यहरूबाट व्यक्त हुन्छ ।

जति सक्यो बढी नाफा लिने दाउ धेरैजसा व्यापारीहरूमा हुन्छ । भोटे व्यापारीहरूले पनि पीतलको धूलो मिसेको जस्तो पायो त्यस्तो सुन भिडाई आफूलाई फसाउलान् र अर्थलाभको सट्टा नोक्सानी होला कि भन्ने डर पृथ्वीनारायण शाहलाई थियो । उनी त्यस कुरामा ज्यादै सतर्क थिए। भोटे व्यापारीहरूले भाउ मिलाई सुन दिने निश्चय भएपछि पनि सुन राम्रोसंग आफूले हेरी भरपत्यारका मानिसलाई जँचाई राम्रोसंग जोखतौल गरी यति तोला रहेछ भन्ने ठेगान भए पछि मात्र रुपियाँ मागी पठाउनू भन्ने सङ्केत हरिदेव उपाध्यायलाई पृथ्वीनारायण शाहले दिएका हुन् भन्ने कुरा उक्त पत्रमा उल्लेख भएका "ताँहाँ काम बन्या एत्ति रुपैया पठाव भनी पठाया.... रुपिए मागि पठाउदा सुन आपना नजरले हेरि एति छ भनि तवलि ल्याउ भनि आप्ना इष्टछेउ बुझि कन मागि पठाव. सुन एति छ भन्या उइमाफिक रुपियाँ हामी पठाउला" भन्ने र "परन्तु सुन घटिया नलेव. पीतलको धुलो मिस्याको हुन्छ. तसमाहा पनि नजर राषिकन लेव." आदि वाक्यबाट व्यक्त हुन्छ।

सुन खरीद गर्ने काममा पण्डित हरिदेव उपाध्यायले निकै दौडधूप गरी परिश्रम गरेका थिए। उनी कहिले कुती कहिले खासा गरिरहन्थे । भोटभेकतिर पनि कुरा मिलाउँदै त्यसतर्फको कुरा बुझ्दै गर्दथे । उनी सुनको भाउका विषयमा कुती गई भोटे व्यापारीहरूसंग कुरा बुझ्दा भाउमा तलमाथि पारी कुरा गरेकाले भाउ नमिलो खासाको भन्सारसम्म फर्की आइसकेका थिए । भोटे व्यापारीहरूले फेरि उनलाई फर्काई लगेर त्यस विषयमा छलफल गर्न लागे । त्यस बेला संस्कार गरिएको (खारिएको) सुन तोला १ को साधारण भाउ सोह्र रुपियाँ थियो । अहिले भने सो सुनको भाउ अठाह्र भनी एकदम २ रुपियाँ तोलामा बढाइदिएको हुनाले हरिदेव झोक्किएर फर्केका थिए । उनले नखारिएको सुनको पुन भाउ तोला १ को सोह्र रुपियाँभन्दा बढी दिएका थिएनन्, त्यतिमै अडेका थिए भन्ने कुरा उक्त पत्रमा उल्लेख गरिएका "म कुति गञा र भोटया-हरूले सोह्रको भावमहा ता भयन अठार भन्या. अठार दिन्छौं भन्या सुना पनि दिन तयार भया. १८ भावमहाँ नमिल्दा म षासाको जगातसम्म उठेर आउदा भोटयाले थाम्हि पठाया र म थामिञा. भोटयासँग मैले यति बोल्याँ. कुटन फुकन नाहि. भाव सोह्रै भनि मैले भनिराख्याको छ." आदि वाक्यबाट व्यक्त हुन्छ ।

नेपाल खाल्डाका पछिल्ला मल्ल राजाहरूले आफ्नो आर्थिक अवस्था कमजोर भएको हुनाले सो अर्थसंकट हटाउनाका लागि चाँदीमा तामा आदि धातु मिसी टक मारेका थिए। ती मिसा-वटी टक भोटतिर पनि प्रशस्त मात्रामा पुगेका थिए । त्यस्ता मिसावटी टकको र पृथ्वीनारायण

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१३ फाल्गुन कृष्ण (पूर्णान्त मानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फागुन | ४ | शुक्र | सप्तमी | १३ ३० |

× × ×

शाहले पठाएका शुद्ध चांदीका टकको मूल्य एकै गर्न भोटे व्यापारीहरू चाहन्थे । उनीहरूको त्यस्तो दाउ हरिदेवले बुझी "शुद्ध चाँदीका टक दिंदा तिमीहरूलाई हुँदैन, भाउमा गडवड गर्छौं र मिसावटी टकसरह हाम्रो टक अठाह्र भन्छौं भने हामी पनि अलिकति कसर मिसाई टक मार्नेछौं, अनि त्यही रुपियाँ दिन्छौं" भन्दा भोटेहरू अलि हच्केर भोटतिरका अधिकारीहरूसँग सल्लाह गर्न दौडे भन्ने कुरा उक्त पत्रको "अठार भन्या अलिक कपट मिस्छौं भन्दा हामि ढेवा स्वद्धछौं भनेर स्वधन गइरह्याका छन्" यस वाक्यले व्यक्त हुन्छ ।

पृथ्वीनारायण शाहको केवल सुनको व्यापारबाट अर्थोपार्जन गरी धनी हुने मात्र उद्देश्य थिएन । उनी महत्त्वाकाङ्क्षी पुरुष थिए । यस कामबाट केही अर्थोपार्जन गरी सैन्यसङ्घट्टन गर्ने तथा मुलुक बढाउने उनको मुख्य उद्देश्य थियो । त्यस कारण सकेसम्म चाँदी सुन जम्मा गर्नु उनका निमित्त अत्यावश्यक हुन गयो । त्यस वेलाको आर्थिक अवस्थाअनुसार यो व्यापार सानो रकमको थिएन । भोटेहरूले सुनको भाउमा अलि गडबड गरेको खबर पाई उनले पण्डित हरिदेव उपाध्यायलाई मात्र आफ्नो मनसाय प्रकट गरी बाह्र पन्ध्र हजार तोला सुन दिन सक्छन् भने नखारिएको सुन तोला १ को सोह्र, सवा सोह्र, सत्रसम्म पनि दिने तथा खारिएको सुन नमूनाबमोजिमको दाग छ भने तोला १ को अठाह्र रुपियाँसम्म पनि दिने भने जति सुन नदिने हुन् र भाउ मात्र बढाउने हुन् भने सुन खरीद नगर्ने आज्ञा दिई पत्र लेखेका थिए भन्ने कुरा उनले उल्लेख गरेका "परन्तु कुटि फुकि नाहि उसै सोह्रलाई दिन्या भया पनि आँट. क्या होला……कदाचित्त स्वह्रलाई त दिएन त तिमिले पेटमा राख्नु चाहिन्छ. नकुटि नफुकि स्वह्रउपर सुका थप् भन्या पनि आँट. एतिमाहाँ पनि कदाचित्त नपस्या नकुटि नफुकि सत्रसम्म पनि आँट. परन्तु तेहि सत्रको भावसम्म तेति रुपिया मात्रै मिलन्या भया तेत्तिकै राख र सुन लेव नाहि. सुन ज्मा बाह्र पन्ध्र हजार तोला मिलन्या भया एहि चालनिमाहाँ कुटि फुकि अठारसम्म भया पनि आँट. परन्तु बाह्र पन्ध्र हजार तोला निसकन्या भया आँट." आदि वाक्यहरूबाट व्यक्त हुन्छ ।

पण्डित हरिदेव उपाध्यायले सुनको व्यापारसम्बन्धी काम मात्र गरेका थिएनन् । उनले भोट भेकमा बसी त्यहाँका राजनीतिविषयका हालखबर बुझी लेख्ने काम पनि गरेका थिए । साँधसीमाना, भन्जार, चौकी, बाटाघाटा आदिको कडा रेखदेख गर्ने काम र त्यसतर्फ हुने निकासी पैठारीका चीजहरूको विषयमा पनि विशेष दृष्टि पुऱ्याई काम गर्ने अभिभारासमेत बोकेका थिए भन्ने कुरा उनलाई लेखेका "भोटको क्या हकिगत छ., स्व पनि विधि विस्तार बिनति गरि पठाव. उप्रान्त राह ता बन्दै गर. छोड्नु छैन. ताहाँ चालीस पचास मनि अन्न भोट गयो भन्याको सुनिउँ. त्यो कस्को बाटोबाट गयो. विसेद गरि राख:" आदि वाक्यबाट व्यक्त हुन्छ ।

व्यापारसम्बन्धी कामका निमित्त भोटतिर गएका आफ्ना दूत पण्डित हरिदेव उपाध्याय-लाई उनले पठाएको पत्रको उत्तर दिंदै ताकिता गरी वि. सं. १८१३ फागुन १७ गते बृहस्पतिवारका दिन पृथ्वीनारायण शाहले यत्र लेखे ।

" स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानाम् स्वस्ति श्रीसर्वोपमाजोगेत्यादिश्रीहरिपंडितकेषु जेथाजोगेपूर्वकपत्रमिदं.

ईहाँ कुशल ताँहाँ कुशल चाहिय. जेहिते परम आनन्द होइ. आगे पत्र आयो. अर्थ मालुम भयो .

उप्रांत ज्या बिन्ति गरिपठायाछौ, जोगे बिन्ति गरिपठायाछौ. तर अलिक ढिलो गरेउ. चाडो गर्न्या काम हो. अब ढिलो नमर. ताँहाँको जस्तो षबर पाउँछौ तस्तो षबर चाँडो पठावन्या गर.

---

गोरखादेखि पूर्वतिरका मुलुकहरू विजय गर्दै अगाडि बढ्ने योजनाअनुसार पृथ्वीनारायण शाहले उद्योग गरेको पनि यस वेला तेह्र वर्ष भइसकेको थियो । तर यतिका वर्षभित्र उनले विशेष फाइदा उठाउन सकेका थिएनन् । योजनाको केही भाग मात्र सफल भएको थियो । नेपालखाल्डो विजय गर्न उनले चारैतिरबाट घेरा हाल्ने प्रयत्न गरेका थिए । परन्तु यस कामका लागि सैनिक शक्तिको ठूलो आवश्यकता थियो । आर्थिक अवस्थाले गर्दा सो सैनिक शक्ति कमजोर थियो । त्यस कारण सो शक्ति मजबूत पार्नाका लागि उनले यस काममा करीव तीन लाख चानचुनको सुन झिकाई भारततिरका महाजनहरूसँग सम्पर्क राखी सो सुन बिक्री गर्ने र उनीहरूसँग चाँदी खरीद गरी रुपियाँ टक मार्ने योजना मिलाएका थिए । सो योजनाअनुसार त्यस वेला भारतबाट भारतीय व्यापारीहरू नुवाकोट आई सुनका निमित्त पर्खिरहेका थिए । उता भोटतिरबाट सुन चाँदी नआइपुगेको हुनाले ती व्यापारीहरू त्यसै फर्केर जालान् र आफ्नो काम विफल होला भन्ने डर पृथ्वीनारायण शाहलाई थियो । त्यसैले उनी यस काममा हतारिएर ताकिता गरेका हुन् भन्ने कुरा उनका पत्रमा उल्लेख गरिएका "भोटचाले सरासर सुना दिन्या भया कपट नमिसि अठार महीन्द्रमल्लीको भाव पनि आंट, '"'मधेसबाट महाजनका मानिस रुपिया लिकन इहाँ आइरह्याछन्. एक पटक टकसार चलाउनुपर्‍यो. अठारैलाइ पनि आँट" आदि वाक्यबाट व्यक्त हुन्छ ।

मिसावटी टकको बढ्ता प्रचलनले बजारको भाउ बढी साधारण जनतालाई मर्का पर्न जाने हुँदा राजाले शुद्ध टक चलाउनुपर्छ भन्ने पृथ्वीनारायण शाहको नीतिअनुसार उनले आफ्ना टक शुद्ध चाँदीकै मारेका थिए । यस विषयमा भोटे व्यापारीहरूले पछि कचिङ्गल झिक्लान् र मिसावटी टकसरह हाम्रा टक लिई कपट सुन भिडाइदेलान् । बरु अहिले नै यस विषयमा विचार पुर्‍याई राख्नुपर्छ भन्ने सूचना हरिदेवलाई दिएका हुन् भन्ने कुरा "हामि त कपट त मिसन्या छैनौं. आज भोटया लौ भन्नन्. यो बनाइ बुझ" आदि वाक्यबाट बुझिन्छ । यस विषयको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९६६–९७२ पृष्ठमा परेको छ ।

उप्रांत म कुति गञां र भोट्याहूरूले स्वह्नको भावमहाँ त भयन अठार भन्या दिन्छौं भन्या. सुना पनि दिन तयार भया. १८ भावमहाँ नमिल्दा म षासाको जगातसम्म उठेर आउँदा भोट्याले थामिपठाया र म थामिञाँ. भोट्यासँग मैले यति बोल्याँ. कुटन् फुकन् नाहि. भाव साह्रै भनि मैले भनिराष्याको छ भनि पठायाछौ. अठार भन्या अलिक कपट मिस्छौं भन्दा हामि ढेवा स्वद्धछौं भनेर स्वधन गइरह्याछन् भनिपठायाछौ. परन्तु कुटि फुकी नाहि. उसै स्वह्नलाई दिन्या भया पनि आँट. क्या होला. परन्तु सुन घटिया नलेव. पीतलको धुलो मिस्याको हुन्छ. तस्माहाँ पनि नजर राषिकन लेव. कदाचित्त स्वह्नलाई त दिएन त तिमिले पेटमाहाँ राषनु चाहिन्छ. नकुटि नफुकि स्वह्न उपर सुका थप् भन्या पनि आँट. एतिमाहाँ पनि कदाचित्त नपस्या पनि नकुटि नफुकि सत्रसम्म भया पनि आँट. परन्तु तेहि सत्रको भावसम् तेति रुपिया मात्रै मिलन्या भया तेत्तिकै राष र सुन ज्मा बाह्र पंध्र हजार तोला मिलन्या भया एहि चासनिमाहाँ कुटि फुकि अठारसम्म भन्या पनि आँट. परन्तु बाह्र पंध्र हजार तोला निसकन्या भया आँट. यो पल्लो छेवको कुरो हो. पेट राषि गर. परन्तु सुन आफ्ना नजरदेषि विरीवांहृण भनि आपना इष्टमित्र बुझि बिनती गरि पठाव. ताहाँ बन्दोबस्त बन्यादेखि सुना किनि पठाइदेव. एति रुपियाँ पठाइदेव. येति सुना मिलन्या छ भनि णिस्तुक पनि बिनति गरि पठाव. भोटको क्या हकिगत छ. स्व पनि विधि विस्तार बिनति गरि पठाव.

उप्रांत इहाँको हकिगत सुवेहेकारु पनि साँधमाहाँ पुरयाइऊँ. अरु समाचार पनि आनन्द छ.

उप्रान्त राहा ता बन्दै गर. छोड्नुह्वैन. विधिविस्तार नराज बस्न्यात् चंद्रभान पंडित कहनान्. स्व सहि. ताँहाँ चालिस पचास मुरि अन्न भोट गयो भन्याको सुनिउँ. त्यो कस्को बाटोबाट गय. विसेद गरि राष. विज्ञेषु किमधिकम्. मिति फाल्गुन सुदि ६ रोज ५ मुकाम नुवाकोट माडि सुभं "

( श्रीबालकृष्ण पोखरेलद्वारा 'पाँचशय वर्ष' भन्ने पुस्तकमा प्रकाशित यो पत्र ऐतिहासिक पत्रसंग्रहको दोस्रो भागमा पनि प्रकाशित भएको छ । )

[जोगेत्यादि = योग्येत्यादि । जेथाजोग्गे = यथायोग्य । चाहिय = चाहिये = हुनुपर्छ । जेहिते परम आनन्द होइ = यसो भयो भने ठूलो आनन्द हुनेछ । मालुम = यथार्थ कुराको ज्ञान । ज्या = जे = जुन कुरो । जोगे = योग्य, मुनासीब । गरेउ = गर्‍यौ । पठावन्या = पठाउने । कुती = काठमाडौंबाट २३ कोश उत्तर पूर्वतिर पर्ने ठाउँ । भोट्याहरू = भोटका व्यापारीहरू । स्वह्नको = सोह्र रुपियाँको । भाव = भाउ, मोल । भयन = भएन । सुना = सुन । षासाको = खासाको = काठमाडौंबाट २१ कोश जति उत्तर पूर्वतिर पर्ने ठाउंको । जगात = भन्सारचौकी । थामिपठाया = पर्ख भन्ने खबर पठाए । कुटन् फुकन् = कुटेर गालेर सुन जाँच्ने तरीका । नाहि = नगर्नू । ढेवा = भोटे अधिकारी । स्वद्धछौं = सोद्धछौं । क्या = के । नलेव = नलेऊ । तस्माहाँ = त्यसमा । नजर राषिकन = आँखा लगाएर, राम्रोसंग जाँची बुझीकन । पेटमाहाँ राषनु चाहिन्छ = मनमा राख्नुपर्छ, पहिले कसैसंग नभन्नू । ज्मा = जम्मा । एहि = यही । चासनि = चासनी = जाँचका निमित्त नमूनाका

रूपसा राखिएका सुन चाँदी आदिका टुक्रा । छेवको = छेउको । आपना = आफ्ना । विरोवोहण = ? । बन्यादेषि = बन्ने भए, मिल्ने भएदेखि । णिस्तुक = निस्तुक = ठीकठीक । हकिगत = भएका कुरा हालखवर । स्व = सो । विधि विस्तार = भएभरको बयान । सुबेहेकारु = ? । साँधमाहा = सीमानामा । पुरयाइउँ = पुरयायौं । राह = बाटा । सहि = ठीक । सुनिउँ = सुन्यौं । विसेद राष = विशेष कुरा जाँचबुझ गरिराख । ]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१३ फाल्गुन शुक्ल

| गते | | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फागुन | १७ | बृहस्पति | षष्ठी | २० | ५५ |

× × ×

व्यापारसम्बन्धी कामका निमित्त भोटतिर गएका आफ्ना दूत पण्डित हरिदेव उपाध्यायलाई "भोटेहरूले कपट नमिसेको असलसँग खारिएको सुन गडबड नगरी सरासर दिन्छन् भने तोलाको अठाह्र रुपियाँ तिर्नु परे पनि आँट गर" भनी वि. सं. १८१३ चैत्र १२ गते सोमवारका दिन पृथ्वीनारायण शाहले पत्र लेखे ।

" स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिषु ( नाम )

स्वस्तिश्रीहरिदेउ पंडितके जथोचितपूर्वकपत्रमिदं.

उप्रान्त भोटचाले सरासर सुना दिन्या भया कपट नमिलि अठार महिन्द्रमल्लिको भाव पनि आँट. परंतु बनाइ कुटि फुकि फट्किदिया आँट. मधेसबाट माहाँजनका मानिसहरू रुपियाँ लीकन इहाँ आइरह्याछन् . एक पटक टक्सार चलावनुपरचो. अठारैलाई पनि आँट. परंतु हामिले त कपट त मिसन्याछैनौ, आज भोटचा लौ भन्नान् . यो बनाइ बुझ. परंतु काम चाँडो गर. श्रीनुन्दुको जेथोचित पत्रले बुझौला. विज्ञेषु किमधिकं. मुजवानि पत्रिवालाकि सहि.

मिति चएत्र शुदि २ रोज २ मुकाम् नवाँकोट माडि राजधानी शुभं "

(श्रीबालकृष्ण पोखेलद्वारा 'पाँच शय वर्ष' भन्ने पुस्तकमा प्रकाशित
यो पत्र ऐतिहासिक पत्रसंग्रहको दोस्रो भागमा पनि प्रकाशित भएको छ । )

[ जथोचित = यथोचित । सुना = सुन । भाव = भाउ । मधेस = भारत । टक्सार चलावनुपऱ्यो = रुपियाँ टक मार्नु पऱ्यो । आज = अहिले । जेथोचित = यथोचित । मुजमानि = मुखैले भनेको कुरा = पत्रिवालाकि = पत्रवालाको, चिठी लिएर आउनेको । सहि = ठीक । चएत्र = चैत्र । ]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८१४ चैत्र शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वि. सं. १८१३ चैत्र | १२ | सोम | द्वितीया | ५५ | ३६ |

\+ + +

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

(वि. सं. १८१५–८८)

—*दिनेशराज पन्त*

राज्यसञ्चालन गर्नाका लागि विभिन्न कुराको आवश्यकता हुन्छ। लडाइँमा प्रस्थान गर्दा साइत हेरेर मात्र जाने चलन हुँदा तथा अरू शुभ कार्यहरू गर्दा पनि शुभ मुहूर्तमा गर्ने चलन हुँदा राजदरबारमा ज्योतिषीहरूले स्थान पाएको उल्लेख पाइन्छ *। यसै हुँदा कोशकारहरूले अरू विद्वान्हरूलाई ब्रह्मवर्गमा र ज्योतिषीलाई चाहिं क्षत्रियवर्गमा राखेको कुरा चाखलाग्दो छ†।

मध्यकालमा नेपालमा अनेक राज्य स्थापना भएका थिए। ती मध्येमा गोरखा राज्य पनि एक थियो। उमेरको दृष्टिले गोरखा राज्य अरू राज्यभन्दा कान्छो थियो तापनि स्थापना भएको कालदेखि नै गोरखा राज्यले आफ्नो राज्यक्षेत्र बढाउने सपना देख्न थाल्यो। द्रव्य शाह, राम शाह, पृथ्वीपति शाह, नरभूपाल शाहहरूले आफ्नो शक्तिले भ्याएसम्म यस कामलाई बढाउने चेष्टा गरे △। पृथ्वीनारायण शाहले आफ्ना पुर्खाहरूले गरेर आएको यस उद्योगलाई योजनाबद्ध रूपले निरन्तर लागेर सफल पार्ने उद्योग गरे। यसै प्रसङ्गमा गोरखादरबारमा निकै ज्योतिषीहरूले स्थान पाए %।

---

* वि. सं. १४२९ आषाढमा ललितपुरका भारादार प्रजाहरू विद्रोह गरी ठिमीसम्म लड्न आइपुगेका थिए। त्यस विद्रोहलाई दबाउन जाँदा स्थितिमल्लले साइत हेराएको उल्लेख गोपालराजवंशावलीमा पाइन्छ। ('पूर्णिमा' यही अङ्कको २५ पृष्ठ हेर्नुहोस्।)

† अमरकोश २।७।५–७ तथा २।८।१४ हेर्नुहोस्।

△ 'पृथ्वीनारायण शाह'को उपदेशका ५४५-६५३ पृष्ठका आधारमा। यो ग्रन्थ प्रकाशित हुँदैछ।

% कुलानन्द ढकाल, भानु अर्ज्याल, बालकृष्ण, रामकृष्ण अर्ज्याल इत्यादि (पृथ्वीनारायण शाहको उपदेश ३१६, ३९३, ३९४, ६७०, ६७१, ६७८, ७०३, ७०६, ७१८, ७१९, ७२०, ७२३, ७२४, ७२६, ७२७, ७२९, ७३२, ७३५, ८१२, ८१३, ८१४, ८३५, ८३६, ८४३, ८७०, ८७९, ९०५ पृष्ठ)

वि. सं. १७९९ मा गद्दीमा बस्नासाथ ∠ पृथ्वीनारायण शाहले छिन्नभिन्न भइरहेको नेपाललाई एक पार्दै जाने कामको आरम्भ गरे। त्यस वेलादेखि आफ्नो मृत्यु नहुन्जेलसम्म उनले यो काम अगाडि बढाउँदै लगे। पृथ्वीनारायण शाहको विजययात्रा शस्त्रजीवीहरूको भरमा मात्र नभएकोले यो काम पूरा गर्न उनले बुद्धिजीवीहरूबाट पनि निकै मदत लिएका थिए। पृथ्वीनारायण शाहले ज्योतिषीहरूलाई साइत हेर्ने काममा मात्र नलाई राजकाजसम्बन्धी चिठीपत्र लेख्ने, ठाउँ ठाउँमा दूत भएर जाने आदि काममा पनि लाएका थिए 卐। यसो हुँदा पृथ्वीनारायण शाहको दरबारमा प्रवेश पाएका ज्योतिषीहरू चलतापुर्जा भई निस्केका थिए। यो कुरा तात्कालिक इतिहासतिर दृष्टि दियौँ भने हामी देख्छौँ।

पृथ्वीनारायण शाहको यही उद्योगको ऽसङ्गमा हुर्केर बढेर कार्यक्षेत्र पाएर योग्यता देखाउन सक्नेहरूमा ज्योतिषीको रूपमा देखा परेका हाम्रा लक्ष्मीपति पाँडे पनि एक जना हुन्। लक्ष्मीपति पाँडेको केही परिचय छापिइसकेको छ ⊙ तापनि पाइएसम्मका सामानका आधारमा उनको जीवनीमा प्रकाश पार्ने चेष्टा मैले यस निबन्धमा गरेको छु।

लक्ष्मीपति पाँडेको तेह्र पुस्ता माथिसम्मको वंशक्रम पाइएको छ। तर उनीहरूको विशेष परिचय नपाइएकोले त्यसको चर्चा यहाँ गरिएको छैन।

लक्ष्मीपति पाँडेले आफ्नो कालार्णवदीपिका नामको पुस्तकमा × आफ्नो वंशक्रम दिएका छन्। त्यसबाट लक्ष्मीपतिका चार पुस्ता अगाडिदेखिका पुर्खा गोरखा दरबारमा ज्योतिषी थिए भन्ने बुझिन्छ। सो वर्णन यस प्रकारको छ—

श्रीमद्गोरक्षकाख्ये नृपतिनिलये सर्वसिद्धान्तसारं
तत्तत्वं श्रीगुरूणां वदनकमलात् संगृहीतं तु येन।
स श्रीमत्केशवाख्यो गणकमुकुटस्तत्सुतः काशिनाथो
गोले सुज्ञोऽर्थवेत्ता गणककुशलः सूर्यसिद्धान्तवेत्ता ॥२॥
तस्यात्मजो गणितकारणतत्त्ववेदी श्रीपार्वतीपतिपदाम्बुजदत्तचित्तः।
रत्नेश्वरो गणकमण्डलनायकेशस्तस्यात्मजो गणितसारविचारदक्षः ॥३॥
कृष्णानन्दः सर्वसिद्धान्ततत्त्वं गोलं कालं खेचराणां गतिं च।
वेत्ता श्रीमत्पार्वतीवल्लभस्य पादाब्जे वै दत्तचित्तो द्विजेशः ॥४॥
तस्यात्मजः श्रीगुरुभक्तचित्तो लक्ष्मीपतिर्मन्दमतिः शिवेशम्।
प्रणम्य कालार्णवदीपिकां हि करोति विद्वज्जनवर्यतुष्टयै ॥५॥

---

∠ पृथ्वीनारायण शाहको उपदेश ६५४ पृष्ठ।

卐 पृथ्वीनारायण शाहको उपदेश ३१७ तथा ६७६–७७ पृष्ठ।

⊙ 'जयतु-संस्कृतम्' ६ अङ्कमा श्रीगुरु नयराज पन्तले लक्ष्मीपतिको संक्षिप्त जीवनी प्रकाश गर्नुभएको छ।

× यस लेखमा उपयोग गरिएका पुस्तक, पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका हुन्।

[सिद्धान्त ज्यौतिषको सबै सारलाई गुरुको मुखबाट पढेका, ठूला ज्योतिषी केशव गोरखाका राजाको दरबारमा हुनुहुन्थ्यो। उहाँका छोरा सूर्यसिद्धान्त पढेका, गोलका कुरा बुझेका, सिपालु ज्योतिषी काशीनाथ हुनुभयो। उहाँका छोरा गणितको उपपत्ति बुझेका, शिवजीका उपासक, ठूला ज्योतिषी रत्नेश्वर हुनुभयो। उहाँका छोरा गणितको सार कुरा विचार गर्नामा सिपालु, सबै सिद्धान्त ज्यौतिषको ग्रहगति, गोल, समयको सार बुझेका, शिवजीका उपासक, असल ब्राह्मण कृष्णानन्द हुनुभयो + । उहांका छोरा गुरुको भक्तिमा मन लाएका, थोरै बुद्धि भएका लक्ष्मीपतिले शिवजीलाई ढोगेर कालर्णवदीपिका बनाएका छन्।]

यस वर्णनबाट लक्ष्मीपतिका पुर्खाहरू क्रमशः केशव, काशीनाथ, रत्नेश्वर, कृष्णानन्द देखिन्छन्।

पण्डित कृष्णानन्द पृथ्वीनारायण शाहको सभामा थिए भनी लक्ष्मण कविले कवितानिकषोपलमा लेखेका छन् ///। वि. सं. १८३५ मा श्री ५ को सरकारले कृष्णानन्द (कालु) पाँडेलाई "तिमी हाम्रा पुराना ज्योतिषी हौ" भनी पत्र लेखेथ्यो %।

कृष्णानन्द पाँडे आफ्नो अध्ययन अध्यापनका लागि पुस्तक सार्ने गर्दथे। वि. सं. १८४२ मा उनले सारेको प्रश्नज्ञाननामक ८ पत्रको पुस्तक पाइएको छ। त्यसको अन्त्यमा यस्तो लेखिएको छ—

इत्युत्पलभट्टेनोक्तं प्रश्नज्ञानं समाप्तम्।
नगाकाशघने शाके माधवे शुक्लपक्षके।
त्रयोदश्यां सिते वारे कृष्णानन्दो व्यलीलिखत्॥

[उत्पल भट्टले बनाएको प्रश्नज्ञान सिद्धियो।

शाके १७०७ (वि. सं. १८४२) चैत्र शुक्ल त्रयोदशी शुक्रवारमा ⊙ कृष्णानन्दले सारे।]

---

+ वि. सं. १७३८ (क्षयमास परेको वर्ष) र त्यसभन्दा केही अघिका पनि पात्राहरू लक्ष्मीपतिको संग्रहमा भएका हुनाले लक्ष्मीपतिले आफ्ना चार पुस्ता माथिदेखिका पुर्खा ज्योतिषी थिए भनी वर्णन गरेको साँचो देखिन्छ। किनभने उनताका पात्रो नगन्ने गृहस्थीको घरमा पात्रो हुनु गाह्रो थियो।

/// कवितानिकषोपलको ३७, ३९ पृष्ठ हेर्नुहोस्। कवितानिकषोपल योगी नरहरिनाथद्वारा सम्पादित भई काशी गोरक्षटिल्ला योगप्रचारिणीबाट प्रकाश भएको छ। कवितानिकषोपलको विशेष विचार पृथ्वीनारायण शाहको उपदेश ४७७–९२ पृष्ठमा गरिएको छ।

% यो पत्र यही निबन्धमा तल आउँदैछ।

⊙ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—
शाके १७०७ वि. सं. १८४२ चैत्र शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | १३ | शुक्र | त्रयोदशी | ३६। | ६ |

(पात्रोबाट)

वि. सं. १८४३ भन्दा केही अगाडि कृष्णानन्द पाँडे काशीवास गए ❁ । राजदरबार-बाट उनलाई बराबर खर्च गइरहन्थ्यो । छोरा लक्ष्मीपति दरबारमा भएका हुनाले उनलाई विशेष कृपादृष्टि रहेको थियो § ।

कृष्णानन्द पाँडेले काशीबाट " हामीलाई हजुरका पुर्खाहरूले बिर्तामा कर माफ गरिदिइ-बक्सेको थियो । मेरा छोरा हजुरका शरण पीछामा छन् । तिनीहरूलाई हजुरले प्रति-पालना गरी तिनीहरूको बिर्तामा कर माफ गरिदिइवक्से हुन्थ्यो जो करुणा" भनी श्री ५ महाराजाधिराजको हजुरमा बिन्तिपत्र चढाई पठाएका थिए । त्यसको उत्तरमा यहाँबाट यस्तो लेखी काशीमा कृष्णानन्द पाँडेकहां पठाइयो—

स्वतिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महा-राजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्.

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारसमर्थ श्रीकालु पाँडे ज्योतिर्वित्के प्रणामपूर्वकपत्रमिदं. ज्याहा कुशल ताहा कुशल चाहिय. आगे पत्र आयो. पत्रार्थ मालूम भयो. इहाको समाचार भलो छ. उप्रांत छोरा शरण पीछामा छन्. जान्दा नजान्दा क्षमा बक्सनुहोला. बाँकि अघि पनि हामीलाइ सर्व अंक माफ△ हजूरका पूर्षलि बक्स्याको हो. आज उप्रांत पनी छोराहरुलाइ इन्का बांधा बिर्त्ता घर षेत कुरियामा▱ उघावनी÷ पघावनी झारा+ षेरा बेठ्बेगारको‡ टंटा माफ छ भनी हुकुम बक्स्याको सुन्न पाया छोराका तरफ निश्चित रहन्या थिञां. हाल साल पऱ्याको चुमावन* छ. जो करुणा भनि बिंति गरि पठायाछौ. वृद्ध सत्पात्र पुरानिञा शुभचिंतक छौ. तिम्रो बिंति सुन्यूं. तम्रा छोराका बिर्ता बांधा मानु चावल् घर षेत कुरियामा गादीमसारष् चुमावन गैह्र उघावनी पघावनी झारा बेठवेगारको टंटा माफ गरिबक्स्यौं. एस् बातको टंटा तम्रा सन्तानलाइ लाग्याछैन. तिम्रा छोरा थरघरका❀ सरहले हाम्रा पीछा छन्. बाहिडा बाभन्का⁑ सरहमा जावैनन्. आनन्दसंग श्रीकाशीवास गरी हाम्रो जय मनाउ. उप्रांत ग्रहशान्तिका★ दिन काठमाडौं सहरमा २ चोकको

---

माधवको अर्थ चैत्र भन्ने विषयमा पृथ्वीनारायण शाहको उपदेशको ४३३–३५ पृष्ठमा विस्तारपूर्वक विचार गरिएको छ ।

❁ ऐतिहासिक–पत्रसंग्रह पहिलो भागको ४९–५२ पृष्ठ हेर्नुहोस् ।

§ पूर्णिमा २ अङ्कको ३६ पृष्ठ हेर्नुहोस् ।

△ सर्व अंक माफ = कुनै किसिमको रकम पनि नलाग्ने । ▱कुरिया = आफ्नो जग्गामा बसी जग्गा कमाउने रैती । ÷उघावनी = बचेखुचेका । + झारा = सरकारतर्फबाट बेदाममा दुनियाँसंग लिइने हारगुहार । ‡बेठबेगार = ज्याला बिना खेताला जानुपर्ने । *चुमावन = राजाको व्रतबन्धमा लाग्ने कर ।

❀थरघर = पाँडे, पन्थ, अर्ज्याल, खँडाल, राना, बोहरा थर भएका पुस्तैनी गोर्खाली भारादार । ⁑ बाहिडा बाभन् = सामान्य बाहुन । ★ ग्रहशान्ति = बिग्रेका ग्रहहरूलाई शान्त पार्नाका निम्ति गरिने कर्मविशेष ।

घर्बारी षेत १ तम्रा छोरा लक्ष्मीपति पाँडेलाइ कुश विर्त्ता•-- संकल्प गरी बक्स्यौं.☽ किमधिकं. सम्बत् १८४६ साल ज्येष्ठ वदि १२ रोज ५ मु. काठमाडौ शुभम्.

वि. सं. १८५२ मा वैद्य महेश्वर जोशी‡ र कृष्णानन्द पाँडेद्वारा श्री ५ रणबहादुर शाहबाट काशीमा सङ्कटादेवीको पुरश्चरण गराइएको थियो । त्यसको लागि बन्दोबस्त मिलाई तलको पत्र लेखिएको थियो ।

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङ् देवानां सदा समरविजयिनाम्.

स्वस्तिश्रीसर्वोपमायोग्य विद्वज्जन श्रीमहेश्वर जोसि वैद्य श्रीकालु पाँडे ज्योतिर्वित्सु प्रणामपूर्वक-पत्रमिदम्. ञाहा कुशल तांहा कुशल चाहिय. आगे ञाहाको समाचार भलो छ. उप्रांत ञाँहा हेर्दा विचार्दा श्रीकाशीमा श्रीसंकटादेवीको पुरश्चरण गराउन्या हो भन्न्या सल्लाह ठहराञ्यूँ. श्रीकाशीवासी पुरानीञां शुभचिंतक बुढा तिमि २ छौ. अघि पनि तिमीहरुले गरा आयाको रहेछ. आज पनी पुरश्चरणको संकल्प गरी बरणी पठायाको छ. चंद्रतारानुकूल+ भयाका बढिया दिनमा श्रीसंकटादेवीका स्थानमा✻ पुरश्चरण जप प्रारंभ गरी प्रारंभको पाती प्रसाद ञाँहा चह्लाइ पठाउ. पूजाको सराजामकन हविष्य↗ धोती उपर्ना❁ जलपात्र आसनीकन रुपैया २५०।।। बष्षु÷ टोपी पठायाका छन्. पुग्नन्. कन्न्या ब्राह्मण भोजनकन समाप्ति हुन्या ताकमा सम्झाइ पठाया बक्सी पठाउँला. इति संवत् १८५२ कार्त्तिक वदि ५ रोज १★ मु. कांतिपुर शुभम्.

---

•-- कुश विर्ता = सरकारबाट कुश हाली संकल्प गरी ब्राह्मणलाई बक्सेको जग्गालाई कुश विर्ता भन्दछन् । सो जग्गा पाउनेले र पाउनेका सन्तानले बेचबिखन गरी खान पाउँछन् ।

☽ भारादारहरूलाई विशेष धन कमाउन नदिने नीति पृथ्वीनारायण शाहको थियो । पृथ्वीनारायणले कसैलाई काठमाडौंमा घर दिएको थाहा पाइएको छैन । पृथ्वीनारायण शाहको मृत्यु भएको लगत्तै उनका भारादारहरू प्रशस्त घर खेत जोड्न लागे । [त्रिरत्नसौन्दर्यगाथाको ६७–७० पृष्ठ तथा अभिलेख–संग्रह (१२ भाग) को ५–६ पृष्ठ हेर्नुहोस् ।]

यस कारण पृथ्वीनारायण शाह जीवित भएका भए यो रूप आउँदैनथ्यो ।

लक्ष्मीपतिलाई घर जग्गा दिई वि. सं. १८४५ मा गरिदिएको कागत पनि पाइएको छ । सो पछि प्रकाश गरिनेछ ।

‡ पृथ्वीनारायण शाहका मुख्य वैद्य महेश्वर थिए। (पृथ्वीनारायण शाहको उपदेश ३९३ पृष्ठ)
+ चन्द्रतारानुकूल = चन्द्रमा र तारा जुरेको । ✻ काशीमा संकटाको प्रसिद्ध मन्दिर छ ।
↗ हविष्य = पुरश्चरण गर्दा खाने चोखो वस्तु । ❁ उपर्ना = ओढ्ने । ÷ बख्खु = ऊनी भोटो ।

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८५२ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | १९ | रवि | पञ्चमी | ३४।६ |

(पात्रोबाट)

यसबाट वि. सं. १८५२ सम्म कृष्णानन्द पांडे जीवित थिए भन्ने कुरा देखिन आएको छ। उनको जन्म, मृत्यु कहिले भयो, सो अहिले निश्चित गर्न सकिएको छैन ।


यिनै ज्योतिषी कृष्णानन्द (कालु)पाँडेका माहिला छोरा भएर लक्ष्मीपति वि. सं. १८१५ वैशाख २७ गते गोरखा गाइखुरमा जन्मेका हुन् । लक्ष्मीपति पाँडेको चिना पाइएको छ । सो यस प्रकारको छ—

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥

आदित्यादिग्रहाः सर्वे सनक्षत्राः सराशयः ।

दीर्घमायुः प्रयछं(च्छ)न्तु यस्यैषा जन्मपत्रिका ॥ ॥

श्रीशाके १६८० मासे १ तिथौ १४ घटिका २७।२५ वारे ७ नक्षत्रे १ घटी २५।३७ जन्मनि भरणीभुक्तघटी ३३।२९ राशौ १ अंशके ७ योगे ३ घटी २९।२८ करणे ९ एवं पंचां (पञ्चाङ्)गे अथ सौरमानेन वैशाखमासदिन २७ गते शनिवारे दिनसमस्तरात्रिघटिका २० पला ४५ गते तथा रात्रिशेषघटी ६ पला २८ शेषे मीनलग्ने कर्कांशे गोर्षाराज्ये गोषुराख्ये ग्रामे वसतां




श्रीसर्वोपमायोग्यज्योतिर्वित्कृष्णानंद(नन्द)पाडेकानां गृहे भार्योभयकुलानंद( नन्द )दायिनी सुप्रभादेवी पुत्ररत्नं समजीजनत. तदभिधानं देवभूदेवप्रसादात् लक्ष्मीपतिबा(र्बा)लकः शतायुर्भूयात.तस्येयं पत्रिका शुभा. दर्शशांति(शान्ति)योग्य छ. चंद्रा(चन्द्रा)-रिष्ट छ. शुभकेंद्र(केन्द्र)त्वात् परिहारश्च चंद्र-(चन्द्र)शनिभौमराहुदानं शुभं. आपना लिखको अनुमान मिलाउदा यो जन्मपत्री छ ।

( छेउमा )

बृहस्पतिकृतं जन्मपत्रम्.

श्री ३ धरणीधरोपाध्यायेषु तथा कृष्णानंद पाडज्युषु बृहस्पतिको प्रणाम.

[कल्याण होस्। श्रीगणेशलाई नमस्कार।

सूर्य आदि ग्रह, नक्षत्र र राशिहरूले यस चिनावालालाई दीर्घायु गराऊन्।

श्रीशाके १६८० (वि. सं १८१५) वैशाख (कृष्ण) चतुर्दशीको घडी २७ पला २५, शनिवार, अश्विनी नक्षत्रको घडी २५ पला ३७, जन्मेको बेलामा भरणी नक्षत्रले भोग गरेको घडी ३३ पला २९, मेष राशि, तुलांश, आयुष्मान् योगको घडी २९ पला २८, चतुष्पाद्

करण, यस्तो पञ्चाङ्ग भएको वेलामा, अनि सौरमानले वैशाख २७ गते, शनिवार, दिन सम्पूर्ण बिती, रातको घडी २० पला ४५ जाँदा, रातका घडी ६ पला २८ बाँकी रहँदा, मीनलग्न कर्काशमा गोर्खा राज्यको गोखुर (गाइखुर) नाउँको गाउँमा बस्ने, सर्वोपमायोग्य ज्योतिषी श्रीकृष्णानन्द पाँडेकी दुलही दुइटै कुललाई आनन्द दिने सुप्रभादेवीले घरमा असल छोरा पाउनुभयो । तिनको नाम लक्ष्मीपति हो । देवता र बाहुनका आशीर्वादले यी बालक शय वर्ष बाँचुन् । तिनको यो असल जन्मपत्रिका ( चिना ) हो ।

चन्द्रबाट अरिष्ट परेको छ । केन्द्रमा शुभ ग्रह भएकोले परिहार ( दोषनिवारण ) पनि छ । चन्द्रमा शनैश्चर मङ्गल र राहुको दान गरे असल हुन्छ ।

बृहस्पतिले + बनाएको जन्मपत्र ( चिना ) ]

यस वेला पृथ्वीनारायण शाहले विजययात्रा शुरू गरेको १४, १५ वर्ष भइसकेको थियो तथा उनले नुवाकोट र त्यसको वरपरका प्रदेश जित्न सकेका थिए तापनि विशेष विजय गर्न सकेका थिएनन् ÷ । वि. सं. १८१४ मा कीर्तिपुरको प्रथम आक्रमणमा असफल भएपछि केही काल पृथ्वीनारायण शाह चूर लागेर बसेका थिए तापनि अगाडि बढ्ने योजना बनाउँदै थिए ▭ ।

वि. सं. १८१९ मा मकवानपुर र त्यसको आसपासका प्रदेश विजय गरेपछि नेपाल–उपत्यकालाई चारैतिरबाट राम्ररी घेर्ने कामतिर पृथ्वीनारायण शाह लागे‡ । परन्तु यसै साल पृथ्वीनारायण शाहले बङ्गालका नवाफ मीरकासिमको सैन्यसँग मकवानपुरमा भिडिनुपर्‍यो । गोरखालीको मार खाई मुसलमानी सैन्यले भागाभाग गर्‍यो⌒ । त्यसपछि पृथ्वीनारायण शाह उपत्यकासँगैका बनेपा, नाला, साँगा, आदि प्रदेश कब्जा गर्दै उपत्यकाभित्रका प्रदेश कब्जा गर्न पुगे▭ । वि. सं. १८२२ चैत्रमा कीर्तिपुर विजयपछि पृथ्वीनारायण शाहको झन् बल बढ्यो* । उपत्यकालाई कस्तै राजधानीको बाहिरसम्म पुगेको अवस्थामा गोरखाली सैन्यले फेरि अर्को पटक विदेशी सैन्यको मुकाबिला गर्नुपर्‍यो । वि. सं. १८२४ मा किनलकको मातहतमा अङ्ग्रेजी सैन्य सिधुलीगढीसम्म आइपुगेको

---

+ यी बृहस्पतिले पृथ्वीनारायण शाहका दूत भई काम गरेका थिए । (ऐतिहासिक-पत्र-सङ्ग्रह दोस्रो भागको ८२ पृष्ठ हेर्नुहोस् । )

÷ पृथ्वीनारायण शाहको उपदेश ७१८–८१२ पृष्ठ ।

▭ पृथ्वीनारायण शाहको उपदेश ८१२–१८ पृष्ठ ।

‡ पृथ्वीनारायण शाहको उपदेश ८४३–४९ पृष्ठ ।

⌒ पृथ्वीनारायण शाहको उपदेश ८४९–५२ पृष्ठ ।

▭ पृथ्वीनारायण शाहको उपदेश ८५५–६० पृष्ठ ।

* पृथ्वीनारायण शाहको उपदेश ८७४–७६ पृष्ठ ।

थियो । गोर्खाली सैन्यले यस अङ्ग्रेजी सैन्यलाई पनि परास्त पारिदियो△ । यसपछि पृथ्वीनारायण शाह कान्तिपुर राजधानीभित्र पस्न समर्थ भए★ । यसको लगत्तै ललितपुरमा पनि उनको अधिकार जम्यो ❁ । यसको १ वर्षपछि वि. सं. १८२६ मा भक्तपुरको युद्धमा विजयी भएपछि संपूर्ण नेपाल–उपत्यकामा पृथ्वीनारायण शाहको अधिकार जम्यो × । यसपछि पनि पूर्व र पश्चिमतिर अनेकन लडाइँ उनले गरे तथा पूर्वका दुइ सेन राज्य चौदण्डी र विजयपुरलाई आफ्नो राज्यमा मिलाए। पृथ्वीनारायण शाहको अन्तिम समयसम्ममा उनको राज्य पूर्वमा सुखिमसम्म पुग्यो ⁝ ।

यसरी हाम्रा लक्ष्मीपति पांडे बढेर केही बुझ्न सक्ने भएपछि उनले पृथ्वीनारायण शाहले चलाएका विजययात्रा-प्रसङ्गमा भएका अनेकन लडाइँभिडाइँका कुराहरू सुन्नु, देख्नु स्वाभाविक थियो ।

लक्ष्मीपति पाँडेले कसरी कुन गुरुसँग विद्याग्रहण गरे भन्ने कुरा खुलस्त रूपमा थाहा पाइएको छैन । आफ्नो कुलले पढ्दै आएको ज्यौतिष विद्या उनले बालककालदेखि नै पढ्दै आएको देखिन्छ । २० वर्षको उमेरमा ज्योतिषीको रूपमा कर्मक्षेत्रमा लक्ष्मीपति उत्रिसकेको उल्लेख पाइने हुनाले⊿ साइत हेर्नालाई आवश्यक ज्योतिषसम्बन्धी ज्ञान त्यसभन्दा अगाडि नै उनले पाइसकेको स्पष्ट छ। पछि पनि आफ्नो अध्यवसायद्वारा लक्ष्मीपति पाँडेले आफ्नो ज्ञान बढाउँदै गएका थिए ।

लक्ष्मीपतिले पुस्तक सार्ने, सार्न लाउने, पुराना पुस्तकमा टीका लेख्ने, नयाँ पुस्तक रचना गर्ने काम जीवनभर गरेका थिए। साठी वर्ष पुगेपछि उनी काशीवास गएका थिए। काशीमा बस्ता पनि पुस्तक सार्ने, सार्न लाउने, टीका बनाउने, नयाँ पुस्तक बनाउने उनको काम चलिरहेकै थियो । नेपालमा बस्ता पनि उनले यी काम गरिरहेकै थिए। अहिले यहां लक्ष्मीपतिले पहिलो उमेरमा आफूलाई पढ्न भनी सारेका सार्न लाएका अहिले देखा परेका पुस्तकको परिचय दिइन्छ। अरू पुस्तकको परिचय प्रसङ्ग मिलाई दिइनेछ ।

(१) *लीलावती*

यसमा ५३ पत्र छन् । सारेको मिति–वि. सं. १८३०

श्रीलक्ष्मीपतिशर्मणः पुस्तकं लीलावती पाटीसंज्ञा

---

△ पृथ्वीनारायण शाहको उपदेश ८६२–६९ पृष्ठ ।

★ पृथ्वीनारायण शाहको उपदेश ८७७–८० पृष्ठ ।

❁ पृथ्वीनारायण शाहको उपदेश ८८०–८२ पृष्ठ ।

× पृथ्वीनारायण शाहको उपदेश ८८७–९२ पृष्ठ ।

⁝ पृथ्वीनारायण शाहको उपदेश ९०९–१२ तथा ९१४–१९ पृष्ठ ।

⊿ यो पत्र यही निबन्धमा तल आउँदैछ ।

स्वाष्टांशेनयुतेऽष्टकुवर्गे मन्मथशत्रुघनेन च युक्ते ।
उ(ऊ)रुगते तरणौ सितपक्षे व्यक्तमिदं लिखितं शनिवारे ॥
भास्कराय्र्यकृतं(तो) ग्रंथं(ग्रन्थः) सत्कवि(वी)नां मनोहरम्(रः)
गणिताब्धौ प्लवमिदं(प्लव इव) गोलाद्यब्धौ विशेषतः ॥

[श्रीलक्ष्मीपति शर्माको लीलावतीनामक पाटीगणितको पुस्तक यो हो ।

१८ को वर्गमा आफ्नो अष्टमांश जोडी त्यो योगफलमा ११ को घन जोड्नू । यस वर्षमा पौष महीना शुक्ल पक्षमा शनिवार यो पाटीगणित सारियो । भास्कराचार्यले बनाएको राम्रो कविता भएको यो ग्रन्थ गणितरूपी सागर तर्न विशेष गरेर गोलरूपी सागर तर्न डुङ्गा जस्तै छ ।]

१८² = ३२४

८)३२४(४०    ४०
  ३२
  ---
   ४         ३६४

११³ = १३३१
      ------
      १६९५ शाके
       १३५
      ------
      १८३० वि. सं.

यस कारण वि. सं. १८३० पौष महीनामा यो लीलावती सारिएको देखिन्छ।

यस वेला लक्ष्मीपति १५ वर्षका थिए ; १५ वर्षको उमेरमा लीलावती पढ्नु स्वाभाविक छ। यहाँ उनलाई वर्ग घन इत्यादिको अभ्यास भएको देखिन्छ ।

अलबेरुनीले २४१ भन्नालाई ६ को घन र ५ को वर्गको योग भनी बोलेका छन् । [इतिहास-संशोधनको प्रमाण प्रमेय (पहिलो भाग)को ६८ पृष्ठ हेर्नुहोस् ।] लक्ष्मीपतिभन्दा अलबेरुनी ७ सय वर्षअगाडिका थिए । अलबेरुनीको ग्रन्थ अरबी भाषामा भएको र लक्ष्मीपतिको समयमा लक्ष्मीपतिले बुझ्ने भाषामा सो ग्रन्थको अनुवाद पनि नभएकोले अलबेरुनीको नक्कल लक्ष्मीपतिले गरेका हुन् भन्न सकिदैंन । तैपनि गणितमा दुवैको बुद्धि घुसेको परिचय यसबाट पाइन्छ ।

यस वेला लक्ष्मीपतिले श्लोक बनाउने अभ्यास गरेका र राम्रो श्लोक नबनेको पनि यताबाट देखिन्छ ।

(२) *ग्रहलाघव*

यसमा ५५ पत्र छन् ।                सारेको मिति—वि. सं. १८३५

लक्ष्मीपतिशर्मणः पुस्तकम् स्वहस्तेन लिखितं. ग्रहलाघवस्योदाहृतिश्लोकसंख्या २४०० कांति-(कान्ति)पुर्यां नगर्यां श्रीविश्वनाथकृपया.

सुरवर्त्मवियत्स्तनयित्नुके हृदि रमे नु रवौ खलु मेचके।
खङ्चगान् कककाखगधान् युते नगरके लिखिताऽशु सुपुस्तिका ॥१॥

[लक्ष्मीपति शर्माको पुस्तक । आफ्नै हातले पशुपतिको कृपाले कान्तिपुर शहरमा सारेको । ग्रहलाघवको उदाहरण ग्रन्थसंख्या २४००

शाके १७०० ( बि. सं. १८३५ ) श्रावण महीना कृष्णपक्षमा ... ... शहरमा यो पुस्तक चाँडै सारियो । ]

(३) *रामविनोदको उदाहरण*

यसमा १० पत्र छन् । सारेको मिति—बि. सं. १८३६

रामबिनोदोदाहरणटीका लक्ष्मीपतिस(श)र्मणा लिखितं (ता) स्वार्थाय बिश्वनाथकृपया.

श्रीशाके भूखमेघाऽब्ध्येऽलिगेऽर्के शंकरे तिथौ ।
कांति(कान्ति)पुर्यां स्वपाठार्थं लक्ष्मीपतिर्व्यलीलिखत् ।

[ रामबिनोदको उदाहरण टीका लक्ष्मीपति शर्मले आफ्नो लागि पशुपतिनाथको कृपाले कान्तिपुरमा सारे ।

शाके १७०१ (वि. सं. १८३६) मङ्सीर महीना अष्टमी तिथिमा आफूलाई पढ्नाको लागि लक्ष्मीपतिले सारे । ]

(४) *चन्द्राशिफल*

यसमा ४ पत्र छन् । सारेको मिति–वि. सं. १८३६

चंद्र( चन्द्र )राशिफलपुस्तकं लक्ष्मीपतिना लिखितं.

शाके १७०१ मासे पौषशुक्लदशम्युत्तरीभूतैकादश्यां सोमे कृत्तिकानक्षत्रे कांति(कान्ति)पुरमहासिद्धपीटे( ठे ) उँटुटोले महेश्वरस्य प्रासादेऽट्टालिकायां पश्चिममुखे नारायणदासाज्ञया लक्ष्मीपतिशर्मणा लिखितं.

[ लक्ष्मीपतिले सारेको चन्द्रराशिफलको पुस्तक
शाके १७०१ ( वि. सं. १८३६ ) पौष शुक्ल दशमीउप्रान्त एकादशी सोमवार कृत्तिका नक्षत्रमा* ठूलो पीठ भएको कान्तिपुर वटुटोलको महेश्वरको महलको कौशीको पश्चिमतिर बसेर नारायणदासको आज्ञाले लक्ष्मीपति शर्माले सारे । ]

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–
शाके १७०१ वि. सं. १८३६ पौष शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| माघ | ७ | सोम | दशमी | ६। ६ | कृत्तिका | २२। २५ |

( पात्रोबाट )

(५) *पञ्चस्वराजातक*

यसमा ८ पत्र छन् । सारेको मिति—वि. सं. १८३७

लक्ष्मीपतिशर्मणा लिखितं पंच(पञ्च)स्वराजातकं.

नेत्राकाशघने शाके भाद्र मेचकके कुजे ।

शिवे वह्नौ ध्रुवे सम्यग् लक्ष्मीपतिर्व्यलीलिखत् ॥

[ लक्ष्मीपति शर्माले सारेको पञ्चस्वराजातक

शाके १७०२ (वि. सं. १८३७) भाद्र कृष्ण अष्टमी मङ्गलवार कृत्तिका नक्षत्र ध्रुव योगमा राम्ररी लक्ष्मीपतिले सारे । ]

(६) *विवाहवृन्दावन*

यसमा १८ पत्र छन् । सारेको मिति–वि. सं. १८३७

लक्ष्मीपतिशर्मणः पुस्तकं इति विवाहवृन्दावने

यमाभ्रोरगन्दौ शके चैत्रशुभ्रे शिवार्कीकरेषु प्रसादाच्छिवस्य ।

लिखत्पाणिपंकेरुहं कन्यकाया ग्रहं यत्र तत्पुस्तकं कृष्णसूनुः ॥

[ लक्ष्मीपति शर्माको पुस्तक विवाहवृन्दावन सिद्धियो ।

शाके १७०२ ( वि. सं. १८३७ ) चैत्र शुक्ल चतुर्दशी शनिवार हस्त नक्षत्रका दिन पशुपतिका निगाहले कृष्णानन्दका छोरा (लक्ष्मीपति)ले विवाहवृन्दावन सारे । ]

यस श्लोकबाट यस वेलासम्म लक्ष्मीपति शुद्ध लेख्ने भइसकेका रहेनछन् भन्ने देखिन्छ ।

(७) *मुहूर्तचिन्तामणि*

यसमा ३१ पत्र छन् । सारेको मिति–वि. सं. १८३८

लक्ष्मीपतिशर्मणः पुस्तकं समाप्तोऽयं मुहूर्तचिन्तामणिः ।

भीमलोचनपयोदसद्मभूधृट्पयोधितनुजे शकाब्दके ।

युग्मकाहितिथिशुभ्रपक्षपूर्फेन्दुगेरमलिखन्मुदा सुधीः॥

श्रीविक्रमार्कस्य शकाख्यकालेऽह्यचग्न्याहिचन्द्रे त्वथ खेजले(हे)ढैः ।

मिते कलौ श्रीशपदालिकृष्णानन्दात्मजोऽल व्यलिखत् समग्रम् ॥

[ यो लक्ष्मीपति शर्माको पुस्तक हो । यो मुहूर्तचिन्तामणि सिद्धियो ।

शाके १७०३ आषाढ शुक्ल पञ्चमी पूर्वफाल्गुनी नक्षत्रमा + बुद्धिमान्ले राम्ररी सारे। वि. सं. १८३८ कलिगत संवत् ४८८२ मा राम्ररी विष्णुका भक्त कृष्णानन्दका छोरा (लक्ष्मी-पति)ले सारिसिद्ध्याए । ]

(८) जातकालङ्कार

यसमा ८ पत्र छन् । सारेको मिति–वि. सं. १८३९

जातकाल'का(लङ्का)राख्यं पुस्तकं लक्ष्मीपतिशर्मणा लिखितं·
युगव्योमघने शाके पार्थोनेऽर्केऽश्वयुक्सिते ।
वह्नौ चंद्रे (चन्द्रे) स्वपाठार्थं लक्ष्मीपतिबुधोऽलिखत् ।।
[ जातकालङ्कार नाउँको पुस्तक लक्ष्मीपति शर्माले सारे ।

शाके १७०४ (वि. सं. १८३९) आश्विन शुक्ल परेवा सोमवार कन्यामा सूर्य बसेका दिन पण्डित लक्ष्मीपतिले आफूलाई पढ्नाको लागि सारे ।]

(९) बुद्धिविलासिनी

यसमा ९० पत्र छन् । सार्न ला को मिति–वि. सं. १८३९

श्रीकेशवदैवज्ञसुतश्रीगणेशदैवज्ञविरचिता लीलावतीटीका बुद्धिविलासिनी समाप्ता ।। स्वस्तिश्री-शाके १७०४ संवत् १८३९ साल श्रीनेपालसंवत् ९०३ मार्गशिरवदि ३ रोज १ नेपालदेशे पशुपति-संनिधाने काष्ठमण्डपदेशस्य उत्तरभागे श्रीवागमत्यां पश्चिमकुले श्रीविष्णुमत्याः पूर्वकुले श्रीवैलोचन-नामजमलेश्वरभट्टारकस्थाने लेषकनाम धंजु श्रीलक्ष्मीपतिशर्मणः पुस्तकम् ।।

[श्रीकेशव दैवज्ञका छोरा गणेश दैवज्ञले बनाएको बुद्धिविलासिनीनामक लीलावतीको टीका सिद्धियो। शाके १७०४ वि. सं. १८३९ ने. सं. ९०३ मार्ग कृष्ण तृतीया आइतवारको दिन नेपाल देशमा पशुपतिको नगीचमा काठमाडौंको उत्तर भागमा वाग्मतीको पश्चिम किनारामा विष्णुमतीको पूर्व किनारामा वैलोचन जमलेश्वर भट्टारकको स्थानमा धंजुले सारे । यो पुस्तक लक्ष्मीपति शर्माको हो ।]

(१०) लक्ष्मीपतिका हस्ताक्षरका भास्करीय बीजगणितका बीचबीचका ९ पत्र पाइ-एका छन् ।★

---

+ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

शाके १७०३ कलिगत सं. ४८८२ वि. सं. १८३८ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | |
|---|---|---|---|---|---|---|---|
| आषाढ | १६ | मङ्गल | पञ्चमी | ३५। १७ | मघा | ३०। १२ | ( पात्रोबाट ) |

यस कारण यो पुस्तक मघाउप्रान्त पूर्वफाल्गुनी नक्षत्रमा सारिएको देखिन्छ ।

★ लक्ष्मीपतिका धेरै पुस्तक पात्राहरू नष्टभ्रष्ट भइसकेका छन् । (इतिहास–संशोधनको प्रमाणप्रमेय पहिलो भागको उपोद्घातको १० पृष्ठ र पूर्णिमा ४ अङ्कको ८४ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८३५ तिर लक्ष्मीपति पाँडे काठमाडौं आए। उनी काठमाडौंमा आएर वैद्य महेश्वर जोशीको वटुटोलको घरमा बसेका थिए। *

पृथ्वीनारायण शाहको वि. सं. १८३१ मा मृत्यु भएपछि उनका छोरा प्रतापसिंह राजगद्दीमा बसे । प्रतापसिंह विशेष लडाईंभिडाईंतिर झुकेका थिएनन् । यसैले उनको पालामा केवल सुमेश्वर मात्र विजय भयो। वि. सं. १८३४ मा २६ वर्षको उमेरमा प्रतापसिंहको मृत्यु भयो । प्रतापसिंहको मृत्यु भएपछि उनका बालक छोरा रणबहादुर शाह गद्दीमा राखिए। अढाई वर्षको मानिसबाट राजकाज चल्नु संभव कुरो थिएन। त्यसैले कहिले प्रतापसिंहको रानी राजेन्द्रलक्ष्मीको हातमा, कहिले प्रतापसिंहका भाइ बहादुर शाहको हातमा राज्याधिकार रह्यो तथा राज्याधिकारका लागि हानथाप चलिरह्यो ‡ । भित्र केही कमजोरी आए तापनि पृथ्वीनारायण शाहबाट तालीम पाएका भारादारहरूबाट विजययात्रा पनि चलिरह्यो । गोर्खालीहरू यस वेलासम्म पश्चिमतिर बढ्न सकेका थिएनन् । यसैले यसताका पश्चिमतिरको विजयको उद्योग चलाइयो र वि. सं. १८३५ मा पश्चिमतिर फौज पठाइयो ।

सेनाको साथमा ज्योतिषी पनि रहनु आवश्यक हुने हुनाले यस वेला ज्योतिषीको रूपमा नवयुवक ज्योतिषी लक्ष्मीपति पाँडे पश्चिमतिर हिंडे । यो कुरो तलको पत्रले प्रकट गर्छ—

„स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुर्समसेरजंदेवानाम् सदा समरविजयिनाम्.

स्वस्तिश्रीसर्वोपमायोग्य विद्वज्जन श्रीकालु पांडेके प्रणामपूर्वकपत्रमिदं. इहां कुसल ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत तिमि भन्याका हाम्रा पुरानिया शुभचिंतक ब्राह्मण हौ. पश्चिमतिरको काज परिआया गर्नु भनि इहांबाट भरभारा भला मानिस् गोर्षा आया. तुम्रा छोरा लछिमापति पांडेलाइ पनि साथ पठायाको छ. नया उघ्रयाका ज्योतिषि छन्. तिमिले अघिदेषि गरिआयाको छ. तसर्थ तहाँ गोर्षा भारादारका साथ बसि सुसाएत् हेरि विचार गरिदिन्या गर+. तुम्रो सेवन् हामि देषन्याछौं. ताहाको काज बनाव. तुम्रो दर्द बनाइबक्सौला.

---

* माथिका २, ३, ४ संख्याका पुस्तक हेर्नुहोस् ।

‡ पूर्णिमा ३ अङ्कका ७९—८० पृष्ठ हेर्नुहोस् ।

+ "तुम्रा छोरा लछिमापति पांडेलाइ पनि साथ पठायाको छ, नया उघ्याका ज्योतिषि छन्. तिमिले अघिदेषि गरिआयाको छ. तसर्थ तहाँ गोर्षा भारादारका साथ बसि सुसाएत् हेरि विचार गरिदिन्या गर."

यस वाक्यबाट बीस वर्षका लक्ष्मीपतिलाई कामको अनुभव छैन, यस कारण यिनको मात्र

संवत् १८३५ अगहनवदि १० रोज ६x सुभं.

लक्ष्मीपति पाँडे कार्यक्षेत्रमा उत्रेको पहिलो उल्लेख पाइएको यही नै हो ।

(क्रमशः)

★—★

# नेपाल–अंग्रेजयुद्धको दोस्रो चरण

## प्राण शाह, बखतबारसिंह थापा, रणवीरसिंह थापा र दलभञ्जन पाँडेले मकवानपुरगढीबाट वि. सं. १८७२ फागुन १३ गते श्री ५ महाराजाधिराजको हजुरमा लेखेको पत्र र त्यस पत्रको ऐतिहासिक व्याख्या

—*महेशराज पन्त*

पूर्णिमाको छैटौं अङ्कमा नेपाल–अंग्रेजयुद्धको दोस्रो चरणसम्बन्धी एउटा पत्र प्रकाश गरेको थिएँ । अब यस सातौं अङ्कमा नेपाल–अंग्रेजयुद्धको दोस्रो चरणसम्बन्धी अर्को एउटा पत्र प्रकाश गरिरहेछु । वीरपुस्तकालयको सङ्ग्रहमा रहेको यस पत्रको मूल रूप यस प्रकारको छ—

---

भरबाट काम चल्दैन भन्ने भाव दरबारको रहेछ भन्ने बुझिन्छ । लक्ष्मीपतिले यसभन्दा पछि पढ्न सारेका केही पुस्तकको उद्धरण माथि परेको छ । त्यहाँ उनले बनाएका श्लोक राम्रा छैनन् । यसबाट पनि दरबारले लक्ष्मीपतिको भर नपरेको उचित देखिन्छ ।

यसपछि लक्ष्मीपतिले परिश्रमपूर्वक पढ्दै आफ्नो विद्या बढाउँदै लगे । सरकारिया काममा रही विद्या बढाउँदै आखिरमा प्रसिद्ध विद्वान् बन्न सकेका लक्ष्मीपतिले "खाने मुखलाई जुंघाले छेक्तैन" भन्ने आहानलाई चरितार्थ गरे ।

x यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३५ मार्ग कृष्ण (पूर्णान्तिमानले)

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | १ | शुक्र | दशमी | ५५ | ५० |

(पात्रोबाट)

अर्जी[१] ... ... ... ... ... ... ... ... ...
उप्रान्त फाल्गुन बदि ९ रोज ४[२] का मितिमा लेषि आयाको कृपापत्र ए बदि १० रोज ५[३] का दिन आइपुग्यो. अर्थ बुझि शिर चह्राजौं.

कुइन्याको[४] फौज हेटौंडामा[५] आइ बस्यो त ठूलो जंगल काटि ताँहाँसम्म आयापछि उसको[६] मन ढेरै बढ्याको होला.[७] गौं हेरी[८] अप्ठारा पारि १।२ बेर[९] साफ गरी नकाटी ठाँउँमा आँउनु‡ कठीन् छ. कुइन्याको षबर बुझन पाका मानिस् चिवा पठाइ तहकीत% षबर बुझि बहुतै षबर्दारिसित रहि कुइन्याको फौज पहाडको मनसुब राषि* आयो भन्या गौं हेरी काटी हटाँउन्या काम् गर्नु. काजी बषतबारसिंह थापा ∠ ताँहाँ पुग्यापछि कस्तो पाठ + हुंछ. सो बिन्ति गरी पठाँउनु. तिष्टुं❀ पालु卐 निस्कन्या रस्तामा▱ पातलो छ÷. अमृतपानीको रस्ता गरी पहाड चढ्यो भन्या बितवल्★ पर्ला. अझ २ पट्टि अमृतपानीमा पठाया बढिया होला भन्या बिस्तारको मर्जी आयागयेछ. ¦

पश्चिमको उत्रो मुलुक् उस्तो पहाड पंनि सर गरि△ आज्ञा भन्न्या गर्ब गरी जर्नेल अषतरलोनि आइरहेछ त १।२ फेरा साफ गरी नकाटी ठाँउँ आवैन. योग्य मर्जी आयेछ.

ज्याहां गर्न्या चर्चाजारे पहाडका घाँटि† गौंडा◉ गल्फा संधिसर्पन्का§ जग्गा रोकि कंपुका पपट्टिपट्टि र कंपनीगेह्र जग्गाजग्गाजा षटाइ राष्याकै छ. हेटौंडादेषि उठदा कता

---

१. अर्जी=बिन्तीपत्र। २. फाल्गुन बदि ९ रोज ४=फागुन १२ गते बुधवार। ३. ए बदि १० रोज ५=फागुन १३ गते बिहिवार। ४. कुइन्याको=अंग्रेजको। ५. काठमाडौंबाट १२ कोस जति दक्षिण पश्चिममा हेटौंडा छ। ६. उसको= अंग्रेजको। ७. मन ढेरै बढ्याको होला=उत्साह बढेको होला। ८. गौं हेरी=पहुँच पुग्ने विचार गरी। ९. १।२ बेर=एक दुइचोटि। ‡ ठाँउँमा आँउनु=तह लाग्नु। % तहकीत=वास्तव। * पहाडको मनसुब राषि=पहाड जित्ने इच्छा गरी।

∠ भीमसेन थापाका साहिला भाइ बषतबारसिंह थापा हुन् ("जनरल भीमसेन थापा र तत्कालीन नेपाल"को ३४ पृष्ठ, "त्रिरत्नसौन्दर्यगाथा"का २९४,२९७ पृष्ठ तथा "इतिहास-प्रकाश" १ अङ्कको १२० पृष्ठ हेर्नुहोस्।) वि. सं १८३७ मा यिनको जन्म भएको हो। (दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको टिपोटबाट।)

वि. सं. १८८२ तिर बषतवारसिंह थापा पाल्पाका शासक भएका थिए। (रामजी तेवारीको संग्रहमा रहेको पत्रबाट यो कुरा बुझिन्छ। यो पत्र पछि प्रकाश गरिनेछ।)

+ पाठ=अवस्था। ❀ काठमाडौंबाट ५ कोस जति पश्चिम दक्षिणमा तिस्टुङ छ। 卐 तिस्टुङनजीकै पालुङ छ। ▱ रस्तामा=बाटामा। ÷ पातलो छ=थोरै फौज छ। ★ बितवल्=बित्यास। ¦ आयागयेछ=आएछ।

△ सर गरि=जिती। † घाँटि=पहाड काटिएर अन्तर परेको वारपार गर्न हुने छेडो। ◉ गौंडा=गढी बनाउन योग्य वा गढी बनाएको ठाउँ। § संधिसर्पन्का=साँधसिमानाका।

कता लाग्छ. सो षवर कसैले ज्याहाँ चाँडो आइ कँहनु. कसैले लस्कर+ काँहाँ पुग्छ. हेरी ठहरचाइ राषनु भनि बुढापाका पक्का मानिस्हरूमा २५।३० जना चिवा छोडिराष्याकै छन्. उस्को लस्कर भन्या ४।५ पल्टन् गोराको% र ५।६ पल्टन् कालाको⊙ ३०० सवारी❁ उपरधांग△ र बंजारागैह्र‡ लस्कर ढेरै छ भन्या षवर ल्याउँछन्.

ताँहाँदेषि पनि बढी पहाड चढन आयो भन्या गधेरा पारी काटन्यँछौं.

काजी चामु भँडारीलाई÷ चिसापानीगढीमा❀ बस् भन्न्या र झाराका ताकितीको‡ हुकुम हजुरमा* रह्याका भारादार भारादारका छोरागैह्र सहरमा★ रह्याका ढाक्रयाहरूसमेत्△ सबैलाई भैंस्याषानि↗ चिसापानी ठिङ्गन्तिर$\Pi$ जग्गाजग्गामा∅ जानु भन्या मर्जी बहुतै बढिया भयेछ.

---

+लस्कर=फौज। %गोराको=युरोपवासीको। ⊙कालाको=हिन्दुस्थानीको।

❁अंग्रेजी सैन्यसँग ३०० सवारी आएको थियो भन्ने खबर आयो भनी यस पत्रमा लेखिएको छ।

हेन्रि टि. प्रिन्सेपको "ए न्याराटिम् अफ् दि पोलिटिकल् यान्ड् मिलिटरि ट्रान्-ज्याक्शन्स् अफ् ब्रिटिश् इन्डिया, अन्डर् दि एड्मिनिसट्रेशन् अफ् दि मार्क्विस् अफ् हेस्टिङ्स् ( लर्ड हेस्टिङ्सको पालामा भारतको अंग्रेजी राज्यमा भएका राजनीतिसम्बन्धी र फौजविषयका कामका वर्णन )" भन्ने पुस्तकको ३२–३३ पृष्ठको बीचमा रहेको चित्रमा अक्टरलोनी चुरेमा आउँदा हात्ती पनि देखाइएको छ। यताबाट अंग्रेजी सैन्यसँग हात्ती ल्याइएको कुरा बुझिन्छ।

वि. सं. १८७१ पूस १९ गते भएको पर्साको लडाइँमा नेपालीहरूले अंग्रेजका ४ हात्ती, २ ऊँट पक्रेका थिए। ( पूर्णिमा ६ अङ्कको ७१ पृष्ठ हेर्नुहोस्। ) यताबाट पनि अंग्रेजी सैन्यका साथ सवारी ल्याइएको कुरा बुझिन्छ।

△काठमाडौंबाट १३ कोस जति पश्चिममा उपरदाँगगढी छ। ‡बंजारागैह्र=आबादी नभएका ठाउँमा समेत।

÷ नेपाल–अंग्रेजयुद्धको पहिलो चरणमा चामु भँडारी बम शाहका साथमा कुमाउमा थिए। ( "पूर्णिमा" १ अङ्कका ४७–५८ पृष्ठ हेर्नुहोस्। )

❀काठमाडौंबाट ६॥ कोस जति दक्षिणपश्चिममा चिसापानीगढी छ। ‡ झाराका ताकितीको=लडाइँमा खटाइएका मानिसले जानैपर्ने ताकितीको। * हजुरमा=श्री ५ महाराजाधिराजको नजीकमा। ★सहरमा=राजधानी काठमाडौंमा। △ढाक्रयाहरूसमेत्=हाल जागीरमा बहाल नभएकाहरूलाई समेत। ↗ काठमाडौंबाट ९ कोस जति दक्षिणपश्चिममा भैंसे छ। $\Pi$काठमाडौंबाट ८ कोस जति दक्षिणमा टिङ्गन छ। ∅जग्गाजग्गामा=ठाउँठाउँमा।

तिष्टं पालुंतरफ छिचोळ्न्या मुल् रस्ता अबैंभंज्याङ् र अमृतपानी इ दुइ जग्गा घाँटि× छ भन्या र अमृतपानीमा भेंन्या ताँहाँबाट आयाका २ पट्टि बस्याका छन्. अर्षभंज्याङ्मा यताबाट सुबेदार संग्राम जितबहादुर साहि र कंपुका २ पट्टिलाई पठायाको छ. फेरी पनि २ पट्टि पठांउनु भन्या मर्जी भया थपी पठाउँला.

जर्नेल अषतरलोनिछेउ चिठी पुरयाँउनु भनि हल्कारालाई पठाइराष्याको छ. हल्कारो आइपुग्यापछि जो पाठ आवला बिन्ति गरी पठाउला. किमधिकं विज्ञचरणेषु.

इति सम्बत् १८७२ साल मिति फाल्गुन बदि १० रोज ५❀ मुकाम मकवानपुरगढी* शुभम्.

सेवक प्राण साह ‡ बषतबारसिंह थापा

---

× घाँटि = मुख्य ।

❀ फाल्गुन बदि १० रोज ५ = फागुन १३ गते बिहिवार।

*काठमाडौंबाट ११ कोस जति दक्षिणतिर मकवानपुरगढी छ।

‡गोरखाली राजा पृथ्वीपति शाहका जनाति प्राण शाह हुन् ।

पृथ्वीपति शाहदेखि प्राण शाहसम्मको वंशक्रम यस प्रकारको छ—

पृथ्वीपति शाह
|
चन्द्ररूप शाह
|
वीरबाहु शाह
|
जीव शाह
|
प्राण शाह

("गोरखावंशावली" दोस्रो संस्करणको ५९ पृष्ठ तथा "श्री ५ रणबहादुर शाह" को १२०—१२१ पृष्ठ हेर्नुहोस् )।

प्राण शाह वि. सं. १८२८ मा जन्मेका हुन्।

(लक्ष्मीपति पाँडेको टिपोटबाट)

श्री ५ रणबहादुर शाह काशी बस्दा उनको साथमा प्राण शाह पनि थिए—

"श्रीकाशीमा श्रीस्वामी प्रभु ४ वर्षसम्म राज गर्नुहुँदा साथमा रह्याका चौतरिया प्राण शाह, काजी भीमसेन थापा, काजी दलभञ्जन पाँडे, काजी बालनरसिंह कुँवर, खजाञ्ची उदयगिरि, एकदेव उपाध्याय प्रमुख थिया।"

("भाषावंशावली" बाट)

रणबीरसिंह थापा+ दलभञ्जन पाँडेको⊛ कोटि कोटि कुर्नेस बन्दगी सलाम् ३ शुभम्

+ भीमसेन थापाका कान्छा भाइ रणवीरसिंह थापा हुन् । ("जनरल भीमसेन थापा र तत्कालीन नेपाल" को ३४ पृष्ठ, "त्रिरत्नसौन्दर्यगाथा" का २९४, २९७ पृष्ठ तथा "इतिहास–प्रकाश" १ अङ्कको १२० पृष्ठ हेर्नुहोस् । ) वि. सं. १८४७मा यिनी जन्मेका हुन् ।

( लक्ष्मीपतिको टिपोटबाट )

नेपाल–अंग्रेजयुद्ध हुँदा वि. सं. १८७१ मङ्सीर १३ गते यिनी मकवानपुर खटिई गएका थिए । लक्ष्मीपतिको पात्रोमा यो कुरा यसरी टिपिएको छ ।

" वि. सं. १८७१ कार्तिक शुक्ल

| | गते | बार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १३ | शनि | चतुर्दशी | ३१ ५० | भरणी | १४ ४४ | परिघ | ३२ ५२ |

मीनलग्ने दक्षिणस्यां कर्णालादिनां यात्रा "

रणवीरसिंह थापाको मातहतको सैन्यले यतातिर हान्न आएको अंग्रेजी सैन्यलाई हराई धपाइदिएको थियो ।

( "इतिहास–प्रकाश" १ अङ्कको ४३ पृष्ठ हेर्नुहोस् । )

जनकलाल शर्माको "जोसमनी सन्तपरम्परा र साहित्य" का ४५५–४७५ पृष्ठमा छापिएका पत्रबाट यिनी पछि पालपाका शासक बनेका थिए भन्ने कुरा बुझिन्छ ।

भाषावंशावलीमा यस विषयमा यस्तो लेखिएको छ–

"... ... मन्त्रीका कान्छा भाइ रणवीरसिंह थापालाई पालपा गौंडा तैनाथी गरी बर्दवानी कालीवक्स सेरसबुज पल्टन पाई छोटा जनरल मान पाया । "

यिनी पछि जोगी भई "स्वामी अभयानन्द" को नाउँले प्रसिद्ध भएका थिए । ("जोसमनी सन्तपरम्परा र साहित्य" का ६७–७० पृष्ठ हेर्नुहोस् । )

⊛ द्रव्य शाहलाई गोरखा जित्न मदत गर्ने गणेश पाँडे ब्राह्मणको आठौं पुस्तामा दलभञ्जन पाँडे क्षत्रिय जन्मेका हुन् ।

गणेश पाँडेदेखि दलभञ्जन पाँडेसम्मको वंशक्रम यस प्रकारको छ–

गणेश पाँडे
|
विष्णु पाँडे
|
बिरु पाँडे
|

प्राण शाह, बखतवारसिंह थापा रणवीरसिंह थापा र दलभञ्जन पाँडेले मकवानपुरगढीबाट वि. सं. १८७२ फागुन १३ गते श्री ५ महाराजाधिराजको हजुरमा पठाएको यस पत्रबाट नेपाल-अंग्रेजयुद्धको दोस्रो चरणसम्बन्धी केही कुरा बुझिन्छन् ।

बली पाँडे
|
विष्णुदास पाँडे
|
तुलाराम पाँडे
|
जगजित् पाँडे
|
दलभञ्जन पाँडे

( "त्रिरत्नसौन्दर्यगाथा" को ११६ पृष्ठ तथा "श्री ५ रणबहादुर शाह" को १२२ पृष्ठ हेर्नुहोस् । )

दलभञ्जन पाँडेका बाजे तुलाराम पाँडे क्षत्रिय श्री ५ पृथ्वीनारायण शाहका भारदार थिए ।

पृथ्वीनारायण शाहले नेपाल-उपत्यका विजय गर्नुभन्दा पहिले आफ्ना मानिस पठाई पठाई नेपालउपत्यकाका मुख्य मानिसलाई हात लिने उद्योग गरेका थिए । पृथ्वीनारायण शाहले यो काम गर्न तुलाराम पाँडेलाई पनि खटाएका थिए ।

वि. सं. १८२५ असोज १३ गते गोरखाली सैन्यले कान्तिपुर जित्यो । यसै दिन तलेजुको देवलमा बारुद सल्की तुलाराम पाँडेको मृत्यु भयो ।

(यी कुरा भाषावंशावलीमा छन् ।)

दलभञ्जन पाँडेका बाबु जगजित् पाँडेले पश्चिमविजयमा काम गरेका थिए । यिनले बि. सं. १८४८ मा गढवाल विजय गरेका थिए । त्यस वेलाका चार काजीमध्ये यिनी एक थिए । (" ऐतिहासिक पत्रसंग्रह" पहिलो भागका ६१-६२ पृष्ठ हेर्नुहोस् ।)

दलभञ्जन पाँडेको जन्म वि. सं. १८३५ मा भएको हो । (लक्ष्मीपतिको टिपोटबाट)

स्वामी रणबहादुर शाहको पछि लागी काशी जानेमा दलभञ्जन पाँडे पनि थिए भन्ने कुरा भाषावंशावलीको माथि उद्धरण गरिएको अंशबाट बुझिन्छ ।

रणजङ्ग पाँडे खोसिएपछि चौ. फत्यजङ्ग शाहको अध्यक्षतामा बनेको मन्त्रिपरिषदमा दलभञ्जन पाँडे पनि राखिएका थिए । (ओल्डफील्डको "स्केचेस् फ्रम् निपाल (नेपालको वर्णन)" पहिलो भागको ३२३-३२४ पृष्ठ हेर्नुहोस् ।)

मातवरसिंह थापा मारिएपछि चौ. फत्यजङ्ग शाहको अध्यक्षतामा बनेको मन्त्रिपरिषद्मा दलभञ्जन पाँडे पनि थिए । (ओल्डफील्डको "स्केचेस् फ्रम् निपाल (नेपालको वर्णन)" को पहिलो भागको ३५०-३५१ पृष्ठ हेर्नुहोस् ।)

बि. सं. १९०३ भाद्र ३१ गते कोतपर्वमा दलभञ्जन पाँडे मारिए । ("अभिलेख-संग्रह" पहिलो भागको १२-१३ पृष्ठ हेर्नुहोस् ।)

"अंग्रेजी फौज जंगल काटी हेटौंडासम्म आइपुगेकोले अंग्रेजी फौजको आँट बढेको देखिन्छ। यसरी अगाडि बढेर आएको अंग्रेजी फौजलाई तहमा ल्याउनाको लागि १।२ पल्ट अंग्रेजी फौजसँग भिडिई त्यसलाई हराउनुपर्छ। अंग्रेजी सैन्यको गतिविधि बुझ्नाको लागि जासूस छोड्नू। अंग्रेजी फौज पहाड उक्लन लाग्यो भने अंग्रेजी फौजमा हमला गरिहाल्नू। काजी बखतवारसिंह थापा त्यहाँ पुगेपछि कस्तो अवस्था हुन्छ, सो लेखी पठाउनू। तिस्टुङ र पालुङ जाने बाटोमा फौज थोरै छ। अमृतपानीको बाटो अंग्रेजी सैन्य पहाड चढ्यो भने फसाद पर्ला, अझ केही फौज अमृतपानीमा थपी पठाउनू। पश्चिमपट्टिको नेपाली प्रदेश जितें भनी गर्व गरी जर्नेल अक्टरलोनी आइरहेछ। यस कारण १।२ पल्ट अंग्रेजी सैन्यसँग नभिडिई, अंग्रेजी सैन्यलाई नकाटी अक्टरलोनी तह लाग्दैन" भन्ने भावको पत्र फागुन १२ गते श्री ५ महाराजाधिराजबाट प्राण शाहहरूलाई गएको थियो।

प्राण शाह, रणवीरसिंह थापा र दलभञ्जन पाँडे मकवानपुरगढीमा पहिलेबाटै गइसकेका थिए, बखतवारसिंह थापा मात्र पछिबाट त्यहाँ गएका हुन् भन्ने कुरा यस पत्रबाट बुझिन्छ।

"ठाउँठाउँमा पल्टन पठाई गढीको रक्षा गर्ने काम हामीले गरिरहेका छौं। हेटौंडाबाट अंग्रेजी पल्टन कतातिर लाग्छ, कसैले यो कुराको खबर हामीकहाँ आई भन्नू, कसैले अंग्रेजी पल्टन कहाँ पुग्छ, यो कुरा याद गर्नू भनी २५।३० जना अनुभवी जासूस हामीले छोडिराखेका छौं।

अक्टरलोनीको सैन्यमा ४।५ पल्टन युरोपवासीको र ५।६ पल्टन हिन्दुस्थानीको छ। अंग्रेजी सैन्यसँग ३०० सवारी छन् भन्ने खबर हाम्रा जासूसले ल्याएका छन्।

अक्टरलोनीको सैन्य पहाड उक्लन लाग्यो भने हामी अंग्रेजी सैन्यसँग भिडिई त्यसलाई धपाउनेछौं।

काजी चामु भँडारीलाई चिसापानीगढीमा खटाइएको रहेछ। राजधानीमा बसेका भारादार, भारादारका छोरा तथा ढाक्रेहरूलाई भैंसेखानी, चिसापानी, ठिङ्गनतिर खटाइएको बढिया भएछ।

तिस्टुङ र पालुङ आउने बाटा अमृतपानी र अखैभञ्ज्याङमध्ये अमृतपानीमा चाहिं काठमाडौंबाट आएको फौज बसेको छ, अखैभञ्ज्याङमा चाहिं हामीहरूले यताबाट केही सैन्य पठाएका छौं। अरू सैन्य थपी पठाउने मर्जी भएमा थपी पठाउनेछौं।"

प्राण शाहहरूले अक्टरलोनीलाई चिठी पठाएका थिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ। अक्टरलोनीसँग सन्धि गर्ने विषयमा चिठीपत्र भएको होला जस्तो लाग्छ।

[ क्रमागत ]

# त्रिकोणमिति (ज्योत्पत्ति)

## पहिलो अध्याय


—नयराज पन्त

३० प्रक्रम—

### २४ वटा ज्या मान्नाको कारण

२२५ कला (३ अंश ४५ कला) देखि उठान गरी २२५।२२५ कला बढ्दै गएका २४ वटा चापका २४ वटा ज्या २९ प्रक्रममा ल्याइएका छन् । प्राचीन आचार्यहरूले ३४३८ त्रिज्या मान्नाको कारण हामीले २७ प्रक्रममा लेखिसकेका छौं । अब हामी २४ वटा ज्या मान्नाको कारणको विषयमा विचार गर्छौं ।

वृत्तको केन्द्रमा परस्पर लम्बरूप २ वटा व्यास हाल्नाले ९० अंशको चाप पाइन्छ ( १ चित्र हेर्नुहोस् ) । ९० अंशको चापबाट ९० अंशको पूर्णज्या पाइन्छ ।




[ २२ चित्र ]

पू उ चाप ९० अंशको हो । त्यसको पूर्णज्या पू उ रेखा हो । पू उ रेखालाई आधा गरिदियो भने ४५ अंशको ज्या र चाप पाइन्छन् । पू त रेखा ४५ अंशको ज्या हो, पू ज चाप ४५ अंशको छ । पू ज रेखा ४५ अंशको पूर्णज्या हो । पू ज रेखाका उपरमा मत्स्य बनाई शि पु रेखा हाल्दा सो रेखाले

पू ज पूर्णज्या तथा पू ज चापलाई पनि आधा गरिदिन्छ *। यस कारण पू थ रेखा २२ अंश ३० कलाको ज्या हुन्छ, पू च चाप २२ अं. ३० क. को हुन्छ । के थ रेखाचाहिं ९० अं.–२२अं. ३० क. = ६७ अं. ३० क. को ज्या हुन्छ। च उ चाप ६७ अं. ३० क. को हुन्छ।

यसै गरी २२ अं. ३० क. को पूर्णज्यालाई आधा गर्दा ११ अं. १५ क. को ज्या र चाप पाइन्छ । ११ अं. १५ क. बाट ७८ अं. ४५ क. को ज्या र चाप पाइन्छ। ६७ अं. ३० क. को पूर्णज्यालाई आधा गरिदियो भने ३३ अं. ४५ क. को ज्या र चाप पाइन्छ। ३३ अं. ४५ क. बाट ५६ अं. १५ क. को ज्या र चाप पाइन्छ ।

यसरी ९० अं. देखि उठान गरी पूर्णज्याहरूलाई आधा आधा गर्दै जाँदा ४५ अं., २२ अं. ३० क., ६७ अं. ३० क, ११ अं. १५ क, ७८ अं. ४५ क, ३३ अं. ४५ क, ५६ अं. १५ क, यी ७ वटा चापका ७ वटा ज्यालाई नापेर ल्याउन सकिन्छ ।

वृत्तको अर्धव्यासमाथि समभुज त्रिभुज बनाउँदा ६० अंशको पूर्णज्या पाइन्छ (९ चित्र)। ६० अंशको पूर्णज्यालाई आधा गरिदियो भने ३० अंशको ज्या र चाप थाहा पाइन्छन् । ३० अंशको पूर्णज्याबाट १५ अंश र ७५ अंशका ज्या र चाप थाहा पाइन्छन् । १५ अंशबाट ७ अं. ३० क. र ८२ अं. ३० क. का ज्या र चाप, ७ अं. ३० क. बाट ३ अं. ४५ क. र ८६ अं. १५ क. को ज्या र चाप, ८२ अं. ३० क. बाट ४१ अं. १५ क. र ४८ अं. ४५ क. का ज्या र चाप थाहा पाइन्छन् । ७५ अंशको पूर्णज्याबाट ३७ अं. ३० क. र ५२ अं. ३० क. का ज्या र चाप, ३७ अं. ३० क. बाट १८ अं. ४५ क. र ७१ अं. १५ क. का ज्या र चाप, ५२ अं. ३० क. बाट २६ अं. १५ क. र ६३ अं. ४५ क. का ज्या र चाप थाहा पाइन्छन् ।

यसरी ६० अंशको पूर्णज्यादेखि उठान गरी पूर्णज्याहरूलाई आधा आधा गर्दै जाँदा ३० अं., ६० अं., १५ अं., ७५ अं., ७ अं. ३० क, ८२ अं. ३० क., ३ अं. ४५ क., ८६ अं. १५ क., ४१ अं. १५ क., ४८ अं. ४५ क., ३७ अं. ३० क., ५२ अं. ३० क., १८ अं. ४५ क., ७१ अं. १५ क., २६ अं. १५ क., ६३ अं. ४५ क. यी १६ वटा चापका १६ वटा ज्यालाई नापेर ल्याउन सकिन्छ ।

यसरी ९० अंशको पूर्णज्याबाट ७ वटा र ६० अंशको पूर्णज्याबाट १६ वटा ज्यालाई नापेर ल्याउन सकिन्छ । ९० अंशको ज्या त्रिज्या हुन्छ। सो त्रिज्या आफ्नो इष्ट हुंदा २४ वटै ज्या नापी आफ्नो गणितको परीक्षा गर्न सकिने हुनाले प्राचीन आचार्यहरूले २४ वटा ज्या मानेका हुन् भन्ने कुरा स्पष्ट छ + ।

---

* मत्स्य बनाउने विधि पूर्णिमा ४ अङ्कको ९० पृष्ठमा हेर्नुहोस् । पू उ रेखालाई आधा गर्न बनाएको मत्स्यचाहिं चित्रमा देखाइएको छैन ।

+ यो कुराको संक्षेप भास्करले पनि गरेका छन् । पूर्णिमा ४ अङ्कका ९६–१०२ पृष्ठ हेर्नुहोस् ।

३१ प्रक्रम—

## चापको अनुपातबाट ज्या आउन सक्दैन


पू च चाप २२ अंश ३० कलाको हो । त्यसको ज्या च अ हो । पू झ चाप ६० अंशको छ । त्यसको ज्या झ क हो । पू ज चाप ७५ अंशको छ । त्यसको ज्या ज ग हो ।

ज थ=ज ग−थ ग=ज ग−च अ

= ७५° को ज्या−२२° ३०′ को ज्या हुन्छ ।

झ त = झ क−त क = झ क−च अ

= ६०° को ज्या−२२° ३०′ को ज्या हुन्छ ।




[ २३ चित्र ]

च ज रेखा = च ज चापको पूर्णज्या = ( ७५°—२२° ३०′ ) को पूर्णज्या

= ५२° ३०′ को पूर्णज्या हुन्छ ।

ज थ च तथा ध त च त्रिभुज समानकोणक छन् ।

त्यस कारण च ज : ज थ : : च ध : ध त यस्तो अनुपात बस्छ । ......... रे. ग. ६ अ. ४ प्र.

अर्थात् ७५ अं. र २२ अं. ३० क. को अन्तरको पूर्णज्याले त ७५ अं. को ज्या र २२ अं. ३० क. को ज्याको अन्तर पाइन्छ भने च ध रेखाले ध त रेखा पाइएला यो अनुपात रेखागणितको युक्तिबाट सिद्ध हुन्छ ।

परन्तु च ज चाप एक अवयव, ज थ रेखा एक अवयव, थ च रेखा एक अवयव भएको चापसरल त्रिभुज तथा च झ चाप एक अवयव, झ त रेखा एक अवयव, त च रेखा एक अवयव भएको चापसरल त्रिभुजमा पनि अनुपात लाग्छ भनी मानेमा च ज चापले ज थ रेखा पाइन्छ भने च झ चापले झ त रेखा पाइएला ।

अर्थात्, ७५ अं. को चाप र २२ अं. ३० क. को चापको अन्तरले त ७५ अं. को ज्या र २२ अं. ३० क. को ज्याको अन्तर पाइन्छ भने ६० अं, को चाप र २२ अं. ३० क. को चापको अन्तरले ६० अं. को ज्या र २२ अं. ३० क. को ज्याको अन्तर पाइएला । यस्तो रूप बस्न जाला ।

यताबाट ७५° − २२° ३०′ = ५२° ३०′ = ३१५०′
६०° − २२° ३०′ = ३७° ३०′ = २२५०′

७५° को ज्या = ३३२१
६०° को ज्या = २९७७
२२° ३०′को ज्या = १३१६ } [ ८ सारणीबाट ]

यस कारण ७५° को ज्या — २२° ३०′को ज्या = २००५
६०° को ज्या — २२° ३०′को ज्या = १६६१

∴ ३१५० : २००५ :: २२५० : क

$$क = \frac{२००५ \times २२५०}{३१५०} = \frac{१००२५}{७} = १४३२·१४३ = १४३२ \text{ (आसन्न)}$$

यसरी यहाँ सकारेको अनुपात–अनुसार ६० अंश र २२ अं ३० क को ज्याको अन्तर १४३२ हुन आयो ।


परन्तु ६०° को ज्या — २२° ३०′ को ज्या = १६६१ हुन्छ ।

यस कारण यहाँ सकारेको यो अनुपात सर्वथा अशुद्ध हो भन्ने स्पष्ट देखिन आउँछ ।

३२ प्रक्रम—

## ज्या र चापको अभेद भएमा चापको अनुपातबाट ज्या ल्याउंछन ।

ज्याभन्दा पूर्णज्या ठूलो, पूर्णज्याभन्दा चाप ठूलो हुन्छ भनी २३ प्रक्रममा सिद्ध गरिएको छ । २२५ कला वा त्यसभन्दा सानो चाप भएमा ज्या र चापको भेद थाहा पाइंदैन भन्ने कुरो २४ प्रक्रममा सिद्ध गरिएको छ । यी दुइ सिद्धान्तलाई मिलाई विचार गर्दा २२५ कला वा त्यसभन्दा सानो चाप भएमा पूर्णज्या र चापको भेद थाहा पाउन सकिंदैन भन्ने कुरा स्पष्ट हुन्छ । त्यस्ता ठाउंमा पूर्णज्या र चापको अभेद मानी गणितज्ञहरू चापको अनुपातबाट इष्ट अंशका चापको ज्या ल्याउने काम गर्छन् । जस्तैः—




[ २४ चित्र *]

* यस २४ चित्रमा ठाउँ साँघुरो भएकोले त तथा क अक्षर चिनु दिई अलि पर लेखिएका छन् ।

पू च चाप ३० अंशको हो, त्यसको ज्या च अ हो। पू ज चाप ३३ अं ४५ क को हो, त्यसको ज्या ज ग हो। पू इ चाप ३२ अंशको हो, त्यसको ज्या इ क हो।

३० अंशको ज्या च अ १७१९ हुन्छ। ३३ अं ४५ क को ज्या ज ग १९१० हुन्छ। यी दुइ ज्यालाई थाहा पाई ३२ अंशको ज्या इ क को मान ल्याउनुपरेको छ।

ज च चाप २२५ कलाको छ। त्यसको पूर्णज्या र चापको अभेद क्षेत्रमा देखिएको छ। इ च चाप २ अंश (= १२० कला) को छ। यहाँ पनि चाप र पूर्णज्याको अभेद देखिन्छ।

जद् = जग — दग = जग — चअ = १९१० — १७१९ = १९१

ज द् च तथा इ त च दुवै सरल जात्य त्रिभुज जस्ता देखिएकाले तिनलाई सरल जात्य मानी रेखागणितको ६ अ. ४ प्रतिज्ञाअनुसार अनुपात गर्दा—

ज चः ज द्ः : इ चः इ त

$$\therefore \text{इ त} = \frac{\text{ज द्} \times \text{इ च}}{\text{ज च}} = \frac{१९१ \times १२०}{२२५} = १०१\cdot८६६ = १०२ \text{ आसन्न}$$

यस कारण इ क = इ त + त क = इ त + च अ

= १०२ + १७१९ = १८२१

∴ ३२° को ज्या = १८२१

यस रीतलाई भास्करले तलको सूत्ररूपमा बोलेका छन्।

तत्त्वाश्विभक्ता असवः कला वा तल्लब्धसंख्या गतशिञ्जिनी सा।
यातैष्यजीवान्तरशेषघातात् तत्त्वाश्विलब्ध्या सहितेप्सिता स्यात् ॥३२॥

(सि. शि. स्पष्टाधिकार ११ श्लोक)

[इष्ट चापलाई कला बनाउनू, इष्ट कला* आउँछन्। इष्ट कलालाई २२५ ले भाग लिई पूर्णाङ्क लब्धि लिनू, सो लब्धि गतज्याको संख्या हुन्छ (८ सारणीमा)। सो संख्याको ज्या गतज्या हुन्छ। शेषचाहिं शेषकला कहाउँछ। गतज्यापछि लगत्तै आउने ज्या एष्यज्या हुन्छ। गतज्या र

---

* परिधिमा २१६०० कला हुन्छन् (२ प्रक्रम)। १ दिनमा ६० घडी, १ घडीमा ६० पला, १ पलामा ६ असु हुन्छन् (सि. शि. कालमानाध्याय १७–१८ श्लोक)। यस कारण १ दिन = ६० × ६० × ६ = २१६०० असु हुन्छन्। यस कारण वृत्तको परिधिको कलाको संख्या र अहोरात्रको असुको संख्या बराबर हुन्छ। अर्थात् वृत्तलाई घट्यादिरूपमा भाग लाउँदा असु कलारूपमा बस्न आउंछ। यस कारण भास्करले कला र असुलाई तुल्य मानी कला अथवा असुलाई २२५ ले भाग लिनू भनी बोलेका छन्।

एष्यज्याको अन्तरले शेषकलालाई गुनी गुणनफललाई २२५ ले भाग लिनू, लब्धि ज्याशेष कहाउँछ। ज्याशेषलाई गतज्यामा जोडिदिनू, इष्ट चापको ज्या हुन्छ । ]

उदाहरण—२४ अंशको ज्या ल्याऊ ।

$२४° = २४ \times ६०' = १४४०' =$ इष्टकला

२२५)१४४०(६ लब्धि
 १३५०
 ———
 ९० शेषकला

यस कारण एष्यज्या = सातौं ज्या = १५२१
गतज्या = छैटौं ज्या = १३१६
ज्यान्तर = २०५
} ८ सारणीबाट

$\therefore$ ज्याशेष $= \dfrac{९० \times २०५}{२२५} = ८२$

$\therefore$ इष्ट ज्या = गतज्या + ज्याशेष = १३१६ + ८२ = १३९८

## १७ प्रश्नमाला

तलका चापका ज्या ल्याऊ—

| | | |
|---|---|---|
| (१) ५ अं | (२) १० अं | (३) १८ अं |
| (४) २० अं | (५) २५ अं | (६) ३५ अं |
| (७) ४० अं | (८) ५० अं | (९) ५५ अं |
| (१०) ६५ अं | (११) ७० अं | (१२) ८० अं |
| (१३) ८५ अं | (१४) २७ अं ५० क | (१५) ६४ अं १९ क |

## उत्तर

| | | | |
|---|---|---|---|
| (१) ३०० | (२) ५९७ | (३) १०६२ | (४) ११७५ |
| (५) १४५३ | (६) १९७१ | (७) २२०९ | (८) २६३३ |
| (९) २८१५ | (१०) ३११४ | (११) ३२२९ | (१२) ३३८४ |
| (१३) ३४२४ | (१४) १६०५ | (१५) ३०९७ | |

३३ प्रक्रम—

इष्ट ज्या थाहा पाई इष्ट चाप ल्याउने रीति ।

२४ चित्रमा पू च चाप ( ३० अंश )को ज्या च अ (=१७१९), पू ज चाप (३३ अं ४५ क)को ज्या ज ग ( =१९१० ) तथा इष्ट अंशको ज्या इक ( =१८२१ ) थाहा पाई पू इ इष्ट चाप ल्याउनुपरेको छ ।

इ त=इ क-त क=इ क—च अ=१८२१-१७१९=१०२

माथि जस्तै अनुपात गर्दा—

ज द : ज च : : इ त : इ च

$$\therefore \text{इ च} = \frac{\text{ज च} \times \text{इ त}}{\text{ज द}} = \frac{२२५ \times \text{ज्याशेष}}{\text{ज्यान्तर}} = \frac{२२५ \times १०२}{१९१}$$

=१२०·१५७=१२० (आसन्न) शेषकला

= २°

∴ पू इ=पू च+च इ = ३०° + २° = ३२°

यस कारण इष्ट चाप = ३२°

यस रीतलाई भास्करले तलको सूत्रको रूपमा बोलेका छन्—

**ज्यां प्रोज्झ्य तत्त्वाश्विहतावशेषं यातैष्यजीवाविवरेण भक्तम् ।**
**जीवा विशुद्धा यतमात्र तद्घ्नैस्तत्त्वाश्विभिस्तत् सहितं धनुः स्यात् ।।३३।।**

( सि. शि. स्पष्टाधिकार १२ श्लोक)

[ इष्ट ज्याबाट घट्न सक्ने सबभन्दा ठूलो ज्या घटाउनू ( ८ सारणी ) । शेष ज्याशेष कहाउंछ । घटेको ज्या गतज्या, गतज्याको लगत्तै आउने ज्या एष्यज्या हुन्छ। ज्याशेषलाई २२५ ले गुनी गतज्या र एष्यज्याको अन्तरले भाग लिनू , आएको लब्धि शेषकला कहाउंछ। जति संख्याको ज्या घटेको छ, त्यो संख्यालाई २२५ ले गुनी गुणनफलमा शेषकला जोड्नू, इष्टकला आउंछन् । इष्ट-कलालाई अंशादि बनाउनू , इष्ट चाप हुन्छ । ]

उदाहरण—ज्या १३९८ भए चाप कति होला ?

इष्ट ज्या = १३९८

छैटौं ज्या = १३१६ ... ... ... ( ८ सारणीबाट )

ज्याशेष = ८२

ज्यान्तर = एष्यज्या—गतज्या = १५२१-१३१६ = २०५

$\therefore$ शेषकला $= \frac{८२ \times २२५}{२०५} = ९०$

गतज्याको संख्या = ६

$\therefore$ इष्ट कला $= ६ \times २२५ + ९० = १३५० + ९० = १४४०$

$\therefore$ इष्ट चाप $= १४४०' = २४°$

## १८–प्रश्नमाला

तलका ज्याका चाप ल्याऊ–


| | | |
|---|---|---|
| (१) ७३० | (२) १०२० | (३) १०६२ |
| (४) १६०४ | (५) २९०६ | (६) ३४२३ |
| (७) १७३६ | (८) ३१४१ | (९) ३२१८ |
| (१०) ३३६६ | (११) ८४० | (१२) ९८८ |

## उत्तर

| | | | |
|---|---|---|---|
| (१) १२ अं ९६ क | (२) १७ अं १६ क | (३) १८ अं | (४) २७ अं ४९ क |
| (५) ५७ अं ४५ क | (६) ८४ अं ५३ क | (७) ३० अं २० क | (८) ६६ अं ५ क |
| (९) ६९ अं २८ क | (१०) ७८ अं १९ क | (११) १४ अं ९ क | (१२) १६ अं ४३ क |

३४ प्रक्रम—

भिन्न भिन्न त्रिज्यामा इष्ट अंशको ज्या भिन्न भिन्न हुन्छ भन्ने कुरो ७ प्रश्नमालाबाट बुझिन्छ। सो कुरो माथिनै गणितबाट देखाइएको छ तापनि क्षेत्रद्वारा त्यस विषयमा यहाँ विचार गरी ३४३८ त्रिज्यामा आएका ज्यालाई अरू अरू त्रिज्यामा परिणत गर्ने रीति बताइन्छ।




[२५ चित्र]

के पू त्रिज्या ३४३८ हो। के पु त्रिज्या १००० हो। पू चा तथा पु च दुवै चाप३० अंशका हुन्। के पू त्रिज्यामा पूचा चापको ज्या चा आ १७१९ हुन्छ तथा के पु त्रिज्यामा पु च चापको ज्या च अ ५०० हुन्छ। (१० प्रक्रमबाट)।

के आ चा तथा के अ च यी दुवै सरलजात्य समानकोणक भएका हुनाले रेखागणित ६ अ. ४ प्र. अनुसार अनुपात गर्दा–

के चा : चा आ : : के च : च अ

$$\therefore \text{च अ} = \frac{\text{चा आ} \times \text{के च}}{\text{के चा}} = \frac{१७१९ \times १०००}{३४३८} = ५००$$

यसबाट ३४३८ त्रिज्यामा आएका ज्यालाई इष्ट त्रिज्यामा परिणत गर्नुपर्दा ती ज्यालाई इष्ट त्रिज्याले गुनी ३४३८ ले भाग लिनू, लब्धि इष्ट चापको ज्या हुन्छ भन्ने कुरो सिद्ध हुन्छ।

उदाहरण—३४३८ त्रिज्या भएमा ६० अंशको ज्या २९७७ हुन्छ भने १२० त्रिज्या भएमा कति होला ?

$$\text{१२० त्रिज्या भएमा ६० अंशको ज्या} = \frac{२९७७ \times १२०}{३४३८} = १०३\cdot९०९$$

$$= १०४ \text{ आसन्न}$$

**पूर्वाख्यायां साधिता त्रिज्यकायामिष्टा जीवा पश्चिमाख्यत्रिमौर्व्या।**
**निघ्नी पूर्वत्रिज्यया भाजिता चेदिष्टज्या स्यात् पश्चिमायां त्रिमौर्व्याम्। ३४।**

[ पहिलो त्रिज्यामा ल्याएको इष्ट अंशको ज्यालाई दोस्रो त्रिज्यामा परिणत गर्नुपरेमा सो इष्टज्यालाई दोस्रो त्रिज्याले गुनी पहिलो त्रिज्याले भाग लिनू। आएको लब्धि दोस्रो त्रिज्याअनुसारको इष्ट अंशको ज्या हुन्छ। ]

उदाहरण— १ त्रिज्या भएमा २० अंशको ज्या कति होला ?

$२०^\circ = २० \times ६०' = १२००'$

२२५)१२००( ५ लब्धि
११२५
———
७५ शेषकला

$$\left.\begin{array}{r}\text{यस कारण एष्य ज्या} = \text{छैटौं ज्या} = १३१६ \\ \text{गत ज्या} = \text{पाँचौं ज्या} = ११०५ \\ \text{ज्यान्तर} = २११\end{array}\right\} \text{ ८ सारणीबाट}$$

$$\therefore \text{ज्याशेष} = \frac{७५ \times २११}{२२५} = \frac{२११}{३} = ७०\cdot३३\dot{३}\cdots = ७० \text{ आसन्न}$$

$\therefore$ इष्ट ज्या $= ११०५ + ७० = ११७५$

यस कारण ३४३८ त्रिज्या भएमा २० अंशको ज्या ११७५ हुन्छ।

यसलाई १ त्रिज्यामा परिणत गर्दा—

$$२०^\circ \text{ को ज्या} = \frac{११७५ \times १}{३४३८} = \cdot३४१७६\ldots\ldots = \cdot३४२ \text{ (आसन्न)}$$

## १९–प्रश्नमाला

(१) १२० त्रिज्या भएमा ०, १०, २०, ३०,.........९०अंश सम्मका ज्या ल्याऊ ।

(२) १ त्रिज्या भएमा ०, ५, १०, १५,......... ९० अंशसम्मका ज्या ल्याऊ ।

## उत्तर

(१) ०, २१, ४१, ६०, ७७, ९२, १०४, ११३, ११८, १२० ।❁

(२) ·०००, ·०८७, ·१७४, ·२५९, ·३४२, ·४२३, ·५००, ·५७३, ·६४३, ·७०७, ·७६६, ·८१९, ·८६६, ·९०६, ·९३९, ·९६६, ·९८४, ·९९६, १·००० ।+

[ क्रमशः ]

---

❁ भास्करले ३४३८ त्रिज्या हुँदा आउने ज्यालाई 'बृहज्ज्या' तथा १२० त्रिज्या हुँदा आउने ज्यालाई लघुज्या भनी नाम दिएका छन् । १२० त्रिज्या हुँदा आउने ज्याका अन्तरलाई भास्करले तलको श्लोकमा दिएका छन्—

| अंश | ज्या | अन्तर |
|---|---|---|
| ० | ० | |
| | | २१ |
| १० | २१ | |
| | | २० |
| २० | ४१ | |
| | | १९ |
| ३० | ६० | |
| | | १७ |
| ४० | ७७ | |
| | | १५ |
| ५० | ९२ | |
| | | १२ |
| ६० | १०४ | |
| | | ९ |
| ७० | ११३ | |
| | | ५ |
| ८० | ११८ | |
| | | २ |
| ९० | १२० | |

रूपाश्विनो विंशतिरङ्कचन्द्रा
अत्यष्टितिथ्यर्कनवेषुदस्राः ।
ज्याखण्डकानि............ ।।

(सि. शि. स्पष्टाधिकार १३ श्लोक)

[ २१, २०, १९, १७, १५, १२, ९, ५, २ यी ज्याखण्ड (अन्तर) हुन् ।]

+ वेङ्कटेश केतकरले १ त्रिज्या भएमा आएका दशमलव तीन स्थानसम्मका ज्यालाई 'बृहज्ज्या' तथा दशमलव दुइ स्थानसम्मका ज्यालाई 'लघुज्या' नाम राखी तलको कुरो बोलेका छन्—

[मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् ।]

खमश्वोरगा वेदसप्तेन्दवो वै नवाक्षाश्विनो द्व्यब्धिरामास्तदग्रे ।
त्रिपक्षाब्धयः पञ्चशत्योऽब्धिसप्तेषवो रामवेदर्तवोऽश्वाभ्रशैलाः ।।
षडङ्गाद्रयोऽङ्केन्दुनागाः षडङ्गोरगाः षट्खनन्दाः खवेदग्रहाश्च ।
षडङ्गग्रहाः पञ्चनागग्रहाः षण्नवाङ्काः सहस्रं सहस्रांशजीवाः ।।
खं नन्दाः सप्तचन्द्रास्तदनु रसकरा वेदरामा द्विवेदाः
पञ्चाशत् सप्तबाणास्तदनु युगरसा भूनगाः सप्तशैलाः ।
पक्षेभाः सप्तनागा उडुपतिनिधयो वेदनन्दा हयाङ्का
नागाङ्काः सार्धगोऽङ्काः शतमिति च शतांशात्मिकाः स्युर्भुजज्याः ।।

(केतकीग्रहगणित त्रिप्रश्नाधिकार ११–१३ श्लो.)

| अंश | बृहज्ज्या | लघुज्या | अंश | बृहज्ज्या | लघुज्या |
|---|---|---|---|---|---|
| ० | ·००० | ·०० | ५० | ·७६६ | ·७७ |
| ५ | ·०८७ | ·०९ | ५५ | ·८१९ | ·८२ |
| १० | ·१७४ | ·१७ | ६० | ·८६६ | ·८७ |
| १५ | ·२५९ | ·२६ | ६५ | ·९०६ | ·९१ |
| २० | ·३४२ | ·३४ | ७० | ·९४०* | ·९४ |
| २५ | ·४२३ | ·४२ | ७५ | ·९६६ | ·९७ |
| ३० | ·५०० | ·५० | ८० | ·९८५* | ·९८ |
| ३५ | ·५७४* | ·५७ | ८५ | ·९९६ | ·९९५ |
| ४० | ·६४३ | ·६४ | ९० | १·००० | १०० |
| ४५ | ·७०७ | ·७० | | | |

३४ प्रक्रमअनुसार अनुपात गरी दोस्रो प्रश्नको उत्तर ल्याइएका छन् । दशमलव २ स्थान सम्म ( केतकरका लघुज्या ) यसबाट मिल्न आएका छन् । दशमलवको तेस्रो स्थानमा ( केतकरको बृहज्ज्यामा ) १/१००० अंश कहीं कहीं ( *यस्तो चिह्न दिएको ठाउंमा) फरक पर्न गएको छ । यस्ता ठाउंमा सूक्ष्मताको लागि अन्तर्न्यासपद्धति गर्नु पर्छ भनी भास्करले बोलेका छन् ( सि. शि. स्पष्टाधिकार १५–१७ श्लोक. ) । अहिले देखिएको १/१००० अंशको अन्तर पनि अन्तर्न्यासपद्धतिबाट हट्न जान्छ । यस विषयमा विस्तारपूर्वक हामी पछि लेख्नेछौं ।

८५ अंशको लघुज्यामा "आधाभन्दा बढ्ता भए १ लिनू" भन्ने नियमको अनुसरण गरेमा ९० अंशको ज्या र ८५ अंशको ज्यामा फरक नदेखिने हुनाले सो देखाउन केतकरले ८५ अंशको ज्या साढे उनान्शय हुन्छ भनी बोलेका छन् ।

## साँगाको शिलालेखको परिचय

यो शिलालेख 'पूर्णिमा' को यही अङ्कको ९–१० पृष्ठमा छापिएको छ। यस शिलालेखको अर्धचन्द्राकार शिरोभागमा दायाँ बायाँ दुइटा चक्र, बीचमा घण्टा, बञ्चरो, त्रिशूल कुँदिएका छन्। यस अभिलेखमा उठानका र अन्त्यका केही अक्षरबाहेक अरू सबै अक्षर प्राय स्पष्ट छन्। अभिलेख रहेको भाग ३५ अङ्गुल लम्बा १९ अङ्गुल चौडा छ।

—०—

## 'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल' निबन्धमा परेका तिथिमितिको गणना

१२ पृष्ठमा—

ने. सं. ५०५ (वि. सं. १४४२) श्रावणशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| श्रावण | २३ | बृहस्पति | त्रयोदशी | ५० ।५९ | पूर्वाषाढा | ४७।५८ |

१६ पृष्ठमा—

ने. स. ४६६ (वि. सं. १४०३) आश्विनशुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आश्विन | १८ | शनैश्चर | प्रतिपदा | ५६। ६ |

यहाँ मूलमा आदित्यवार दिइएको छ। तर गणना गरी हेर्दा यस दिन आदित्यवार पर्दन शनिवार पर्छ।

२० पृष्ठमा—

ने. सं. ४७३ ( वि. सं. १४१० ) आश्विनशुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| कार्तिक | १३ | शुक्र | त्रयोदशी | ३५। ४ |

२१ पृष्ठमा—

ने. सं. ४५२ ( वि. सं. १३८९ ) आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण)

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| कार्तिक | ८ | सोम | प्रतिपदा | ४७। ३० |

२६ पृष्ठमा—

ने. सं. ४९४ (वि. सं. १४३१) आश्विनशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| आश्विन | १४ | मङ्गल | षष्ठी | २७। २६ | ज्येष्ठा | ४८।२३ |

ने. सं. ४९५ ( वि. सं. १४३२ ) ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| ज्येष्ठ | १६ | शुक्र | दशमी | ३१।५५ | उत्तरफाल्गुनी | १३।५१ |

ने. सं. ४९८ ( वि. सं. १४३४ ) फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण)

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | २० | आदित्य | प्रतिपदा | १२।३३ | उत्तरफाल्गुनी | ५२।२७ | शूल | ४९।२७ |

२८ पृष्ठमा—

ने. सं. ५१३ (वि. सं. १४४९) कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण)

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| मार्ग | १५ | मङ्गल | द्वादशी | २५।१३ |

२९ पृष्ठमा—

ने. सं. ५१४ ( वि. सं. १४५० ) माघशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| माघ | १३ | बृहस्पति | षष्ठी | २६।५६ | रेवती | ४६।४२ | सिद्धि | २९।१८ |

३० पृष्ठमा—

ने. सं. ५१६ ( वि. सं. १४५२ ) कार्तिकशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| कार्तिक | २१ | बुध | षष्ठी | ३३।११ | पूर्वाषाढा | २।४८ | धृति | ०।४६ |

यसको मूलमा धृति उप्रान्त गण्ड योग दिइएको छ। परन्तु त्यो अशुद्ध हो । धृति उप्रान्त शूल हुनुपर्छ ।

३१ पृष्ठमा—

ने. सं. ५१७ ( वि. सं. १४५३ ) माघशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| माघ | ११ | शनैश्चर | सप्तमी | २७।१४ | अश्विनी | ४।१० | साध्य | ५२।१६ |

यसको मूलमा शुभ योग दिइएको छ । परन्तु यस दिन शुभ योग पर्न आउँदैन ।

३२ पृष्ठमा—

ने. सं. ४८४ ( वि. सं. १४२१ ) ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | १८ | सोम | द्वादशी | ४०।३६ | चित्रा | २१।३० | वरीयान् | ४८।३४ |

ने. सं. ५२५ ( वि. सं. १४६२ ) अधिक आषाढशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प, | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १५ | आदित्य | पूर्णिमा | १६।४९ | उत्तराषाढा | ३।१३ | प्रीति | १९।१६ |

*३६ पृष्ठमा—*

ने. सं. ५०२ ( वि. सं. १४३९ ) आषाढशुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| आषाढ | २५ | शनैश्चर | दशमी | २८।१३ | स्वाति | १४।६ | साध्य | ५६।१४ |

[ यी गणना शङ्करमान राजवंशीले गरिदिनुभएको हो । यिनमा नालाको अभिलेखको गणना देवीप्रसाद भण्डारी र भोलानाथ पौडेलले पनि गरिदिनुभएको छ । ]

—०—

# हाम्रो वक्तव्य

नेपालको शुद्ध र सर्वाङ्गपूर्ण इतिहास तयार होस् भन्ने उद्देश्य लिई केही वर्षदेखि हामीले सकभर काम गर्दै आएका छौं। ऐतिहासिक सामानहरू खोजी, गहिरिएर पढी इतिहास लेख्ने पद्धति हाम्रो यहाँ राम्ररी नबसेको हुँदा नेपालको इतिहाससम्बन्धी पुस्तकहरूमा अशुद्धिहरू धेरै रहन गएका छन्। आफ्नो उद्देश्यपूर्तिका लागि यस्ता अशुद्धि, भ्रमहरू प्रमाणद्वारा निराकरण गर्नु आवश्यक हुँदा हामीहरूले इतिहास–संशोधनहरू निकाल्न थाल्यौं। हाम्रो यहाँ जानाजान इतिहासमा भ्रम फैलाउने दुश्चेष्टाहरू पनि बराबर भएका हुँदा त्यस्ताको विरोध गर्नाका लागि अवस्था हेरी इतिहास–संशोधनहरूले कडा आलोचनाको बाटोमा पनि हिंड्नुपरे तापनि नभएको दोष लाउने, तानतुन पारी बङ्ग्याउने आदि कुरा हामीले कदापि गरेका छैनौं। नेपालको शुद्ध र सम्पूर्ण इतिहास तयार पार्ने उद्देश्य अगाडि राखी हामीले सधैं निष्पक्ष भई संशोधन गर्दै आएका छौं। हामीहरू आफ्ना अशुद्धि थाहा पाउनासाथ संशोधन गरिहाल्छौं।

यस्तो परिपाटीमा हामीले काम गर्दै आएका हुनाले हामीले लेखेका कुरा ठीक भए तिनको मण्डन र बेठीक भए खण्डन होस् भन्ने माग हामीले उठानैदेखि गर्दै आएका छौं। यस कारण हामी अरूबाट भएको हाम्रो लेखको निष्पक्ष आलोचनाको स्वागत गर्दछौं।

परन्तु केही काल यता हामीले लेखेका कुरालाई तानतुन पारी बङ्ग्याइदिने, उल्टाउने चेष्टा पनि बराबर भइरहेका छन्। यस्ता कुराको चाहिं हामीहरूले सावधानपत्रहरूद्वारा र पूर्णिमाको यस 'हाम्रो वक्तव्य' प्रकरणद्वारा विरोध गर्दै आएका छौं। कसैले त हामीले लेखेको कुरा बुझ्दै नबुझी खण्डन गर्ने रहर गरेको पनि देखिएको छ। यसको एउटा उदाहरणको विचार यहाँ गर्नु-परेको छ।

श्रीजगदीशचन्द्र रेग्मी एम.ए. ले वि. सं. २०२२।४।३२।२ को गोरखापत्रमा " नेपालका प्राचीन अभिलेखका केही विशेष शब्दहरू " भन्ने निबन्ध प्रकाश गर्नुभएको छ। त्यसमा 'अधिकरण' शब्दको अर्थ विषयको चर्चा गर्दै उहाँ लेख्नुहुन्छ––

" अधिकरण शब्दको 'अड्डा' नै अधिक उचित अर्थ हुन सक्ने हुनाले दिल्लीरमण रेग्मीज्यूको मत उचित जस्तो लाग्दछ। हुनत श्रीधनवज्र वज्राचार्य र श्रीज्ञानमणि नेपाल अधिकरण शब्दको अर्थ 'अदालत' को रूपमा लिनुहुन्छ ( संस्कृत–सन्देश, २ वर्ष १. २, ३ संयुक्ताङ्क. पृ. ४ )। अधिकरण शब्दको 'अदालत' अर्थ सीमित हुन्छ। अदालत आधुनिक अर्थमा न्यायालयको अर्थ-बोधक हुने भएकोले र अभिलेखको प्रसङ्गको विरुद्ध जाने हुनाले वज्राचार्य र नेपालज्यूको मत त्यति सत्यको निकट छैन।"

यहाँ श्रीजगदीशचन्द्र रेग्मीले, संस्कृत–सन्देश २।१–२–३ मा प्रकाशित पशुपति गणेशस्थान-निरको अंशुवर्माको अभिलेखमा प्रयुक्त 'अधिकरण' शब्दको 'अदालत' भन्ने अर्थ किन लेखियो भन्ने कुरा बुझ्दै नबुझी सो अशुद्ध भयो भनी आलोचना गर्नुभएको छ ।

'अधिकरण' शब्दले साधारण अड्डालाई पनि बुझाउँछ । अदालत (न्यायालय) भन्ने ठेठ अर्थमा पनि 'अधिकरण' शब्दको प्रयोग हुन्छ । यस कारण अधिकरण शब्दको अरू भाषामा अनुवाद गर्दा प्रसङ्ग मिलाई गर्नु पर्छ । उदाहरणार्थ शूद्रक कविको 'मृच्छकटिक' को वर्णनलाई लिऔं । मृच्छ-कटिकको नवौं अङ्कमा चारुदत्तउपर शकारले लाएको मुद्दा छिनेको विस्तृत वर्णन परेको छ । त्यहाँ अदालत (न्यायालय) भन्ने अर्थमा 'अधिकरण' शब्दको प्रयोग गरिएको छ, मुद्दा छिन्ने हाकिमलाई 'अधिकरणिक' भनिएको छ । प्रमाणको लागि त्यहाँका अलिकता वाक्य यहाँ उद्धृत गरिन्छन् ।

"शकारः– ···भवतु, अधिकरणमण्डपं गत्वाऽग्रतो व्यवहारं लेखयिष्यामि, यथा चारुदत्तेन वसन्तसेना मोटयित्वा मारिता ...

(ततः प्रविशति श्रेष्ठिकायस्थादिपरिवृतोऽधिकरणिकः)

अधिकरणिकः– भद्र शोधनक ! बहिर्निष्क्रम्य ज्ञायताम्, कः कः कार्यार्थी, इति... ... ... ...कथं प्रथममेव राष्ट्रियश्यालः कार्यार्थी ?... भद्र ! निष्क्रम्योच्यताम्–गच्छाद्य, न दृश्यते तव व्यवहारः' इति"

[शकार– भँगो, चारुदत्तले वसन्तसेनालाई घाँटी निमोठेर मार्‍यो भनी अदालतमा गएर पहिले मुद्दा दर्ता गराउँछु···।

(त्यसपछि श्रेष्ठी र कायस्थ [कारिन्दा]हरूसाथ अधिकरणिक [अदालतका हाकिम] पस्छन् ।)

अधिकरणिक– शोधनक ! बाहिर गई हेर त, मुद्दाको कार्वाइको लागि को को आएका छन् ।...हँ पहिले नै राजाका साला मुद्दाको लागि आएका छन् ?...शोधनक, आज तपाईंको मुद्दा हेरिंदैन भनी बाहिर गएर भनिदेऊ ।]

यहाँ ठीक 'अदालत' भन्ने अर्थमा 'अधिकरण' शब्दको प्रयोग भएको छ । भास कविको 'स्वप्नवासवदत्त' मा अदालतले जस्तै निर्णय दिन सक्ने साक्षीलाई कहंदा पनि 'अधिकरण' शब्दको प्रयोग गरिएको छ । जस्तै–

"राजा– निर्यातय पद्मावति ! साक्षिमन्न्यासो निर्यातयितव्यः । इहात्रभवान् रैभ्यः, अत्रभवती चाधिकरणं भविष्यतः ।"

(छैटौं अङ्कबाट)

[राजा– फिर्ता गर पद्मावती !, नासो फिर्ता गर्दा साक्षी राखेर फिर्ता गर्नुपर्छ । यहाँ रैभ्य र यहाँ धाईआमा यस विषयमा अधिकरण (पछि काँचिगल उठ्यो भने अदालतले झैं सो मुद्दा छिन्न सक्ने साक्षी) हुनुहुनेछ ।]

यी अलिकता उदाहरणबाट आजकालको अदालत (न्यायालय) भन्ने अर्थमा पनि 'अधिकरण' शब्दको प्रयोग हुन्थ्यो भन्ने स्पष्ट थाहा पाइन्छ ।

पशुपति गणेशस्थाननिरको माथि उल्लिखित अंशुवर्माको अभिलेखमा शूरभोगेश्वर, लडितमहेश्वर, दक्षिणेश्वरसम्बन्धी काम कुरामा कचिङ्गल उठ्यो भने सो मुद्दा हेर्ने अधिकार पश्चिमाधिकरणबाट झिकिएको र सोझै राजाबाट भित्री इजलासमा सो मुद्दा हेरिनेछ भन्ने भाव परेको हुँदा पश्चिमाधिकरणको काम मुद्दा मामिला हेर्ने पनि रहेछ भन्ने देखिन्छ । त्यसो हुँदा त्यहाँ प्रयुक्त 'पश्चिमाधिकरण' को अर्थ 'पश्चिमतर्फको अदालत' भन्ने गरिएको हो । प्रमाणको लागि सो शिलालेखको केही अंश यहाँ उद्धृत गर्नुपरेको छ—

"...कैलासकूटभवनाद्...श्र्यंशुवर्मा कुशली पश्चिमाधिकरणवृत्तिभुजो वर्त्तमानान् भविष्यतश्च यथा-र्हङ् कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवताम्पशुपतौ भगवाञ्शूरभोगेश्वरोस्मद्भगिन्या श्रीभोग-वर्म्मजनन्या भोगदेव्या स्वभर्तू राजपुत्रशूरसेनस्य पुण्योपचयाय प्रतिष्ठापितो यश्च तद्दुहित्रास्मद्भागनेय्या भाग्यदेव्या प्रतिष्ठापितो लडितमहेश्वरो यश्चै तत्पूर्वजैः प्रतिष्ठापितो दक्षिणेश्वरस्तेषामधःशालापाञ्चा-लिकेभ्यः प्रतिपालनायातिसृष्टानामस्माभिः पश्चिमाधिकरणस्याप्रवेशेन प्रसादः कृतो यदा च पाञ्चा-लिकानां यत्किञ्चन कार्यमेतद्गतमुत्पत्स्यते यथाकालं नियमितं वस्तु परिहापयिष्यन्ति तदा स्वयमेव राजभिरन्तरासनेन विचारः करणीयः...।"

[ ...कैलासकूट भवन (दरबार) बाट... (गाथमा) आराम रहेका श्रीअंशुवर्माले अहिले बहाल रहेका र पछि बहाल हुनेसमेत पश्चिमतर्फको अदालतका वृत्ति खाने (जागीरदार) हरूलाई यथोचित कुशल मंगल सोधेर आज्ञा गर्नु भएको छ । "हाम्री बहिनी भोगवर्माकी मुमा भोगदेवीले आफ्ना पति राजकुमार शूरसेनको पुण्यको बढिबढाउका लागि पशुपतिमा स्थापना गरिएका शूरभोगेश्वर, उनकी छोरी हाम्री भाञ्जी भाग्यदेवीले स्थापना गरिएका लडितमहेश्वर र उनका पुर्खाले स्थापना गरिएका दक्षिणेश्वरसमेतको बरबन्दोबस्तको काम तल्लो घरका पाञ्चालिकहरूलाई सुम्पिएको हुनाले (त्यहाँ) पश्चिमतर्फका अदालतको अधिकार छुटाएर हामीबाट निगाहा गरिएको छ । अहिले पाञ्चालिकहरूको यसबारेमा केही मुद्दा पर्ला अथवा तिनीहरू बखत बखतमा गर्नुपर्ने कामलाई छोडाउनन्, त्यस वेला आफैं राजाबाट भित्री इजलासमा त्यसको विचार गर्नुपर्छ भन्ने कुरा तिमीहरूलाई थाहा होओस् ।... ]

यहाँ अभिलेखको प्रसङ्ग नहेरी 'पश्चिमाधिकरण' को अर्थ 'पश्चिमतर्फको अड्डा' भन्ने गरिएको भए त्यसबाट वास्तव अर्थ खुल्ने थिएन । यस कारण यहाँ 'अधिकरण' शब्दको अर्थ 'अदालत' भन्ने नै उचित छ भन्ने स्पष्ट छ ।

'अधिकरण' शब्दको 'अड्डा' भन्ने अर्थ बुझाउने ठाउँमा हामीले 'अधिकरण' को अर्थ 'अड्डा' भन्ने नै गरेका छौं । जस्तै—

"...भट्टारकमहाराजश्रीवसन्तदेवः कुशली...र्व्वधिकरणेषु...कु (श—
लमाभाष्य समाज्ञापयति) ... "

[...गाथमा कुशल रहेका महाराजाधिराज श्रीवसन्तदेवबाट...अड्डाहरूमा... (रहेकाहरूलाई) कुशल मङ्गल सोधेर आज्ञा भएको छ। ]

( संस्कृत–सन्देश १ वर्षको नवौं दशौं अङ्क हेर्नुहोस् )

यति कुराबाट श्रीजगदीशचन्द्र रेग्मीले हामीले लेखेको कुरा बुझ्दै नबुझी त्यसको खण्डन गर्न पुग्नुभएको स्पष्ट बुझिन्छ।

यसरी कुरै नबुझी खण्डन गर्न पुग्दा विद्वत्समाजमा उपहास हुने हुँदा अबदेखि श्रीरेग्मीज्यूले हाम्रो लेखको खण्डन गर्नतिर लाग्नुभन्दा पहिले सो राम्ररी बुझ्नुहोला भन्ने सल्लाह हामी उहाँलाई र उहाँका गुरुहरूलाई दिन्छौं।

तुष्यन्तु सुजना बुद्ध्वा विशेषान् मदुदीरितान् ।
अबोधेन हसन्तो मां तोषमेष्यन्ति दुर्जनाः ॥५॥

सुजना इति विशेषणं किम्। यतो दुर्जनाः स्वतस्तोषमेष्यन्ति। यदा दुर्जना मदुक्तान् विशेषान् द्रक्ष्यन्ति तदा तानज्ञात्वा दौर्जन्येन प्रच्छन्नमतयो विशेषार्थान् न बुध्यन्ति। तेनाबोधेन मदुक्तिमेव विरुद्धां मन्यमानाः सहर्षाः किं तेन कविना विरुद्धमुक्तमिति मामेव हसन्तस्तोषमेष्यन्ति। नहि तोषं विना हास्यमुत्पद्यत इति भावः ॥५॥

(भास्कराचार्यका सिद्धान्तशिरोमणि, ग्रहगणित, कालमानाध्याय)

[सज्जनहरू मैले बताएका विशेष कुरा बुझेर खुशी हुनुहोला। दुर्जनहरूचाहिं दौर्जन्यले बुद्धि ढाकिएका हुँदा मैले बताएका विशेष कुरा नबुझी 'यिनले अशुद्ध लेखे' भनी मेरो उपहास गरी आफैं खुशी हुनेछन् ]

का. मे. अ. द. नं १५५/२४९

कार्यालय–
संशोधन-मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२२ कार्तिक–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ५ ।
(डाँकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २ ।

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं